सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ पुस २०८०, बिहीबार (21 Dec 2023, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २४१ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

दलहरूको अनुकूलतामा चल्छ सार्वभौम संसद्

दलका बैठक र कार्यक्रमका लागि पटक-पटक संसद् स्थगित गरिँदै आएको छ। यस्तो परिपाटीले कानुन निर्माण नै ठप्पप्रायः छ। प्रतिनिधिसभाको १८० दिनको बर्खे अधिवेशनमा ६२ बैठक मात्रै बसे, कानुन जम्मा एउटा मात्रै बन्यो।

संसद्का पूर्वमहासचिव सूर्यकिरण

गुरुङ भन्छन्- सभामुखले दलको कार्यक्रम हेरेर सदन चलाउने होइन



सभामुखले दलको कार्यक्रम हेरेर सदन चलाउने होइन, बिजनेस हेरेर चलाउने हो। फलानो दलको यो छ भनेर हिँड्यो भने त सदनको मर्यादा घटाउने काम हुन्छ। संसद्को गरिमामा आँच आउन लाग्यो भने कार्यव्यवस्थामा छलफलको विषय बनाउनुपर्छ। यहाँ त अधिवेशन चलेको वेला नै सभामुख र अध्यक्षले विदेश भ्रमण गर्छन्। औचित्यहीन भ्रमणका लागि संसद् स्थगित गरिदिने परिपाटी छ।

जसपा प्रमुख सचेतक प्रदीप यादव

भन्छन्- ठूला दलको बैठकका लागि सभामुखले संसद् स्थगित गरिदिनुहुन्छ



ठूलाठूला दलले पार्टीको बैठक छ भनेपछि सभामुखले सदन स्थगित गरिदिनुहुन्छ। दलहरूले सदनको कामकारबाही प्रभावित हुने गरी बैठक राख्नै हुँदैन। सदनको समय मिलाएर राख्नुपर्ने हो। तर, अहिले सभामुखले ठूलो पार्टीको सजिलोका लागि सदन नै बन्द गरिदिने स्थिति छ।

कमलराज भट्ट/नयाँ पत्रिका

कानुन निर्माणको अभिभारा बोकेको सार्वभौम संसद् दलहरूको अनुकूलतामा चल्दै आएको छ। दलहरूले चाहनेबित्तिकै संसद् बैठक स्थगित गरिने परिपाटीले कानुन निर्माण नै ठप्पप्रायः बनेको छ। परिणामतः प्रतिनिधिसभाको १८० दिनको बर्खे अधिवेशनमा ६२ दिन मात्रै बैठक बस्दा बजेट पारितबाहेक मिटरब्याजसम्बन्धी एउटा मात्रै कानुन बनेको छ।

कानुन निर्माणको एजेन्डा पन्छाएर सभामुखले

» पृष्ठ ११ मा क्रमशः



■ एक वर्षमा बन्यो एउटा मात्रै कानुन

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान कार्यान्वयनका लागि अझै अति आवश्यक ३९ कानुन बन्न बाँकी छ। तर, कानुन निर्माणको अभिभारा बोकेर प्रतिनिधिसभा पुगेका सांसदको गति यति सुस्त छ कि सिंगो एक वर्षमा मिटरब्याजसम्बन्धी एउटा कानुन मात्रै बनाएका छन्। संसद्मा आएर पनि सांसद पार्टीकै काममा बढी व्यस्त हुँदा कानुन निर्माण अल्झिएको हो।

गत वर्ष ४ मंसिरको चुनावबाट निर्वाचित भएका सांसदले ७ पुसमा पाँचवर्षे कार्यभार सम्हालेका थिए। यो अवधिमा एउटा बजेट आयो। बजेट विधेयक वार्षिक रूपमा नियमित हुने र विधेयकको निर्माण तथा संशोधनमा सांसदको प्रत्यक्ष भूमिका नहुने भएकाले यसलाई कानुन निर्माणको उपलब्धिका रूपमा हेरिँदैन। संसद्कै अध्ययनले संविधानलाई कार्यान्वयन गर्न मात्रै अति आवश्यक ३९ कानुन नबनेको देखाएको छ। प्रदेश र स्थानीय तहसँग सम्बन्धित साझा अधिकारका कानुन पनि संविधान निर्माणको आठ वर्षमा बन्न नसक्दा राज्यको सबै क्षेत्रमा असर परिरहेको छ। संविधान कार्यान्वयनसम्बन्धी मात्रै ३९ वटा कानुन बनाउनुपर्नेछ। अन्य कानुन पनि संशोधन गरेर समयानुकूल बनाउनु अति आवश्यक छ। तर, सदन नियमित चल्न नसक्दा राज्य सञ्चालन प्रभावकारी हुन सकेको छैन। संसद् सचिवालयका अनुसार प्रतिनिधिसभामा १९ र राष्ट्रिय सभामा तीन विधेयक विचाराधीन छन्। संसदीय समितिमा मात्रै १४ विधेयक लामो समयदेखि थन्किएका छन्। संसद्मा पर्याप्त बिजनेस भए पनि सांसदहरू भने पार्टीको कामलाई प्राथमिकतामा राखेर सदन छल्ने गर्छन्।

संसद् सचिवालयका पूर्वमहासचिव सूर्यकिरण गुरुङ सांसदहरूले विकास निर्माणमा बढी ध्यान दिँदा संसद्मा उपस्थिति कम भएको बताउँछन्। 'उहाँहरू (सांसद)ले आफ्नो भूमिका जनतालाई स्पष्ट गरिदिनुपर्‍यो। विकास निर्माण उहाँको काम होइन, किन हात हाल्ने ? विधायनको काम हो। सांसदले सडक आफैँ बनाउँदै हिँड्ने, कुलो खन्ने होइन नि। यसैकारण, संसद्मा ध्यान नदिएको हो। सांसदहरूले आफ्नो भूमिका स्पष्ट गरेर कानुन निर्माणमा केन्द्रित हुनुपर्छ। आत्मसमीक्षा गरेर मर्यादामा बस्नुपर्छ,' उनले भने।

कुन दलका सांसदको कस्तो उपस्थिति ?

बर्खे अधिवेशनको १८० दिनमा ६२ दिन मात्रै प्रतिनिधिसभाको बैठक बस्यो। जसमा कांग्रेसका ८८ सांसदमध्ये ४० मात्रै (४५%) ५० दिन (८०% समय) भन्दा बढी उपस्थित भए। त्यस्तै, आधाभन्दा बढी समय उपस्थित हुने ७२ र आधाभन्दा कम समय बैठकमा जाने १६ सांसद छन्। ७९ सांसद रहेका एमालेका भने ४९ सांसद (६२%) ५० दिनभन्दा बढी उपस्थित रहे। दुई निलम्बितबाहेक सबै सांसदको ५० प्रतिशतभन्दा बढी नै उपस्थिति छ। त्यस्तै, माओवादीका ३२ मध्ये २२ (६८%) सांसद ५० दिनभन्दा बढी सदनमा उपस्थित छन्। ५० प्रतिशतभन्दा बढी दिन उपस्थित हुने २८ सांसद छन्। त्यस्तै, रास्वपाका २१ मध्ये १४ (६६%) सांसद ८० प्रतिशतभन्दा बढी समय उपस्थित रहे भने बाँकी सबैको उपस्थिति ५० प्रतिशतभन्दा माथि नै छ। राप्रपाका १४ मध्ये १० (७१%) जना ८० प्रतिशतभन्दा बढी र बाँकी चारजना पनि ५० प्रतिशतभन्दा बढी उपस्थित भए। त्यस्तै, जसपाका १२ मध्ये ६ (५० %) को ८० प्रतिशत उपस्थिति छ, बाँकी ५० प्रतिशतभन्दा बढी उपस्थित छन्। एकीकृत समाजवादीका १० सांसदमध्ये चार सांसद (४०%) को उपस्थिति ८० प्रतिशत हुँदा बाँकी ६ सांसद करिब ४० प्रतिशत समय अनुपस्थित देखिन्छन्। ६ सदस्यीय जनमतका ५ (८३%) सांसदको ८० प्रतिशत उपस्थिति हुँदा एक सांसद ४० प्रतिशतभन्दा बढी अनुपस्थित छन्। लोसपाका दुई सांसद ८० प्रतिशतमाथि उपस्थिति हुँदा एकजना ५७ प्रतिशत र अर्का एक २८ प्रतिशत समय अनुपस्थित रहे। नागरिक उन्मुक्तिका पनि दुई सांसद ८० प्रतिशत, दुईजनाको ५० प्रतिशतमाथि उपस्थिति छ। स्वतन्त्रमध्ये तीनजनाको ८० प्रतिशत, बाँकी दुईजनाको ५० प्रतिशतभन्दा माथि उपस्थिति छ।

शीर्ष नेताको यस्तो उपस्थिति

कांग्रेस सभापति शेरबहादुर देउवा ६२ बैठकमध्ये १६ मा मात्रै उपस्थित भएका छन्। प्रधानमन्त्री पुष्पकमल दाहाल २५ दिन र एमाले अध्यक्ष केपी ओली ४४ दिन उपस्थित छन्। रास्वपा सभापति रवि लामिछाने ५२, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन ४४, जसपा अध्यक्ष उपेन्द्र यादव ४०, एकीकृत समाजवादी अध्यक्ष माधवकुमार नेपाल ३८, जनमत अध्यक्ष सिके राउत ३६ र लोसपा अध्यक्ष महन्थ ठाकुर ५२ दिन उपस्थित भएका छन्। डा. शेखर कोइराला र विश्वप्रकाश शर्मा ४२ दिन, आरजु राणा र गगन थापा २९ दिन, ज्ञानेन्द्र शाही ४७, जनार्दन शर्मा ४६, रमेश लेखक ४७ र पदम गिरी ४८ दिन उपस्थित भएका छन्।

यी १० सांसद सबै बैठकमा उपस्थित

सभामुख देवराज घिमिरे, कांग्रेसका अञ्जनी श्रेष्ठ, अम्बिका बस्नेत, रमा कोइराला पौड्याल र संगीता मण्डल धानुक, एमालेकी रणकुमारी बलम्पाकी मगर, माओवादीकी ज्ञानु बस्नेत सुवेदी, रास्वपाका गणेश पराजुली, जसपाकी रञ्जुकुमारी झा र लोसपाका रामप्रकाश चौधरी।

रुसी सेनामा कार्यरत थप एक नेपालीको मृत्यु

युक्रेनमा चारजना बन्धक



■ परराष्ट्र मन्त्रालयले भन्यो- **रुसमा मृत्यु भएकाको शव ल्याउन र युक्रेनमा बन्धक भएकालाई छुटाउन कूटनीतिक प्रयास जारी**

नयाँ पत्रिका

रुसी सेनामा कार्यरत नेपालीमध्ये थप एकजनाको मृत्यु भएको छ। हालसम्म रुस र युक्रेन युद्धमा परी मृत्यु हुने नेपालीको संख्या सात पुगेको छ। राहदानी नम्बर ०९४७३६३२ रहेका कुन्दनसिंह नागलको मृत्यु भएको जानकारी रुसले दिएको छ। परराष्ट्र मन्त्रालयले बुधबार विज्ञप्ति जारी गरी थप एकजनाको मृत्यु भएको र युक्रेनमा थप दुईजना त्यहाँको सेनाको नियन्त्रणमा रहेको जनाएको छ।

यसअघि रुसी सेनामा कार्यरत गोरखाका सन्दीप थपलिया, कपिलवस्तुका रूपक कार्की, कास्कीका देवान राई, स्याङ्जाका पितम कार्की, दोलखाका राजकुमार रोका र इलामका गंगाराज मोक्तानको मृत्यु भएको थियो। मृत्यु भएका नागलको विस्तृत विवरण भने परराष्ट्रले सार्वजनिक गरेको छैन।

युक्रेनमा बन्दी अवस्थामा चारजना नेपाली रहेका छन्। रुसी सेनामा कार्यरत रहेको अवस्थामा युद्धका क्रममा उनीहरू युक्रेनी सैनिकको नियन्त्रणमा रहेका हुन्। यसअघि बर्दियाको राजापुर नगरपालिका- १ का विवेक खत्री र काभ्रेको मन्डनदेउपुर नगरपालिका- ६ का सिद्धार्थ ढकाल मात्रै बन्दी थिए। दुईजना थपिएका हुन्। परराष्ट्रका अनुसार थप दुई बन्दीमा मोरङको लेटाङ नगरपालिका- २ का विकास राई र रोल्पाको रुन्टीगढी गाउँपालिका- ८ का प्रतीक पुन छन्।

'युक्रेनमा चारजना नेपाली नागरिकलाई बन्दी बनाएको सन्दर्भमा नेपाल सरकारको गम्भीर ध्यानाकर्षण भएको छ,' परराष्ट्र मन्त्रालयले बुधबार निकालेको विज्ञप्तिमा भनेको छ, 'बन्दी बनाइएका नेपालीको शीघ्र रिहाइ गरी नेपाल फिर्ता पठाउन युक्रेनी सरकारलाई कूटनीतिक माध्यमबाट अनुरोध गरिएको छ। साथै, निजहरूको रिहाइ र नेपाल फिर्तीका लागि रेडक्रसको अन्तर्राष्ट्रिय समितिलगायत अन्य माध्यमबाट पनि कूटनीतिक पहल भइरहेको जानकारी गराइन्छ।'

■ शव पठाउन, क्षतिपूर्ति दिन र नेपालीलाई फर्काउन माग

परराष्ट्रले नेपालका लागि रुसका राजदूतमार्फत रुसी सेनामा भर्ना भई निधन भएका नेपाली नागरिकको शव यथाशीघ्र नेपाल पठाउन तथा घाइते र पीडितका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन पुनः अनुरोध गरिएको जनाएको छ। रुसी राजदूतमार्फत सरकारले नेपाली नागरिकलाई रुसी सेनामा भर्ना नगर्न र भर्ना गरिएकालाई तत्काल नेपाल फर्काउन पनि अनुरोध गरेको छ। 'रुसी सेनामा भर्ना भएका नेपाली नागरिकको संख्या, घाइते नेपालीको संख्या तथा उनीहरूको अवस्थाबारे रुसी सरकारबाट आधिकारिक रूपमा यथाशीघ्र जानकारी गराउन स्पष्ट अडान राखिएको छ,' परराष्ट्रले विज्ञप्तिमा भनेको छ।

■ एनओसी लिएर मात्रै रुस जान अपिल

सरकारी कामकाज, रुस सरकारको छात्रवृत्ति तथा पेसा व्यवसायमा संलग्न भएकालाई बाहेक अन्य सर्वसाधारण नागरिकलाई रुस यात्रा गर्दा कन्सुलर सेवा विभागबाट 'नो अब्जेक्सन सर्टिफिकेट' लिन परराष्ट्रले अनुरोध गरेको छ। यो व्यवस्थालाई विस्तार गरी सरकारले भारत, बंगलादेश, श्रीलंका, संयुक्त अरब इमिरेट्स, साउदी अरबिया, कुवेत, कतार र बहराइनबाट रुस यात्रा गर्नुपरेमा ती देशमा रहेका नेपाली दूतावास तथा महावाणिज्य दूतावासबाट जारी गरिने एनओसी लिन परराष्ट्रले अपिल गरेको छ। परराष्ट्रले १६ साउन र १८ मंसिरमा विज्ञप्ति जारी गरी युद्धग्रस्त मुलुकमा सुरक्षासम्बन्धी काममा नजान सबैलाई सचेत गरेको पनि पुनः स्मरण गराएको छ। 'परम्परागत रूपमा रहेको सम्झौताअन्तर्गत केही मित्रराष्ट्रको राष्ट्रिय सेनामा बाहेक अन्य विदेशी सेनामा नेपाली नागरिक भर्ना हुन अनुमति दिने नेपाल सरकारको नीति नरहेको पुनःस्पष्ट गरिन्छ,' परराष्ट्रले भनेको छ।

प्रतिक्विन्टल २५ रुपैयाँ बढाएर तोकियो उखुको समर्थन मूल्य



उखु किसानको असन्तुष्टि कायमै, आन्दोलन जारी

(विस्तृत पृष्ठ ९)



हमास-इजरायलबीच अर्को युद्धविरामका लागि पहल तीव्र

(विस्तृत पृष्ठ ७)

सरकारी निकाय र कर्मचारीका कामप्रति अख्तियार असन्तुष्ट

सचिव र नियामक निकायका प्रमुखलाई निर्देशनात्मक सुझाव



(विस्तृत पृष्ठ ३)

■ एकवर्षे कार्यकालको समीक्षा गर्दै प्रधानमन्त्री प्रचण्ड

सेवा प्रभावकारी बनाउन क्यालेन्डर बनाएर काम गर्ने

सुवास भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफ्नो एकवर्षे कार्यकालको समीक्षा थालेका छन्। गत वर्षको १० पुसमा उनी प्रधानमन्त्रीमा निर्वाचित भएका थिए। आगामी दिनमा सरकारका कामकारबाही थप प्रभावकारी बनाउन समीक्षा गर्दै कार्ययोजना निर्माण गर्ने प्रधानमन्त्रीको भनाइ छ।

नागरिकलाई सेवा प्रवाहमा सहजता, विकास निर्माणका गतिविधिलाई गति दिन र समग्रमा सरकारको प्रभावकारिता अभिवृद्धि गर्न प्रधानमन्त्री प्रचण्डले मन्त्रालयस्तरमा छलफलसमेत थालेका छन्। बुधबार सिंहदरबारस्थित कार्यालयमा कृषि तथा पशुपन्छी मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको संयुक्त वार्षिक समीक्षा बैठक राखिएको थियो। बैठकमा प्रधानमन्त्री प्रचण्डले दुवै मन्त्रालयको कार्यप्रगतिबारे जानकारी लिएका थिए।

बैठकमा प्रधानमन्त्री प्रचण्डले आफूले सरकारको नेतृत्व लिएको एक वर्ष पुग्न लागेको भन्दै अब क्यालेन्डर नै बनाएर सबै मन्त्रालयसँग छलफल गर्ने बताए। 'एक वर्षमा हामीले कति काम गर्‍यौं, कहाँ के-कति समस्या देखिए, त्यसको गम्भीर अध्ययन गरेर आगामी योजना निर्माण गर्छु,' उनले भने।

जनतालाई केन्द्रमा राखेर सोच्नुपर्ने र आफूले पनि त्यसैगरी सोचिरहेको प्रधानमन्त्रीको भनाइ छ। 'जनतालाई डेलिभरी दिने विषय मुख्य हो। जति राम्रो डेलिभरी दिन सकियो, राज्यप्रति जनतामा उत्तिकै विश्वास बढ्दै जान्छ। यसका लागि म तयार छु,' उनले बैठकमा भने, 'अब म बिहान १० बजे नै कार्यालय आउँछु। नियमित रूपमा छलफल,

» पृष्ठ ११ मा क्रमशः



एक वर्षमा हामीले कति काम गर्‍यौं, कहाँ के-कति समस्या देखिए, त्यसको गम्भीर अध्ययन गरेर आगामी योजना निर्माण गर्छु। जनतालाई डेलिभरी दिने विषय मुख्य हो। जति राम्रो डेलिभरी दिन सकियो, राज्यप्रति जनतामा उत्तिकै विश्वास बढ्दै जान्छ। यसका लागि म तयार छु। अब म बिहान १० बजे नै कार्यालय आउँछु। नियमित रूपमा छलफल, समीक्षा र मूल्यांकन हुन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ फास्ट ट्र्याकको प्रगतिबारे प्रधानसेनापतिको रिपोर्ट

यस्तै कानुनी अड्चन रहे ०८३ मा पनि बन्दैन

मिलन विश्वकर्मा/नयाँ पत्रिका

प्रधानसेनापति प्रभुराम शर्माले कानुनी अड्चनका कारण काठमाडौं-तराई-मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) निर्माणमा ढिलाइ भएको रिपोर्ट पेस गरेका छन्। प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको बुधबारको बैठकमा उपस्थित शर्माले यस्तै अवस्थामा ०८३ मा पनि फास्ट ट्र्याक नबन्ने स्पष्टीकरणसमेत दिएका छन्।

'यदि फास्ट ट्र्याक बनाउनुपर्ने थियो भने फास्ट ट्र्याकमा नियम पनि दिनुपर्थ्यो नि। यहाँ चारवटा रूख काट्नलाई वन मन्त्रालयले नौ महिना लगाइदिएको छ, यो कसको गल्ती हो ? इआइए, एसइआइए गर्ने कसले बनाइदिएको हो ? तपाईंहरूले बनाइदिएको नियम होइन ?' सांसदहरूलाई प्रश्न गर्दै शर्माले भने, 'यही नियमका आधारमा हाम्रो कर्मचारी

» पृष्ठ ११ मा क्रमशः

राज्य व्यवस्था समितिको बुधबारको बैठकमा प्रधानसेनापति प्रभुराम शर्माले भने-



यदि फास्ट ट्र्याक बनाउनुपर्ने थियो भने फास्ट ट्र्याकमा नियम पनि दिनुपर्थ्यो नि। यहाँ चारवटा रूख काट्नलाई वन मन्त्रालयले नौ महिना लगाइदिएको छ, यो कसको गल्ती हो ? इआइए, एसइआइए गर्ने कसले बनाइदिएको हो ? तपाईंहरूले बनाइदिएको नियम होइन ? यही नियमका आधारमा हाम्रो कर्मचारी जान्छ, वन मन्त्रालयमा १० जनालाई नमस्कार गर्छ। पख्नुस्, त्यसमा छलफल भएको छैन, गाउँमा कर्मचारी पुगेको छैन भन्नेजस्ता अनेकथरी जवाफ आउँछ। यही हो समस्या। खै त फास्ट ट्र्याकमा नियम दिन सकेको ? काम फास्ट ट्र्याकमा गर्नुस् भन्ने, नियम उही पुरानो छ। सबै ठाउँमा हाम्रो गल्ती छ। हामीले विकास निर्माण गर्न विभिन्न किसिमका कानुन जति दिनुपर्ने हो त्यो दिन सकिएको छैन। त्यसले गर्दा पनि ढिलाइ भइरहेको छ। यही ताल हो भने ०८३ मा पनि बन्दैन। चारवटा रूख काट्न नौ महिना लाग्छ भने कानुन नसच्चिएर हुँदैन। मैले गर्न सक्दिनँ भनेको छैन, गर्न सकिन्छ, गराउनुपर्छ। हामीले पनि गर्न सकेनौं भने अब कसले गर्ने ?

द्रुतमार्गको सुस्त प्रगति

साढे ६ वर्षमा २८.५६% मात्रै काम, ७१.४४% काम गर्न साढे ३ वर्ष समय

सेनालाई संशोधित डिपिआरअनुसार ७०.९७ किमि फास्ट ट्र्याक निर्माणको जिम्मा २१ वैशाख ०७४ मा दिइएको थियो। त्यसको एक महिना नपुग्दै १४ जेठमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आयोजनाको शिलान्यास गरेका थिए। तर, साढे ६ वर्षको अवधिमा भौतिक प्रगति भने एकचौथाइ अर्थात् २८.५६% प्रतिशत मात्रै भएको छ।

सेनाले भने १ भदौ ०७६ मा मात्रै डिपिआर स्वीकृत भएकाले त्यसपछि काम थालिएको दाबी गरेको छ। प्रधानसेनापति प्रभुराम शर्माले बुधबार राज्य व्यवस्था समितिको बैठकमा यही दाबी पेस गरेका छन्। तर, ०७३/७४ मै एक अर्ब ३४ करोड रुपैयाँ र ०७४/७५ मा आठ अर्ब ९७ करोड खर्च भएको रिपोर्ट आयोजनाको वेबसाइटमै खुलाइएको छ।

» पृष्ठ ११ मा क्रमशः



दुई औषधि पसलमा सिलबन्दी

काठमाडौं/ काठमाडौं महानगरपालिकाले दुईवटा औषधि पसलमा सिलबन्दी गरेको छ । यस्तै, एउटालाई सुधारका लागि १५ दिनको समय दिएको छ । महानगरले बुधबार गरेको औषधि अनुगमनका क्रममा म्याद सकिएको औषधि फेला परेपछि सिलबन्धी गरेको हो । सिलबन्दी गरिएका पसलमा महानगरपालिका- १७ ठमेलमा रहेको हिमालय स्टोर, वडा नम्बर ३ महाराजगन्जमा रहेको माइबेनी मेडिकल हल रहेका छन् । यसैगरी, वडा नम्बर १ मा रहेको कृषु आयुर्वेदिक फार्मेसीलाई सुधारका लागि १५ दिन समय दिइएको छ । स्वास्थ्य विभागका प्रमुख रामप्रसाद पौडेलका अनुसार, दर्ता नभएको, एउटा प्रयोजनमा दर्ता भएको अर्को प्रयोजनमा ल्याइएको, अनधिकृत औषधि बेचेको, पसलमा म्याद सकिएको औषधि पाइएकाले फार्मेसीमा सिलबन्दी गर्नुपरेको हो ।

२८ दिनभित्र मेलम्चीको पानी उपत्यका ल्याउने सहमति

नयाँ पत्रिका

पाँच महिनाअधि बन्द भएको मेलम्ची खानेपानी आयोजनाको पानी माघअघि उपत्यकामा नआउने भएको छ । यसबीचमा कुनै अवरोध र समस्या नभए माघभित्रै मेलम्चीको खानेपानी ल्याउने गरी काम गर्ने गरी मेलम्ची खानेपानी विकास समिति र निर्माण व्यवसायी कम्पनी सिनो हाइड्रोबीच सहमति भएको हो ।

समिति प्रवक्ता राजेन्द्रप्रसाद पन्तद्वारा जारी विज्ञप्तिअनुसार आकस्मिक परिस्थितिबाहेक बढीमा २८ दिनमा उपत्यकामा मेलम्चीको पानी आइपुग्नेछ । खानेपानी मन्त्रालयका सचिव सुरेश आचार्यको अध्यक्षतमा बसेको समितिको बैठकबाट निर्माण व्यवसायीसँग समझदारीपत्रमा हस्ताक्षर गरी तत्काल निर्माण व्यवसायीलाई 'साइट'मा परिचालनका लागि आवश्यक सहजीकरण र समन्वय गर्ने निर्णय पनि भएको छ ।



मेलम्ची खानेपानी आयोजना मर्मतमा भइरहेको ढिलासुस्तीविरुद्ध नेपाल विद्यार्थी संघले बुधबार काठमाडौंमा गरेको प्रदर्शन । **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

सहमतिअनुसार निर्माण व्यवसायी सिनो हाइड्रो तत्कालै साइटमा कामदार परिचालन गर्नेछ । २८ दिनभित्र मेलम्चीको पानी उपत्यका ल्याउन दुई सिफ्टमा जनशक्ति परिचालन गरी पानी पथान्तरणका लागि आवश्यक काम हुने जारी विज्ञप्तिमा उल्लेख छ । गत २७ र २८ साउनमा आएको बाढीले आयोजनाको 'हेडवर्क्स' बगाएकाले अस्थायी रूपमा समेत पानी ल्याउन सकस भइरहेको थियो ।

बर्खायाम सुरु भएसँगै सरकारले (असार पहिलो सातादेखि) मेलम्चीको पानी बन्द गरेको थियो । पानी बन्द गरेका कारण बाढीले कम क्षति गरेको थियो । गत वर्ष २३ मंसिरमा उपत्यकावासीको धारामा मेलम्चीको १७ करोड लिटर पानी झरिसक्दा यो वर्ष हालसम्म कुनै सुरसार नहुँदा उपत्यकामा पानीको अभाव देखिएको छ भने उपत्यकावासीले मेलम्चीको पानी छिट्टै आपूर्ति गर्नुपर्ने माग राख्दै आन्दोलनसमेत गर्दै आएका छन् ।

बुटवल पावर कम्पनी लिमिटेड

बुद्धनगर, वानेश्वर, काठमाण्डौ

bpc BUTWAL POWER COMPANY LIMITED

आ.व. २०७९/८० को संक्षिप्त आर्थिक प्रतिवेदन

यस कम्पनीको मिति २०८०/९/२८ गते सम्पन्न हुने ३१औं साधारण सभाको प्रयोजनका लागि कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार तयार गरिएको यो संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनीहरूको जानकारीका लागि प्रकाशित गरिएको छ ।

१. कम्पनीले आ.व. २०७९/८० मा विद्युत विक्रीको आम्दानीमा केही ह्रास आएको कारण संचालन आम्दानीमा घट्न गएको भएपनि अन्य आम्दानी बृद्धि भएको हुनाले कम्पनीको खुद मुनाफा रू. ३०,५०,७०,६७३ भएको छ । जस अनुसार प्रति शेयर आम्दानी रू. ८.९५ रहेको छ ।

२. कम्पनीको वित्तिय अवस्थाको सारसंक्षेप निम्न अनुसार रहेको छ ।

विवरण	आ.व. २०७९/८० रु.	आ.व. २०७८/७९ रु.	परिवर्तन
नेपाल विद्युत प्राधिकरणलाई बिद्युत बिक्री	४६,९३,१२,३२३	५२,६७,६१,८०३	-१०.९१%
उपभोक्तालाई बिद्युत बिक्री तथा सेवाहरू	२५,५१,०४,४०२	२४,८२,८७,०२३	२.७५%
उत्पादन खर्च	३०,३५,९०,२०८	२९,५७,९२,७९१	२.६४%
वितरण खर्च	१३,८५,६९,२१३	१३,७८,७४,९३३	०.५०%
कुल संचालन मुनाफा	२८,२२,५७,३०४	३४,१३,८१,१०२	-१७.३२%
अन्य आय (प्राप्त लाभांश समेत)	१२,९४,७८,५८५	४,००,२९,०९३	२२३.४६%
प्रशासनिक तथा अन्य खर्च	१२,६७,८६,६५७	१२,७४,२७,०३२	-०.५०%
ब्याज तथा कर अघिको नाफा	२९,२८,४९,४४९	२६,१८,२२,२४९	११.८५%
कर अघिको नाफा	३८,४८,४९,२६४	३४,८९,४१,०३४	१०.२९%
कर पछिको खुद मुनाफा	३०,५०,७०,६७३	२७,४१,५०,२३६	११.२८%
अन्य कम्पनीहरूमा लगानी	४,२६,८३,३८,६४८	३,५०,५२,७६,४४५	२१.७७%
प्रतिशेयर आम्दानी	८.९५	८.४४	
खुद सम्पत्ति (नेटवर्थ)	७,०३,२६,६८,०४५	६,९६,८१,९३,९१६	०.९३%

३. आ. व. २०७९/८० मा यस कम्पनी अर्न्तगतका समूह कम्पनीहरूमध्ये खुदी हाइड्रोपावर लिमिटेड तथा नेपाल हाइड्रो एण्ड ईलेक्ट्रिक लिमिटेडको कार्यसंपादन सन्तोषजनक रह्यो । हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि.को आम्दानीमा केहि ह्रास आएको छ भने न्यादी हाइड्रोपावर लिमिटेडले रू. २० करोडको हाराहारीमा खुद नोक्सानी व्यहोरेको छ । यस कम्पनीले आफ्ना सहायक तथा सम्बद्ध कम्पनीहरूमा रू ४,२६,८३,३८,६४८/- लगानी गरिसकेको छ । आ. व. २०७९/८० को समूहगत एकिकृत वित्तिय अवस्थाको सारसंक्षेप यस प्रकार रहेको छ ।

विवरण	आ.व. २०७९/८० रु.	आ.व. २०७८/७९ रु.	परिवर्तन
आम्दानी	२,३८,०६,०६,८८३	२,८२,५९,४८,८५९	-१५.७६%
विक्री लागत	१,५७,१४,२९,९३०	२,२६,७७,९६,१६७	-३०.७१%
कुल मुनाफा	८०,९१,७६,९५३	५५,८१,५२,६९२	४४.९७%
ब्याज तथा कर अघिको नाफा	६२,८५,२९,६४२	३४,२९,९३,०००	८३.२५%
कर अघिको खुद मुनाफा	५,८४,८७,८०६	३१,८३,४५,१९१	-८१.२५%
कर पछिको खुद मुनाफा	(४,१०,१७,१२६)	२२,८८,०४,३७१	-११७.९३%
नियन्त्रक कम्पनीको मालिकको लागि नाफा	(९८,२२,२३४)	२१,५७,७४,३४२	-१०४.५५%
नियन्त्रण नहुने स्वार्थ/हितका लागि नाफा	(३,११,९४,८९२)	१,३०,३०,०२९	३३९.४१%
प्रतिशेयर आम्दानी रू.	(०.२९)	६.६५	
खुद सम्पत्ति (नेटवर्थ)	७,०९,०८,१२,३०४	७,५६,१३,०७,८१३	-६.२२%

४. नेपाल विद्युत प्राधिकरणसंग भएको संझौता अनुसार हिमाल पावर लिमिटेडले आफ्नो ६० मेगावाट क्षमताको खिम्ती प्रथम जलविद्युत आयोजनाको ५० प्रतिशत स्वामित्व नेपाल विद्युत प्राधिकरणलाई आ.व. २०७७/७८ देखि निशुल्क हस्तान्तरण गर्नुपर्ने तथा विद्युत खरिद बिक्री सम्झौतामा पनि पुनरावलोकन भई नयाँ दर कायम हुने भन्ने व्यवस्था भएपनि हाल हिमाल पावर लिमिटेड र नेपाल विद्युत प्राधिकरण बीच अन्तरिम प्रवन्धमा सहमति भई सो अनुसार उल्लेखित आयोजना संचालन भईरहेको छ र छिट्टै स्थायी प्रवन्धमा सहमति भई सो कार्यान्वयनमा आउने अपेक्षा गरिएको छ ।

५. आ.व. २०७९/८० मा आँधीखोला तथा झिमरूक बिद्युत गृहहरूवाट १४०.६५ गिगावाट आवर विद्युत उत्पादन भयो । यो गत वर्षको उत्पादन भन्दा ९% ले कम हो । यसको मुख्य कारण गत बर्षको तुलनामा यस बर्षको सुख्खायाममा नदीमा पानी कम भएकोले हो । सो उत्पादित विद्युत मध्ये ६६.२१% नेपाल विद्युत प्राधिकरण र बाँकी आफ्नै वितरण प्रणालीमा आवद्ध उपभोक्तालाई विक्री गरिएको थियो ।

६. कम्पनीले आफैं तथा सहायक एवं सम्बद्ध कम्पनीहरू मार्फत विकास गरेका आयोजनाहरूको प्रगति तथा बस्तुस्थिती निम्न वमोजिम रहेको छः

(क) न्यादी हाइड्रोपावर कम्पनी लि.ले प्रवर्द्धन गरेको न्यादी जलबिद्युत आयोजना (३० मेगावाट) को निर्माण कार्यसम्पन्न भई बैशाख २७, २०७९ देखि विद्युत उत्पादन प्रारम्भ भई यस आयोजनाले हाल बैकल्पिक व्यवस्था अन्तर्गत संचालित प्रसारण प्रणाली मार्फत उर्जा आपुर्ति गर्दै आएको हुंदा बार्षिक रूपमा १६८ गिगावाट आवर विद्युत उत्पादन गर्न सक्ने भएतापनि नेपाल विद्युत प्रधिकरणले सबै विद्युत नलिएका कारण पुर्ण क्षमतामा संचालन हुन पाएको छैन । सो कम्पनीको २७% शेयर स्वामित्व सर्वसाधारणको रहेको छ ।

(ख) कावेली ए जलबिद्युत आयोजना (३७.६ मेगावाट) को निर्माण कार्य स्थानीय बैंकहरूबाट वित्तीय व्यवस्थापन गरी विद्युत खरिद बिक्री सम्झौतामा संसोधन गरी आयोजना निर्माण कार्य पूनः शुरू गरी तदारूकताका साथ अगाडि वढाइएको छ ।

(ग) मर्स्याङदी नदीमा मनाङ मर्स्याङदी जलविद्युत आयोजना (१३५ मेगावाट), तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना (१३९.२ मेगावाट) र अपर मर्स्याङदी दोश्रो जलविद्युत आयोजना (३२७ मेगावाट) लाई क्यासकेड आयोजनाको अवधारणामा निर्माण गर्नका लागि चिनिया साझेदार कम्पनीहरू Sichuan Provincial Investment Group Co. Ltd (SCIG), Chengdu Xingcheng Investment Group Co. Ltd. (CXIG) and Qing Yuan Engineering Consulting Co. Ltd. (QYEC) संग आवश्यक सम्झौताहरू आयोजना विकासको कार्य अघि बढाइएको छ । उक्त आयोजनाहरूमा यस कम्पनीको करीव २०% शेयर लगानी हुनेछ ।

मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको अनुमतिपत्र प्राप्त भई, आयोजनाको विद्युत खरिद बिक्री सम्झौता र आयोजना विकास सम्झौता सम्पन्न गरी तथा ठेकेदार तथा कम्पनीको परामर्शदाता इन्जिनियर नियुक्त भईसकेको छ । चालु आर्थिक वर्ष भित्रै वित्तीय व्यवस्थापनको कार्य सम्पन्न गरी यस आयोजना निर्माण कार्य शुरू गर्ने योजना रहेको छ ।

तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको १३९.२ मे.वा. को लागि विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भई हालै विद्युत खरिद बिक्री सम्झौता भईसकेको छ । यस आयोजनामा चाइनिज लगानीकर्ताहरूको सहभागितामा आयोजना कम्पनी स्थापनाको प्रकृयामा रहेको छ ।

यसै गरी ३२७ मे.वा. क्षमताको अपर मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको पुरक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको छ । विस्तृत आयोजना प्रतिवेदन तयार गरी स्वीकृतीको लागि लगानी वोर्डमा पेश गरी सकेको छ भने पिपिएको लागि कनेक्सन एग्रिमेन्ट भई नेपाल विद्युत प्राधिकरणमा प्रकृया अगाडि वढी रहेको छ ।

(घ) चिनोखोला जलविद्युत आयोजना (७.९ मेगावाट) को उत्पादन अनुमतिपत्र प्राप्त भएको छ । आयोजना कम्पनी दर्ताको कार्य समेत सम्पन्न भएको छ । नेपाल विद्युत प्राधिकरणसंग कनेक्सन एग्रिमेण्ट भएर विद्युत खरिद बिक्री सम्झौताको प्रक्रियामा रहेको छ ।

(ङ) मुगु कर्णाली जलविद्युत आयोजना (१६० मेगावाट) को उत्पादन अनुमतिपत्रको दरखास्त विद्युत विकास विभागमा पेश गरि प्रक्रियामा रहेको छ ।

७. **आ.व. २०८०/८१ मा निम्न कार्यहरु गरिनेछ ।**

- मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको वित्तिय व्यवस्थापन तथा ठेक्का परिचालन गरी निर्माण सुरू गर्ने ।
- तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौता तथा आयोजना विकास सम्झौता गर्ने र चिनिया कम्पनीहरूसंगको साझेदारीमा कम्पनी गठन गरी विद्युत उत्पादन अनुमतिपत्र सो कम्पनीलाई हस्तान्तरण गर्ने ।
- अपर मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको कनेक्सन एग्रिमेन्ट र विद्युत खरिद बिक्री सम्झौताको लागि नेपाल विद्युत प्राधिकरणमा प्रकृया अगाडी बढाउने । विस्तृत आयोजना प्रतिवेदन लगानी बोर्डबाट स्वीकृति प्राप्त गर्ने र आयोजना विकास सम्झौता गर्ने ।
- चिनोखोला जलविद्युत आयोजनाको नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गर्ने र आयोजनाको वित्तीय व्यवस्थापन गरी निर्माण तयारी कार्यहरू शुरू गरिने ।
- कावेली ए जलविद्युत आयोजनाको वित्तीय व्यवस्थापन सम्पन्न भई निर्माण पूनः प्रारम्भ भएको छ । सो निर्माणको कार्यलाई तदारूकताका साथ निरन्तरता दिइने ।
- ग्रीन हाइड्रोजन जस्ता नयाँ क्षेत्रका व्यवसायमा अवसरहरू खोजी गर्ने ।

८. कम्पनीको संचालक समितिले नेपाल धितोपत्र बोर्डले जारी गरेको सूचीकृत कम्पनीहरूको संस्थागत सुशासन निर्देशिका, २०७४ बमोजिम लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति तथा दायित्व व्यवस्थापन समितिका साथै वित्त समिति पनि गठन गरेको छ । साथै, संचालक समितिले परिपालना अधिकृत समेत नियुक्त गरेको छ । कम्पनीले आफ्नो श्रम लेखापरीक्षण कार्य सम्पन्न गरी श्रम लेखापरीक्षण प्रतिवेदन श्रम कार्यालयमा पेश गरेको छ । कम्पनीले ऐन नियम अनुसार प्रकाशित गर्नु पर्ने त्रैमासिक प्रतिवेदनहरू लगायतका प्रतिवेदनहरू प्रकाशित गर्दै आएको छ ।

९. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणहरू र संचालक समितिको प्रतिवेदनवाट संक्षेपीकरण गरिएको हो । उल्लेखित आर्थिक विवरणहरू तथा बार्षिक प्रतिवेदन कम्पनीको वेभ साईट www.bpc.com.np मा हेर्न र डाउनलोड गर्न सकिने व्यवस्था गरिएको छ ।

उत्तर कुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

सि.ए. मनमोहन राज काफ्ले
साझेदार
जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस्

बुटवल पावर कम्पनी लिमिटेड
वित्तिय अवस्थाको विवरण
२०८० आषाढ ३१ गतेको

विवरण	आ.व. २०७९/८० रु.	आ.व. २०७८/७९ रु.
सम्पत्ति		
गैर चालू सम्पत्ति		
जायजेथा, प्लाण्ट तथा उपकरण	२७१,५५९,४८३	२८४,५९१,०३७
पूंजीगत कार्य प्रगति	१,९२२,१३०	१,९२२,१३०
अदृष्य सम्पत्ति	१,८५७,६५७,३६६	१,८९६,३६८,५४४
आयोजना कार्य प्रगति	३४६,१६६,५९३	३१३,९५१,३५९
वित्तिय सम्पत्ति		
सहायक तथा सम्बद्ध कम्पनीमा लगानी	३,४५४,७७३,२९२	२,६९४,९८६,४३०
अन्य लगानी	८१३,५६५,३५६	८१०,२९०,०१५
अन्य गैर चालू सम्पत्ति	-	-
जम्मा गैर चालू सम्पत्ति	**६,७४५,६४४,२२३**	**६,००२,१०५,५१५**
चालू सम्पत्ति		
मौज्दात	५८,०६४,७१७	५५,३६४,५३०
वित्तीय सम्पत्ति		
व्यापारिक आसामी लिनुपर्ने	६५,६८६,३२०	१०७,४७३,३००
नगद तथा नगद समान	६४,१७९,००३	३२,६२२,८८६
अन्य बैंक मौज्दात	१५,०००	१५,०००
अन्य वित्तीय सम्पत्ति	६८१,५५५,४२०	१,४६९,०९८,२६२
अन्य चालू सम्पत्ति	१६,४१८,४६३	१६,१२६,८५९
चालू सम्पत्ति (खूद)	७,४९२,१७०	-
जम्मा चालू सम्पत्ति	**८५३,४११,०५३**	**१,६८०,७००,८३७**
जम्मा सम्पत्ति	**७,६३५,०५५,३१६**	**७,६८२,८१०,३५२**
कोष तथा दायित्व		
कोष		
इक्वीटी शेयर पूंजी	३,४०९,०६४,६००	३,२४६,३२६,८००
अन्य इक्वीटी	३,६२३,६०३,४४५	३,७२१,८६७,११६
जम्मा कोष	**७,०३२,६६८,०४५**	**६,५६८,१५३,५१६**
दायित्व		
गैर चालू दायित्व		
ग्राण्ट अनुदान जगेडा	१७५,१४८,४३३	१८३,०४८,५५०
वित्तिय दायित्व		
ऋण सापटी	७९,६५९,२८०	९४,६५९,२८०
व्यवस्थाहरू	२०,९०७,१५५	२२,१७४,८३७
स्थगन कर	१५८,१६६,९५०	१३८,६९७,३२०
अन्य गैर चालू दायित्व	१८,४७२,६१०	१९,३९३,५७२
जम्मा गैर चालू दायित्व	**४५२,३५४,४२८**	**४५७,४७३,५५५**
चालू दायित्व		
वित्तीय दायित्व		
ऋण सापटी	१५,०००,०००	१०१,३७३,९४५
व्यापारिक साहू तिर्नुपर्ने	१५,५४३,१६६	३९,०२९,५३७
अन्य वित्तीय दायित्व	२८,६७६,९८०	२७,५९१,९९६
व्यवस्थाहरू	३,८६५,५३३	२,६००,४३१
अन्य चालू दायित्व	९०,९४७,१६४	८५,१९२,२०१
चालू कर दायित्व (खुद)	-	८५४,७६७
जम्मा चालू दायित्व	**१५४,०३२,८४३**	**२५६,६४२,८७७**
जम्मा दायित्व	**६०६,३८७,२७१**	**७१४,६१६,४३६**
जम्मा कोष तथा दायित्व	**७,६३५,०५५,३१६**	**७,६८२,८१०,३५२**

बुटवल पावर कम्पनी लिमिटेड
२०८० आषाढ ३१ गते समाप्त वर्षको
नाफा नोक्सानको विवरण

विवरण	आ.व. २०७९/८० रु.	आ.व. २०७८/७९ रु.
बिक्री	७२४,४१६,७२५	७७५,०४८,८२६
बिक्रि लागत		
उत्पादन खर्च	(३०३,५९०,२०८)	(२९५,७९२,७९१)
वितरण खर्च	(१३८,५६९,२१३)	(१३७,८७४,९३३)
कुल मुनाफा	**२८२,२५७,३०४**	**३४१,३८१,१०२**
अनुदान सहयोगको आम्दानी अंशको ह्रासकट्टी	७,९००,११७	७,८३९,०८६
अन्य आय	७८,८४६,८९६	४०,०२९,०९३
लगानीको नोक्सानी व्यवस्था आम्दानी जनाइएको	५१२,७२८,७३८	
प्रशासनिक तथा अन्य संचालन खर्चहरू	(१२६,७८६,६५७)	(१२७,४२७,०३२)
लगानीमा नोक्सान व्यवस्था	(४६२,०९६,९४९)	-
संचालनवाट मुनाफा	**२५२,८४५,४४५**	**२६१,८२२,२४५**
वित्तिय आय	१०३,४६६,८१२	९९,९२८,७३९
वित्तिय लागत	(११,४६६,९९७)	(१२,८०९,९५४)
कर अघिको मुनाफा	**३८४,८४५,२६४**	**३४८,५४१,०३४**
आयकर खर्च		
चालु वर्षको आयकर	(६१,१२७,७९६)	(६९,६१३,७६४)
स्थगन कर आम्दानी/(खर्च)	(१८,६५०,७९५)	(५,१७७,०३४)
चालु वर्षको मुनाफा	**३०५,०७०,६७३**	**२७४,१५०,२३६**
अन्य विस्तृत आय		
इक्वीटी उपकरणवाट देखिएको अन्य विस्तृत आय	३,२७५,३४१	(२६,७२२,१६५)
नाफा नोक्सानसंग पुनवर्गीकरण नहुने शीर्षकको कर	(८१८,८३५)	६,६८०,५४१
जम्मा अन्य विस्तृत खुद आय	**२,४५६,५०६**	**(२०,०४१,६२४)**
जम्मा विस्तृत खुद आय (कर पछिको)	**३०७,५२७,१७५**	**२५४,१०८,६१२**
प्रति शेयर आम्दानी - आधारभूत (Basic)	८।९५	८।४४
प्रति शेयर आम्दानी - परिवर्तित (Diluted)	८।९५	८।४४

भक्तपुरका १२४ सम्पदा पुनर्निर्माण

भक्तपुर/ भक्तपुर नगरपालिकाभित्रका एक सय २४ सम्पदा पुनर्निर्माण सम्पन्न भएका छन् । भक्तपुर नगरपालिकाका प्रमुख सुनील प्रजापतिले बुधबार वडा नम्बर ४ मा रहेको मंगलतीर्थस्थित छग देगःको शिलान्यास गर्दै यस्तो जानकारी दिएका हुन् ।

शिलान्यासका क्रममा नगरप्रमुख प्रजापतिले सार्वजनिक तथा पर्ती जग्गा संरक्षणमा नगरपालिकाले जोड दिएको बताउँदै जीर्ण अवस्थामा रहेका सम्पदाको प्राथमिकताका आधारमा पुनर्निर्माण तथा संरक्षण कार्य हुँदै आएको बताए । 'नगरपालिकाले गरेको सम्पदा संरक्षण कार्यले यहाँको धार्मिक पर्यटन प्रवर्द्धनमा समेत उल्लेखनीय टेवा पुगेको छ । पुर्खाले छोडेका सम्पत्ति जस्ताको तस्तै नयाँ पुस्ताका लागि संरक्षण गर्ने उद्देश्यले नगरपालिकाले संरक्षण कार्यलाई अगाडि बढाउँदै आएको छ,' प्रमुख प्रजापतिले भने ।

उनले भक्तपुर भ्रमण आउनेसँग उठाएको पर्यटन शुल्क नगर र नगरवासीकै हितमा प्रयोग हुँदै आएको र यसले भक्तपुरलाई सभ्य, सुन्दर र सुसंस्कृत नगरको रूपमा विकास गर्न मद्दत मिलेको बताए । वडा ४ का वडाध्यक्ष उपेन्द्र सुवालले सम्पदा पुनर्निर्माण कार्यलाई नगरपालिकाले प्राथमिकतामा राख्दै आएको बताए । मन्दिर पुनर्निर्माणमा स्थानीयस्तरबाट पनि साथ र सहयोग प्राप्त हुने विश्वास रहेको बताए । उपभोक्ता समितिका अध्यक्ष विश्वराम त्वायनाका अनुसार मंगलतीर्थ परिसरको छग देगः पुनर्निर्माणका लागि ३९ लाख ५९ हजार लाग्नेछ । उनले मन्दिर पुनर्निर्माण गुणस्तरीय र मौलिक ढंगले समयमै सम्पन्न हुने विश्वास व्यक्त गरे ।

संक्षेपमा उपत्यका

चक्रपथ : बैंकिङ कसुर मुद्दामा दोषी ठहर भई फरार रहेका पर्वत कुश्मा नपा- १० का सुन व्यवसायी सरोज खाती र स्याङ्जा आधिखोला गापा- ३ घर भई काठमाडौं चक्रपथस्थित सूर्यचन्द्र ज्वेलरी केन्द्र सञ्चालन गर्ने ६१ वर्षीय भीमबहादुर विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेकामध्ये बैंकिङ कसुर मुद्दामा १० दिन कैद र २० लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका सरोजलाई कास्की न्युरोड र बैंकिङ कसुर मुद्दामा २३ दिन कैद र ८० लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका भीमबहादुरलाई कास्की पामेपोखरीबाट पक्राउ गरेको हो ।

तारकेश्वर : वैदेशिक रोजगारीका लागि दुबई पठाईदिने प्रलोभनमा तीन लाख ठगी गरेको अभियोगमा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ । पक्राउ पर्ने काठमाडौं तारकेश्वर नपा- ५ का ४० वर्षीय नवीन खड्का र मकवानपुर हेटौंडा उपमहानगरपालिका- १६ का ३३ वर्षीया चमेली चुहान रहेका छन् । उनीहरूले पीडितलाई दुबई पठाइदिने प्रलोभनमा उक्त रकम लिएका थिए । रकम लिएपछि उनीहरू फरार भएका थिए । उनीहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

क्वाठन्डौं : पुरातत्त्व विभागले पुनर्निर्माण सम्पन्न गरेको भक्तपुर नगरपालिका- १० क्वाठन्डौंस्थित प्रशन्नशील महाविहारको आगँछैं हस्तान्तरण गरेको छ । बुधबार आयोजित कार्यक्रमबीच नगरपालिकालाई आगँछैं हस्तान्तरण गरेको हो । ०७२ सालमा गएको भूकम्पले महाविहारको आगँछैं पूर्ण क्षतिग्रस्त भएको थियो । हस्तान्तरण कार्यक्रममा मेयर सुनील प्रजापतिले भक्तपुरमा अवस्थित मठमन्दिर, बहा-बही, इनार, ढुंगेधारा आदि नगरकै सम्पत्ति हो र यसको नियमित मर्मतसम्भार गर्नु सबैको साझा दायित्व भएको बताए । सम्पदा पुनर्निर्माणपछिको संरक्षण, जीर्णोद्धार यहाँकै स्थानीय समुदायबाट हुन जरुरी रहेको बताए ।

■ सरकारी निकाय र कर्मचारीका कामप्रति अख्तियार असन्तुष्ट

सचिव, विभागीय प्रमुख, नियामक निकाय र सार्वजनिक संस्थानका प्रमुखलाई निर्देशनात्मक सुझाव

नयाँ पत्रिका

सरकारी निकायका कामकारबाही र कर्मचारीका गतिविधिप्रति असन्तुष्टि प्रकट गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्देशनात्मक तवरले दर्जनौं सुझाव दिएको छ। अख्तियारले बुधबार सरकारका नियामक निकाय तथा सार्वजनिक संस्थानका प्रमुखलाई ४८ बुँदे सुझाव दिएको हो। यसअघि कात्तिकमा सचिव र विभागीय प्रमुखहरूलाई २२ र ४६ बुँदे सुझाव दिइसकेको छ।

गत ६ र ७ मंसिरमा गरेको छलफलपछि अख्तियारले सार्वजनिक खरिद, आयोजना व्यवस्थापन, सरकारी सम्पत्ति दुरुपयोग, बजेट खर्च, कार्यसम्पादन, जथाभावी नियुक्ति, सेवा प्रवाहलगायतमा केन्द्रित गरेर सुझाव दिएको हो। उसले विभिन्न विकृति औंल्याउँदै त्यसलाई रोक्न, अन्यथा कारबाही गर्ने चेतावनी पनि दिएको छ।

सुझावमा प्रारम्भिक वातावरणीय परीक्षण (आइईई) र वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदनको नक्कल गरी साभार गर्ने प्रवृत्ति नियन्त्रण गरी प्रचलित कानुनबमोजिम कारबाही गर्ने तथा यसको कार्यविधि बनाउने, परामर्शदाताले दिएको गलत ड्राइङ डिजाइनका कार्यबाट हुने हानि-नोक्सानीलाई कानुनी कारबाहीको दायरामा ल्याउने गरी जिम्मेवार बनाउने, नेपाल सरकारको घोषणाबाट खारेजी गर्ने वा गाभिने भनिएका विभिन्न निकाय एवं संस्थाका सम्बन्धमा संस्था, संरचना, कानुन, जनशक्ति, कार्य जिम्मेवारी र सेवा प्रवाहजस्ता आधार लिई दूरगामी प्रभावसमेतको मूल्यांकनका आधारमा निर्णय कार्यान्वयन गर्नेलगायत विषय समावेश गरिएको छ।

समस्याग्रस्त, घाटामा रहेका, लामो समयदेखि बन्द भएका, निजीकरण गरिएका तथा खारेज नगरिएका संस्थानका सम्बन्धमा सम्पत्ति दायित्व यकिन र फरफारक गरी सञ्चालन, व्यवस्थापन, बन्द, मर्जर वा खारेजी जे गर्नुपर्ने हो, सम्बन्धित मन्त्रालयको सिफारिसमा सरकारले तुरुन्तै निर्णय लिने, विस्तृत अध्ययनबाट सार्वजनिक संस्थानहरूको जनशक्ति योजना तयार पारी अनावश्यक कर्मचारी घटाउने, कानुनविपरीत राजनीति गर्ने, काम नगर्ने कर्मचारीलाई कानुनी कारबाहीको दायरामा ल्याउने तथा कर्मचारी सरुवा, बढुवालाई स्वचालित बनाउने व्यवस्था मिलाउनेलगायत सुझाव पनि अख्तियारले दिएको छ।

त्यस्तै, सडक पुगेको र लाभ लागत विश्लेषणबाट औचित्य पुष्टि नभएका स्थानमा नयाँ आन्तरिक विमानस्थल निर्माण कार्य नगर्ने, हाल सञ्चालनमा नआएका विमानस्थलको मूल्यांकन गरी भविष्यमा समेत सञ्चालन नहुने भए त्यस्ता विमानस्थलमा थप लगानी नगर्ने तथा हवाई रुट सुनिश्चितता नगरी नयाँ विमानस्थल बनाउने कार्य अगाडि नबढाउन पनि अख्तियारले भनेको छ।

सार्वजनिक संस्थानमा विद्यमान आर्थिक अनियमितता र विकृतिलाई सम्बन्धित मन्त्रालय र सञ्चालक समितिले निर्णय गरी तत्काल रोक्ने सम्बन्धमा अख्तियारले दर्जनभन्दा बढी सुझाव दिएको छ। त्यसमा आफ्नो संस्थाको उत्पादित वस्तु तथा सेवा आफ्नै कर्मचारी र सञ्चालकलाई निःशुल्क उपलब्ध गराउने, निरन्तर नाफा घटिरहेको अवस्थामा समेत कर्मचारीको सेवा-सुविधा वृद्धि गरिरहने, सञ्चित नोक्सानीमा भएका संस्थाले समेत निश्चित वर्षमा भएको मुनाफाका आधारमा मात्र पनि बोनस खाने, कर्मचारी अवकाश भएपछि र सञ्चालकको जिम्मेवारीबाट हटिसकेपछि पनि सम्बद्ध संस्थाबाट निश्चित अवधिसम्म सेवा-सुविधा पाइरहने, संस्थाका आन्तरिक कर्मचारीले मात्र संस्थाको नियमित कार्यसम्पादन गर्दासमेत विभिन्न समिति बनाई बैठक भत्ता खानेजस्ता विकृति रोक्न अख्तियारले भनेको छ।

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिकाविपरीतका सेवा-सुविधा लिने, अर्थ मन्त्रालयको सहमतिबेगरै संस्थाका कर्मचारी र सञ्चालकको सेवा-सुविधा वृद्धि गर्ने, सञ्चालक समितिका पदाधिकारीलाई समेत पूर्णकालीन सवारीसाधन, ड्राइभर र इन्धन उपलब्ध गराउने, संस्थाको वार्षिक उत्सवको नाममा कर्मचारीलाई ग्रेड वृद्धि, वार्षिक उत्सव भत्तालगायत अनावश्यक सेवा-सुविधा प्रदान गर्ने, कर्मचारीलाई विभिन्न भत्ता र सुविधा वितरण गर्दा संस्थाको व्यावसायिक आम्दानीभन्दा अन्य आम्दानीलाई समेत गणना गर्ने, कर्मचारीलाई विभिन्न शीर्षकका सेवा सुविधा तय गर्दा आफ्नो संस्थाको आर्थिक हैसियतलाई भन्दा अन्य संस्थामा विद्यमान सेवा-सुविधा भिञ्याउन र रकम बढाउन संस्थाबीच होडबाजी गर्ने, आवश्यकता र विनाऔचित्य वैदेशिक भ्रमण गर्नेलगायत बेथिति रोक्न अख्तियारले सुझाएको छ।

यसअघि अख्तियारले गत १२ र १३ कात्तिकमा सरकारका सचिव र विभागीय प्रमुखलाई बोलाएर छलफल गरेको थियो। लगत्तै बजेट र आयोजनाका बेथिति रोक्ने विषयलाई केन्द्रित गरेर तीनै तहका सरकारलाई २२ बुँदे सुझाव दिएको थियो। त्यही छलफलका आधारमा अख्तियारले अर्को ४६ बुँदे सुझाव पनि दिएको थियो। प्रत्येक महिना विभागीय मन्त्री र सचिवले मातहतका निकायबाट भएका कामकारबाहीको समीक्षा गरी कार्यसम्पादनमा सुधार गर्ने र लापरबाही गर्ने पदाधिकारी/कर्मचारीलाई समयमै सचेत गराउन अख्तियारले भनेको छ।

तीन तहका सरकारबीचको अस्पष्टता र दोहोरोपना हटाउन कार्यविभाजनलाई स्पष्ट बनाउन, नियमित र प्रशासनिक कार्यलाई समेत नीतिगत भनी कानुनबमोजिम मन्त्रालय, विभाग, सचिवालयस्तरबाटै निर्णय हुनुपर्ने विषयसमेत मन्त्रिपरिषद्, परिषद् वा सभाबाट निर्णय गराउने कार्य तत्काल बन्द गर्न, सार्वजनिक खरिदमा ठेक्का सम्झौताबमोजिम कार्य नभए कानुनी कारबाहीको प्रक्रिया सुरु गर्ने, स्वार्थ समूह हाबी हुने गरी कानुन निर्माण हुने गरेको गुनासोका सन्दर्भमा स्वार्थको द्वन्द्व नहुने व्यवस्था मिलाउनेलगायत सुझाव अख्तियारले दिएको छ।

अध्ययन र पूर्वतयारी नगरी ठेक्का लगाउने, प्रतिस्पर्धा निषेध तथा सीमित गर्ने, अनावश्यक रूपमा आयोजना टुक्र्याउने, विनाप्रतिस्पर्धा वा आवश्यकताबेगर सोझै खरिदजस्ता विकृति बन्द गर्ने, अनावश्यक रूपमा सामग्री, सफ्टवेयर, कच्चा पदार्थ, उपकरणलगायत खरिद गर्ने प्रवृत्ति रोक्न पनि अख्तियारले सुझाएको छ।

सार्वजनिक निकायले समयसीमा तोकी सेवा प्रवाह गर्ने, सार्वजनिक सेवामा सूचना प्रविधिको प्रयोग बढाउने, गुनासो सुनुवाइलाई प्रभावकारी बनाउने, स्पष्ट कार्ययोजना बनाई हदबन्दीभन्दा बढी भएका सार्वजनिक र पर्ती जग्गा सरकारको नाममा ल्याउनेलगायत विषय पनि सुझावमा समेटिएको छ।



गत कात्तिकमा सचिव र विभागीय प्रमुखहरूसँग छलफल गरेर २२ र ४६ बुँदे सुझाव दिएको अख्तियारले गत मंसिरमा नियामक निकाय र सार्वजनिक संस्थानका प्रमुखलाई बोलाएर अर्को ४८ बुँदे सुझाव दियो

हचुवा र लहडका भरमा गरिएका काम रोक्न निर्देशन

हचुवा र लहडका भरमा अनावश्यक रूपमा विमानस्थल, पार्क, भ्यु टावर, पिकनिक स्पट, सभा हल, रंगशालाजस्ता संरचना बनाउने काम रोक्ने, सरकारी कर्मचारीले विनाअनुमति तथा कार्यालय समयमा अध्यापन तथा अन्यत्र काम गर्ने कार्यलाई नियन्त्रण गर्ने, आर्थिक ऐनबाट सालबसाली रूपमा दिइँदै आएका राजस्व छुटको प्रभावकारिता अध्ययन गरी यसको आवश्यकता र औचित्यमा पुनरावलोकन गरी छुट दिने विषयमा उपयुक्त निर्णय गर्ने, वैदेशिक सहायतामा सञ्चालित आयोजनामा कार्य सञ्चालनसँग असम्बन्धित, महँगा र अनावश्यक सवारीसाधन र सामग्री खरिद गर्ने प्रवृत्ति रोक्ने र कानुनविपरीत जथाभावी कर्मचारी सरुवा रोक्न पनि अख्तियारले भनेको छ।

■ इन्टरपोलको सहयोगमा पक्राउ पर्दै अभियुक्त

एक सातामै विदेशबाट ल्याइयो चार अभियुक्त



इन्टरपोलबाट रेड नोटिस जारी भई नेपाल ल्याइएका चारैजना गम्भीर प्रकृतिका मुद्दामा फरार थिए

नयाँ पत्रिका

नेपालमा अपराध गरेर विभिन्न देश पुगेका चारजनालाई नेपाल प्रहरीले पक्राउ गरी ल्याएको छ। अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल)को सहकार्यमा एक साताभित्रै चार अभियुक्तलाई नेपाल ल्याउन नेपाल प्रहरी सफल भएको हो। संयुक्त अरब इमिरेट्स (युएई) बाट तीन तथा कुवेतबाट एकजनालाई पक्राउ गरी प्रहरीले ल्याएर कारबाही प्रक्रिया अघि बढाएको छ।

इन्टरपोलबाट रेड नोटिस जारी भएका चारैजना गम्भीर प्रकृतिका मुद्दामा फरार अभियुक्त थिए। बुधबार मात्र दुईजनालाई प्रहरीले युएईबाट पक्राउ गरी ल्याएको छ। विद्युतीय कारोबारको अपराध फरार रहेका प्युठान सरुमारानी गाउँपालिका- १ का ३३ वर्षीया सगिर अहमदलाई बुधबार प्रहरीले नेपाल फिर्ता ल्याएको छ। फेसबुकबाट उनले बालबालिकालाई हिंसा गरेको प्रहरीले जनाएको छ। अनुसन्धानका क्रममा उनी युएईमा रहेको पत्ता लागेपछि प्रहरीले इन्टरपोलको सहयोग मागेको थियो। गत २० भदौमा रेड नोटिस जारी भएकोमा प्रक्रिया पूरा गरी उनलाई बुधबार प्रहरीले नेपाल ल्याएको हो। साइबर ब्युरोले उनीमाथि कारबाही अघि बढाएको छ।

जबर्जस्ती करणी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भई फरार रहेका स्याङ्जा वालिङ नगरपालिका- ११ भोर्लेका ३५ वर्षीय गोपाल बुढाथोकी भन्ने यामबहादुर बुढाथोकीलाई पनि प्रहरीले बुधबार नेपाल फिर्ता ल्याएको छ। उनलाई पनि दुबईबाट पक्राउ गरी ल्याइएको प्रहरी प्रवक्ता डिआइजी कुबेर कडायतले बताए। उनीविरुद्ध एक वर्षअघि नै रेड नोटिस जारी भएको थियो।

जबर्जस्ती करणी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भई फरार रहेका काभ्रेपलाञ्चोक चौँरीदेउराली गाउँपालिका- ८ घर भएका ३१ वर्षीय उमेश लामालाई कुवेतबाट मंगलबार प्रहरीले नेपाल ल्याएको थियो। गत साउनमा उनले एक युवतीमाथि बलात्कार गरेका थिए। बिहे गर्ने आश्वासनमा बलात्कार गरी उनी वैदेशिक रोजगारीमा विदेश भागेको खुलेपछि प्रहरीले इन्टरपोलको सहयोगमा नेपाल ल्याएको हो। प्रहरी वृत्त जगातीले उनीमाथि अनुसन्धान अघि बढाएको छ।

त्यस्तै, भिजिट भिसामा युएई पठाउने भन्दै ठगी गरी फरार रहेका सर्लाहीको जानकीनगर घर भएका कोमलराज उपाध्यायलाई युएईको दुबईबाट पक्राउ गरी २९ मंसिरमा नेपाल ल्याइएको थियो। उनले ८३ जनालाई दुई करोड ६३ लाख रुपैयाँ ठगी गरेको मुद्दा दायर भइसकेको छ। युएईमा त्रिनेत्र म्यानेजमेन्ट नामक कम्पनी नै सञ्चालन गरी त्यसैको आवरणमा उनले भिजिट भिसामा मानव तस्करीको धन्दा चलाएका थिए।

■ इन्टरपोल महासभामा सहभागिताको प्रभाव

विगतमा इन्टरपोलबाट रेड नोटिस जारी भएकालाई वर्षौं प्रयास गर्दा पनि प्रहरीले नेपाल ल्याउन सकेको छैन। पछिल्लो सफलता प्रहरी नेतृत्वले दुई साताअघि सम्पन्न इन्टरपोलको महासभामा गरेको भेटघाटको प्रभाव भएको प्रहरी स्रोत बताउँछ। जसमा प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले भारत, चीन र युएईका प्रतिनिधिसँग फरार अभियुक्तको पक्राउको विषयमा छलफल गरेका थिए। सोही कारण एक सातामै युएईले तीनजनालाई नेपालमा निष्कासन गरेको हो। युएईमा अझै धेरै फरार अभियुक्त बसेका छन्।

सुपुर्दगी सन्धिको अभावका कारण विदेशमा लुकेका अभियुक्तलाई पक्राउ गरेर ल्याउन कठिनाइ भइरहेको प्रहरी अधिकारीहरू बताउँछन्। कुनै पनि देशसँग नेपालको सुपुर्दगी सन्धि कार्यान्वयनमा छैन। हाल नेपाल प्रहरीले ९० जनाभन्दा धेरैलाई इन्टरपोलबाट रेड नोटिस जारी गरेको छ। उनीहरू बसेको देश पत्ता लगाउँदा पनि सम्बन्धित देशले सहयोग नगर्दा पक्राउ गरी ल्याउन नसकिएको प्रहरी अधिकारी बताउँछन्। यस्ता फरार अभियुक्तलाई पक्राउ तथा अन्तरदेशीय अपराधको अनुसन्धानका लागि नेपाल प्रहरीले युएईलगायत देशमा प्रहरी सहचारी राख्न वर्षौंदेखि प्रयास गरे पनि सरकारले स्वीकृत दिएको छैन।

सर्वोच्च अदालतमा ६ न्यायाधीश नियुक्त

काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले ६ जनालाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति गरेका छन्। बुधबार संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएका ६ न्यायाधीशलाई राष्ट्रपति पौडेलले नियुक्त गरेका हुन्।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा १२९ को उपधारा (२) बमोजिम न्यायपरिषद्को सिफारिसमा सारंगा सुवेदी, अब्दुल अजिज मुसलमान, महेश शर्मा पौडेल, टेकप्रसाद ढुंगाना, सुनीलकुमार पोखरेल र बालकृष्ण ढकाललाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ।

बस र ट्रक ठोक्किँदा तीनको मृत्यु

मकवानपुर/ बाराको जितपुरसिमरा उपमहानगरपालिका- २२ स्थित ३ नम्बर पुलनजिक सवारी दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ। बुधबार बिहान २ बजे काँकडभिट्टाबाट काठमाडौंतर्फ आउँदै गरेको बा ३-००१ ख २५८७ नम्बरको बस र हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको ना.७ख ७३०० नम्बरको ट्रक आपसमा ठोक्किँदा दुर्घटना भएको बारा प्रहरी प्रवक्ता डिएसपी दधिराम न्यौपानेले जानकारी दिए। दुर्घनामा घाइते तीनजनाको हेटौंडा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो। मकवानपुर प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीका अनुसार मृत्यु हुनेमा ट्रकचालक तनहुँका २८ वर्षीय पूर्ण गुरुङ, हेटौंडाका बसचालक ४० वर्षीय हरिशमशेर सुयाल थापा र झापा दमक नगरपालिका- ४ का ३५ वर्षीय कालीराम धिमाल छन्।

प्रवक्ता भण्डारीका अनुसार घाइतेमध्ये पाँचजनाको अवस्था गम्भीर छ। सुनसरीको इटहरी उपमहानगरपालिका- ४ की ३५ वर्षीया सम्झना गजुरेल, उनकी छोरी अन्दाजी १२ वर्षकी सोराय गौतम र तीन वर्षीय छोरा सोडनेम गौतमको अवस्था गम्भीर छ। यस्तै, सहचालक झापा दमक नगरपालिकाका कोनगेन्द्र उप्रेती, भारत उत्तराञ्चल प्रदेशका ४७ वर्षका पासाङ कान्डुको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। उनीहरूको चितवनस्थित मेडिकल कलेजमा उपचार भइरहेको छ।

श्रीलंकाका विदेशमन्त्री काठमाडौंमा, आज संयुक्त आयोगको बैठक



काठमाडौं/ श्रीलंकाका विदेशमन्त्री अली साब्री तीनदिने भ्रमणका क्रममा बुधबार काठमाडौं आइपुगेका छन्। परराष्ट्रमन्त्री एनपी साउदको निमन्त्रणामा नेपाल-श्रीलंका संयुक्त आयोगको बैठकमा सहभागी हुन उनी आएका हुन्। परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगको बैठक बिहीबार बस्नेछ।

'श्रीलंकाका विदेशमन्त्री आइपुगेका छन्। दुई देशको संयुक्त आयोगको बैठक बिहीबार बस्नेछ,' परराष्ट्र मन्त्रालयका सहायक प्रवक्ता ऋषिराज आचार्यले भने। उनका अनुसार परराष्ट्रसचिव सेवा लम्सालले श्रीलंकाली परराष्ट्रमन्त्री साब्रीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेकी थिइन्। काठमाडौं आएलगत्तै बुधबार साब्रीले महाराजगन्जस्थित श्रीलंकाली दूतावासको भ्रमण गरेका थिए। बैठक तयारीकै विषयमा नेपालका लागि श्रीलंकाली राजदूत जनरल सुदर्शना पाथीरानाले सोमबार परराष्ट्रमन्त्री एनपी साउदसँग शिष्टाचार भेट गरेका थिए।

संयुक्त आयोगको बैठकमा परराष्ट्रमन्त्री साउदले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नेछन्। 'प्रतिनिधिमण्डलमा विभिन्न एजेन्डासँग सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधि सहभागी हुनुहुन्छ,' सहायक प्रवक्ता आचार्यले भने। संयुक्त आयोगको बैठकमा व्यापार तथा लगानी, पर्यटन, शिक्षा, रक्षा, संस्कृति, जनस्तरको सम्पर्क एवं कनेक्टिभिटीलगायत दुई देशका द्विपक्षीय सहकार्यका विषयमा छलफल हुनेछ।

बुटवल पावर कम्पनी लिमिटेड

bpc BUTWAL POWER COMPANY LIMITED

बुद्धनगर, वानेश्वर, काठमाण्डौ

३१औं वार्षिक साधारण सभाको सूचना

मिति २०८०।०८।२९ (तद्नुसार १५ डिसेम्बर २०२३) मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको ३१ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा हुने मिति, स्थान र समय :

मिति : २०८० पौष २९ गते आईतवार (तद्नुसार जनवरी १४, २०२४) ।
समय : बिहान ११:०० बजे ।
स्थान : कार्की ब्याङ्क्वेट बबरमहल, काठमाण्डौ ।

छलफलका विषयहरु:

(क) सामान्य प्रस्ताव:

१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९/८० को वित्तिय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०८०/८१ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. शेयर दाखिल खारेज बन्द भएको मिति सम्म कायम शेयरधनीहरूलाई आ.ब. ०७९/८० को मुनाफाबाट चुक्ता पूंजीको ५% (पाँच प्रतिशत) नगद लाभांश वितरण गर्ने ।

(ख) विशेष प्रस्ताव:

१. आ.व. २०७९/८० मा विभिन्न संस्था तथा व्यक्तिहरूलाई दिइएको आर्थिक सहयोग रकम रू. २,८६,५८२/- अनुमोदन गर्ने ।
२. कम्पनीको प्रतिशेयर रू. १०० दरका १,००,००,००० (एक करोड) कित्ता शेयरहरू प्रचलित ऐन नियम वमोजिम प्रिमियम मुल्यमा थप सार्वजनिक निष्काशन गर्ने र सो प्रयोजनका लागि कम्पनीको जारी पूँजी बृद्धि गरी प्रवन्धपत्रको दफा ५(ख) संशोधन गर्ने ।
(नोटः हालको जारी पूँजी रू. ३,४०,९०,६४,६०० लाई बढाएर रू. ४,४०,९०,६४,६०० पुऱ्याउने ।)
३. नियमावलीको नियम १६ मा संशोधन गर्ने ।
(नोटः संचालक समितिमा संचालकहरूको संख्या ७ कायम गर्ने ।)

(ग) विविध ।

साधारण सभा सम्बन्धी जानकारीहरु:

१. कम्पनीको शेयर दाखिल खारेजको कार्य मिति २०८०।०९।१९ देखी मिति २०८०।०९।२९ सम्म बन्द रहने छ ।
२. कम्पनी ऐन, २०६३ को दफा ८४ वमोजिम संक्षिप्त आर्थिक प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा अलग्गै प्रकाशित गरिएको छ र सो प्रतिवेदन सहितको संक्षिप्त वार्षिक प्रतिवेदन तथा कम्पनी सम्बन्धी अन्य जानकारीहरू कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाडौंबाट प्राप्त गर्न तथा कम्पनीको वेभ साईट www.bpc.com.np मा हेर्न सकिने छ ।
३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौमा सभा शुरू हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । शेयरवालाको नाम, र दस्तखत मध्ये कुनै नमिले वा शेयर संख्या बढी उल्लेख भएमा प्रतिनिधिपत्र रद्द हुनेछ ।
४. एकै शेयरधनीले एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिला दिएको प्रोक्सी वदर गरेको भन्ने व्यहोरा उल्लेख भई पछिल्लो प्रोक्सी दर्ता हुन आएमा वाहेक पहिला दर्ता हुन आएको प्रोक्सीले मान्यता पाउने छ ।
५. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ९:०० वजेदेखि खुल्ला रहने छ । हाजिर गर्नका लागि परिचय खुल्ने कुनै पनि कागजातहरू जस्तैः नागरिकता, चालक अनुमतिपत्र आदि अनिवार्य रूपमा प्रस्तुत गर्नु पर्नेछ ।
६. शेयरधनी कुनै संगठित संस्था वा कम्पनी भएमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।
७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।
८. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर नक्साल, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

आज्ञाले
कम्पनी सचिव

आन्तरिक राजस्व कार्यालय, दमौलीको सम्पर्क गर्न आउने बारेको सूचना ।

प्रकाशित मिति २०८०/०९/०५

उपरोक्त विषयमा यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहनुभएका तपाई श्री मनकामना मार्केटिङ (स्थायी लेखा नम्बर ६०५१५१०८८, प्रोपाईटर शुसिला बराल) को आ.व. २०७५।०७६ को कारोबारको पूर्ण कर परिक्षण सम्पन्न भै आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिमको संशोधित कर निर्धारणको सूचना जारी गरी तपाईलाई कार्यालयको अभिलेख अनुसारको ठेगानामा पटक पटक सम्पर्क गर्दा सम्पर्क हुन नसकेको, हुलाक मार्फत पत्राचार गर्दासमेत ठेगाना पत्ता नलागेको भनी फिर्ता भएको हुनाले यसै सूचनालाई आधार मानी सात दिनभित्र कार्यालयमा सम्पर्क गर्नुहुन अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय कलैया, बाराको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/०५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सि.सि बैंक लि.) शाखा कार्यालय कलैया, बाराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा मिति २०७४/१२/०९ मा प्रा.फ.र.नं. ६५८५/०७४/७५ कायम भई दर्ता रहेको बारा जिल्ला, महागढिमाई ना.पा. वडा नं.०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **प्रियंका राईस मिल** (प्रोप्राईटर मौज सहनी मलाहको नाति, जादो सहनी मलाहको छोरा, बारा जिल्ला, पथरहटी गा.वि.स. वडा नं.०४, स्थायी ठेगाना भई, हाल बारा जिल्ला, महागढिमाई न.पा. वडा नं.०६ बस्ने **रामेश्वर सहनी मलाह** (ना.प्र.नं. १२९२/०२८६/१२७१, जारी मिति २०५१/०४/०६, जिल्ला प्रशासन कार्यालय बारा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. मौज सहनी मलाहको नाति, जादो सहनी मलाहको छोरा, बारा जिल्ला, पथरहटी गा.वि.स. वडा नं.०४, स्थायी ठेगाना भई, हाल बारा जिल्ला, महागढिमाई न.पा. वडा नं.०६ बस्ने **रामेश्वर सहनी मलाह** (ना.प्र.नं. १२९२/०२८६ /१२७१, जारी मिति २०५१/०४/०६, जिल्ला प्रशासन कार्यालय बारा)।
२. जादो सहनी मलाहको बुहारी, रामेश्वर सहनी मलाहको पत्नि, बारा जिल्ला, पथरहटी गा.वि.स. वडा नं.०४, स्थायी ठेगाना भई, हाल बारा जिल्ला, महागढिमाई ना.पा. वडा नं.०६ बस्ने **शान्ति देवी** (ना.प्र.नं.३३१०५९/४९०७, जारी मिति २०७०/०९/०७, जिल्ला प्रशासन कार्यालय बारा)।
३. मौज सहनी मलाहको बुहारी, जादो सहनी मलाहको पत्नि, बारा जिल्ला, पथरहटी गा.वि.स. वडा नं.०४, स्थायी ठेगाना भई, हाल महागढिमाई ना.पा. वाड नं.०६ बस्ने **फुलैनिआ मलाहीन** (ना.प्र.नं. १७५/५८२७०२८७, जारी मिति २०४४/१२/०५, जिल्ला प्रशासन कार्यालय बारा)।

धितो सुरक्षणको विवरण:

१. **रामेश्वर सहनी मलाह**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला पथरहटी गा.वि.स. वडा नं.०४ स्थित कित्ता नं. ७३७ को क्षेत्रफल ०-०-१७-५ (वि.क.धु) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. ऋणी **प्रियंका राईस मिल**को सम्पूर्ण चल अचल सम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी गरिदिने धितो सुरक्षण लिखत वा हाईपोथिकेशन।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय कलैया, बारा फोन नं. ०५३-५५११९५

भूकम्पमा भागेका कैदी आठ वर्षपछि पक्राउ

काठमाडौं/ भूकम्पको समयमा कारागारबाट भागेका कैदी आठ वर्षपछि पक्राउ परेका छन् । १२ वैशाख ०७२ मा आएको विनाशकारी भूकम्पमा सिन्धुपाल्चोक कारागारबाट भागेका ४२ वर्षीय निमा लामालाई प्रहरीले कास्कीको विजयपुरबाट पक्राउ गरेको हो । लामा कर्तव्य ज्यान मुद्दाका कैदी हुन् ।

एमाले सचिवालयमा झुलाघाट-चिवाभञ्ज्याङ अभियानको समीक्षा

'राजावादीको चलखेल र नयाँ शक्तिको भाष्य निस्तेज बनायौं'



शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले बैतडीको झुलाघाटदेखि पाँचथरको चिवाभञ्ज्याङसम्म सञ्चालित १८ दिने अभियानले राजवादी र पहिचानवादीको चलखेल र षड्यन्त्र निस्तेज बनाएको निष्कर्ष निकालेको छ । अध्यक्ष केपी ओलीको निवास बालकोटमा बुधबार सम्पन्न केन्द्रीय सचिवालयको अनौपचारिक बैठकले अभियानको समीक्षा गर्दै त्यस्तो निष्कर्ष निकालेको हो ।

१४ मंसिरमा झुलाघाटबाट सुरु भएको अभियान १ पुसमा चिवाभञ्ज्याङ पुगेर समापन भएको थियो । अभियान सकेर काठमाडौं फर्किएपछि अध्यक्ष ओलीले पदाधिकारी सम्मिलित सचिवालयको अनौपचारिक बैठक बोलाएर छलफल गरेका हुन् ।

'राजवादीहरू सलबलाएर राजा आऊ देश बचाऊ भन्दै हल्ला फैलाउँदै थिए, परिवर्तनकामी एमालेजस्ता पार्टीलाई पुरानो कित्तामा हालेर अब नयाँ पार्टीले गर्छ भन्ने जे भाष्य खडा गर्न खोजिँदै थियो, हाम्रो अभियानले राजावादी, पहिचानवादी, नयाँ पार्टी भनिने सबैका भ्रम, चलखेल र षड्यन्त्रलाई निस्तेज गरेको निष्कर्ष निकालेका छौं,' सचिव पद्मा अर्यालले नयाँ पत्रिकासँग भनिन्, 'अभियानमा देखिएको जनसहभागिता र जागरणले एमाले अरूभन्दा फरक र जनआधारित पार्टी हो, जनताको आशा र भरोसा एमालेमाथि नै छ भन्ने तथ्यलाई पुनः एकपटक प्रमाणित गरेको छ ।'

बैठकमा अध्यक्ष ओलीले अभियानको निष्कर्षबारे उपाध्यक्षसहित पदाधिकारीसँग सुझाव लिएका थिए । अभियानले जनतामा जागरण र उत्साह पैदा गरेको र कार्यक्रम पूर्ण रूपमा सफल रहेको पनि एमाले निष्कर्ष छ । निष्कर्ष सार्वजनिक गर्न एमालेले ८ पुसमा बृहत् पत्रकार सम्मेलन आयोजना गर्ने भएको छ । अध्यक्ष ओलीले अभियानको निष्कर्ष सार्वजनिक गर्नेछन् ।

उपमहासचिव प्रदीप ज्ञवालीले समृद्धिका लागि संकल्प यात्रा अभियानले राष्ट्रिय अभियानको स्वरूप ग्रहण गरेको निष्कर्ष निकालिएको जानकारी दिए । 'अभियान राम्रो, भव्य र उपलब्धिपूर्ण रह्यो, यो अभियान एमालेको मात्र होइन, राष्ट्रिय अभियानजस्तै बन्यो,' ज्ञवालीले नयाँ पत्रिकासँग भने, 'सबै निष्कर्षलाई लिपिबद्ध गरेर पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्नेछौं ।'

अध्यक्ष ओलीलाई जिल्ला-जिल्लामा सबै राजनीतिक दलले स्वागत गरेर साझा र सर्वदलीय मागपत्र र ज्ञापनपत्र बुझाएको र कार्यक्रममा पनि सबै राजनीतिक दल र सर्वपक्षीय भेटघाट र अन्तर्क्रिया भएका कारण अभियानले राष्ट्रिय स्वरूप ग्रहण गरेको एमालेको निष्कर्ष छ ।

सबै भ्रम, चलखेल, षड्यन्त्र निस्तेज भए

● **पद्मा अर्याल**, एमाले सचिव

राजवादीहरू सलबलाएर राजा आऊ देश बचाऊ भन्दै हल्ला फैलाउँदै थिए, यस्तै परिवर्तनकामी एमालेजस्ता पार्टीलाई पुरानो कित्तामा हालेर अब नयाँ पार्टीले गर्छ भन्ने जे भाष्य खडा गर्न खोजिँदै थियो, हाम्रो अभियानले सबैका भ्रम, चलखेल र षड्यन्त्रलाई निस्तेज गरेको निष्कर्ष निकालेका छौं

अर्को अभियान चलाउने

आगामी ९ वैशाखमा पार्टी स्थापना दिवस मनाउनुअघि नै एमालेले झुलाघाट-चिवाभञ्ज्याङजस्तै अर्को राष्ट्रिय अभियान आयोजना गर्ने भएको छ । नेपालमा कम्युनिस्ट पार्टी स्थापनाको ७५औं वर्ष प्रवेशमा एमालेले कम्युनिस्टहरूको अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्नेदेखि चौथो महाधिवेशनस्थल सिराहामा संग्रहालय निर्माण गर्ने, कम्युनिस्ट आन्दोलनको पुस्तक प्रकाशन र डकुमेन्ट्री निर्माण गर्नेलगायत तयारी गरिरहेको छ । त्यसअगावै तराईकेन्द्रित गरेर हुलाकी राजमार्गकेन्द्रित छुट्टै अभियान सञ्चालन गरिने महासचिव शंकर पोखरेलले मंगलबार घोषणा गरेका थिए ।

सचिव अर्यालले पनि पार्टी स्थापना दिवसअगावै समृद्धिका लागि संकल्प यात्राजस्तै तराईमा हुलाकी राजमार्गकेन्द्रित या काठमाडौं उपत्यकाकेन्द्रित राष्ट्रियस्तरकै अभियान सञ्चालन गर्ने गरी पार्टीले तयारी गरिरहेको बताइन् । अब बस्ने सचिवालय र स्थायी समिति बैठकमा त्यसबारे छलफल गर्ने एमालेको तयारी छ ।

एनसेल प्रकरणमा राज्य व्यवस्था र लेखा आमनेसामने

काठमाडौं/ एनसेलको सेयर खरिद-बिक्री प्रकरणमा संसदीय समितिबीच कार्यक्षेत्रको विवाद देखिएको छ । यो प्रकरणलाई अहिले अर्थ, लेखा र राज्य व्यवस्था समितिले हेरिरहेका छन् । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले पनि छलफल चलाउने तयारी गरेको छ । तीनवटा समितिमा छलफल चल्दै गर्दा कार्यक्षेत्रको विवाद सतहमा आएको हो ।

बुधबार लेखा समिति सभापति ऋषिकेश पोखरेलले आफ्नो कार्यक्षेत्रको विषयमा अरू समितिले छलफल चलाएको भन्दै सामाजिक सञ्जालबाट असन्तुष्टि जनाए । लेखा समितिले २० मंसिरमा सेयर खरिद-बिक्री रोक्न निर्देशन दिँदै थप स्पष्ट पार्न प्रधानमन्त्रीलाई बोलाउने निर्णय गरेको थियो । मंगलबार राज्य व्यवस्था समितिले प्रधानमन्त्री, सञ्चारमन्त्रीलगायत सम्बद्ध अधिकारी बोलाएर छलफल गरेपछि लेखा सभापति पोखरेलले आक्रोश पोखेका हुन् । 'सरकारी सन्डमुसन्डहरू सार्वजनिक लेखा समितिले गरेको एनसेल भ्रष्टाचार काण्डसम्बन्धी निर्णयलाई र सरकारलाई दिएको दबाबलाई कमजोर बनाउन र भ्रष्टाचारलाई छोप्न आफ्नो कार्यक्षेत्रभन्दा बाहिर विभिन्न संसदीय समितिमार्फत विषय बंग्याउने र जनतालाई भ्रम छर्ने कामको खेद व्यक्त गर्दछु र जनतालाई सचेत हुन अपिल गर्दछु,' उनले लेखेका छन् ।

सभापति पोखरेलले सरकारी सुन्डमुसन्डहरू भन्दै प्रयोग गरेको भाषाप्रति राज्य व्यवस्था समितिका सदस्यले आपत्ति जनाएका छन् । 'लेखा समिति सभापतिले सरकारी सुन्डमुसन्ड भन्दै हाम्रो समितिको सभापतिलाई भ्रष्टाचार छोप्नका लागि सरकारले अराएर यो बैठक राख्नुभएको र निर्णय पनि त्यहीअनुसारले गर्नुभएको भनेर उठाउनुभएको छ,' बुधबार राज्य व्यवस्था समिति बैठकमा सदस्य गगन थापाले भने, 'यो समितिको विषय हो कि होइन ? यो विषयमा बैठक राख्ने र प्रधानमन्त्री बोलाउने समितिमा छलफलबाटै निर्णय भएको होइन ? सभापति एक्लैको निर्णय हो ? बैठकमा सबैले भाग लिएको हो, छलफल गरेर निर्देशन दिएको हो । यस्तोमा एउटा सभापतिले सार्वजनिक रूपमा अर्को समितिबारे यो स्तरमा उत्रिनु उचित होइन । यो संसद्को गरिमा र मर्यादासँग जोडिने कुरा हो । यसलाई हल्का रूपमा लिनुहुँदैन ।' यो विषय समितिका तर्फबाट सभापतिसँग उठाउन र गम्भीरतापूर्वक छलफल गर्न उनले माग गरे ।

> गगन, रवि र राजेन्द्रको आपत्ति, सभापति खतिवडाले सभामुखसँग संवाद गर्ने

रास्वपाका रवि लामिछाने र एकीकृत समाजवादीका राजेन्द्र पाण्डेले थापाको कुरामा सहमति जनाउँदै सभामुखसँग राख्न सभापतिलाई अनुरोध गरे । सभापति रामहरि खतिवडाले यो विषयमा समन्वय गरेर कुरा राख्ने बताए ।

राज्य व्यवस्था समितिबाट संस्थागत रूपमा विरोध भएपछि लेखा समिति सभापति पोखरेलले आफ्नो स्टाटसबाट 'सरकारी सुन्डमुसन्डहरू' भन्ने शब्द हटाएका छन् । त्यसको ठाउँमा सरकारी शक्ति, सत्ता, पहुँच र साधन भन्ने शब्द राखेका छन् । आफ्नो स्टाटसबारे पोखरेलले नयाँ पत्रिकासँग भने, 'मैले कुनै समिति र कुनै माननीयप्रति लक्षित गरेको होइन । मेरो निर्वाचन क्षेत्रका मतदाताले सोधेको प्रश्नलाई सरकारसमक्ष राखेको हुँ । मेरो शब्दहरू अमर्यादित छैनन् । एउटा समितिले कुनै एउटा विषयमा निर्देशन दिइसकेपछि सबै समिति जानुले सरकार समाधान दिनेतर्फ भन्दा पनि छलफल बढाउनेतर्फ अग्रसर देखिन्छ । ट्विस्ट गराउने कोसिस हो ।'

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग
थापाथली, काठमाडौं

राष्ट्रिय वनस्पति पुरस्कार, २०८० सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन भएको मितिः २०८०/०८/१४

वनस्पतिको संरक्षण, सम्वर्द्धन एवं दिगो उपयोग मार्फत् देशको सामाजिक, आर्थिक, वातावरणीय विकासमा प्रशंसनीय कार्य गर्ने एवं वानस्पतिक विविधताको पहिचान, अध्ययन अनुसन्धान, प्रविधि विकासमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई सम्मान गर्ने एवं अनुसन्धानकर्तालाई वनस्पतिसम्बन्धी अध्ययन अनुसन्धान तथा प्रविधि विकासतर्फ उत्प्रेरित गर्ने उद्देश्यले प्रदान गरिने **"राष्ट्रिय वनस्पति पुरस्कार"** का लागि योग्य व्यक्तिको पहिचान गरी पुरस्कृत गर्नको लागि नेपाली नागरिक स्वयं वा प्रतिनिधि मार्फत् निवेदन दिन यस विभागको आधिकारिक वेबसाईट (www.dpr.gov.np) मा राखिएको आवेदन फारम र वैयक्तिक विवरणको ढाँचा भरी सम्बन्धित व्यक्ति वा संस्थाहरुले उपयुक्त व्यक्तिको सिफारिस गरी २०८०/०९/१३ गतेभित्र वनस्पति विभाग, थापाथली, काठमाडौंमा वा ईमेल info@dpr.gov.np मा आइपुग्ने गरी आवेदन आह्वान गरिएको छ ।

सम्पर्क : प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा
फोन नं. : ०१५३६८२४६

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको धितोमा रहेको सम्पति पुनः लिलाम बिकीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०९/०५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस १२ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय हेटौंडा, मकवानपुरमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

१. ऋणीको विवरण:

नेपाल सरकार उद्योग मन्त्रालय नगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा हेटौंडामा मकवानपुर, प्राइभेट फर्म रजिस्ट्रेसन ऐन २०१४ अर्न्तगत मिति २०७४/०६/०२ मा प्रा.फ.र.न. ७०६५/२८७/२०७४/२०७५ मा दर्ता कायम भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौंडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६९७९७५७ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा वडा नं. ४ मा रजिस्टर्ड कार्यालय रहेको **भ्वाइस मार्ट** (प्रोप्राईटर गंज बहादुर कार्कीको नाति, राम बहादुर कार्कीको छोरा, मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ०६ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म न.पा., वडा नं. ०६ बस्ने **पुजन कार्की**, ना.प्र.नं. ३१-०१-७०-०२०६९, जारी मिति २०७०/०२/२२, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. गंज बहादुर कार्कीको नाति, राम बहादुर कार्कीको छोरा, मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ०६ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म न.पा., वडा नं. ०६ बस्ने **पुजन कार्की** (ना.प्र.नं. ३१-०१-७०-०२०६९, जारी मिति २०७०/०२/२२, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।
२. बल बहादुर कार्कीको नाति, गंज बहादुर कार्कीको छोरा, शान्ती कुमारी कार्कीको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म न.पा., वडा नं. ०६ (साबिक मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ०६) बस्ने **राम बहादुर कार्की** (ना.प्र.नं. ३२९७, जारी मिति २०४२/११/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।
३. गंज बहादुर कार्कीको बुहारी, भक्त बहादुर नेपालको छोरी, राम बहादुर कार्कीको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०६ (साबिक मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ०६) बस्ने **शान्ती कुमारी कार्की** (ना.प्र.नं. २५९०५, जारी मिति २०५०/०५/२०, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **राम बहादुर कार्की**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ०६ स्थित कित्ता नं. १४६७ र ५२९४ को क्षेत्रफल क्रमश ०-३-० र ०-१-१.५(बि.क.धु) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **शान्ती कुमारी कार्की**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा.वडा नं. ०७ स्थित कित्ता नं. ११०९ को क्षेत्रफल ०-६-० (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. ऋणीहरुको विवरण:

१. प्रदेश सरकार ,उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा मकवानपुरमा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम मिति २०७८/०४/१३ प्रा.फ.र.न. २८३७/१९१३/०७८/०७९ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौंडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१६१५९८४० को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहेको **पाथिभरा टु सप्लायर्स** (प्रोप्राईटर चन्द्रकान्त पुडासैनीको नाति, माधव प्रसाद पुडासैनीको छोरा, अम्बिका पुडासैनीको पति, मकवानपुर जिल्ला, भिमफेदी गा.वि.स वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ११ नवलपुर बस्ने **दशरथ पुडासैनी**, ना.प्र.नं. १६२४, जारी मिति २०५१/१२/३०, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।
२. नेपाल सरकार उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर हेटौंडामा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ अनुसार मिति २०७३/०५/०८ प्रा.फ.र.नं. ६२२०/१९१/२०७३/०७४ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौंडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०५०२३३३६ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ११ स्थित रजिष्टर्ड कार्यालय रहेको **पाथीभरा कस्मेटिक एण्ड सप्लायर्स** (प्रोप्राईटर माधव प्रसाद पुडासैनीको बुहारी, बुद्ध प्रसाद हुमागाईको छोरी, दशरथ पुडासैनीको पत्नी, मकवानपुर जिल्ला, भिमफेदी गा.वि.स वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ११, नवलपुर बस्ने **अम्बिका पुडासैनी**, ना.प्र.नं. ३१३०३०/२६७, जारी मिति २०६३/१०/१९, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. चन्द्रकान्त पुडासैनीको नाति, माधव प्रसाद पुडासैनीको छोरा, अम्बिका पुडासैनीको पति, मकवानपुर जिल्ला, भिमफेदी गा.वि.स वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ११ नवलपुर बस्ने **दशरथ पुडासैनी** (ना.प्र.नं. १६२४, जारी मिति २०५१/१२/३०, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।
२. माधव प्रसाद पुडासैनीको बुहारी, बुद्ध प्रसाद हुमागाईको छोरी, दशरथ पुडासैनीको पत्नी, मकवानपुर जिल्ला, भिमफेदी गा.वि.स वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ११, नवलपुर बस्ने **अम्बिका पुडासैनी** (ना.प्र.नं. ३१३०३०/२६७, जारी मिति २०६३/१०/१९, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।
३. माधव प्रसाद पुडासैनीको नाति, दशरथ पुडासैनी/अम्बिका पुडासैनीको छोरा, भिमफेदी गा.वि.स वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ११ नवलपुर बस्ने **दिपेश पुडासैनी** (ना.प्र.नं. ३१-०१-७३-०२७७५, जारी मिति २०७३/२/३०, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।

लिलाम हुने सम्पतिको विवरण:

१. **अम्बिका पुडासैनी**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा नगरपालिका वडा नं. ११ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ११) स्थित कित्ता नं. ६४३९ को क्षेत्रफल ०-०-१० (बि.क.धु) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० पुस ११ गते** भित्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुर स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुन आउने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस १२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुर स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुर स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० पुस १२ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय हेटौंडा, मकवानपुर फोन नं. ०५७-५२४१४३

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालयः
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/०९/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट तपसिलका ऋणीले यस डेभलपमेन्ट बैंकको जुम्ला शाखा कार्यालयबाट महिला उधमशिलता कर्जा (आवधिक) शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सुचना मार्फत सुचीत गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र उक्त समय भित्र तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको चल अचल जायजेथा सम्पत्ति रोका राखी कानुनी प्रक्रिया अपनाई असुल उपर गरिने र ऋणीलाई कालोसुचीमा समेत सुचीकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचीत गरिन्छ ।

तपसिल

ऋणी/प्रोप्राईटरको विवरण	जमानीकर्ताको विवरण
ऋणी : योगेश्वरी होटल दर्ता गर्ने कार्यालय : उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, कर्णाली प्रदेश, जुम्ला प्रा.फ.नं.उ.उ.हि.स.का.: २५८२/०७७/०७८ दर्ता मिति : २०७७/०८/२६ पान नं. ६१४४६९८०४ ठेगाना : चन्दननाथ-४, जुम्ला **प्रोप्राईटर/जमानीकर्ताको नाम : योगेश्वरी मल्ल (शाही)** बाबुको नाम : टेक बहादुर मल्ल पतिको नाम : तपेन्द्र कुमार शाही ससुराको नाम : लाल बहादुर शाही ठेगाना : महत-९, जुम्ला हालको ठेगाना : चन्दननाथ-४, जुम्ला ना.प्र.नं. : ६०/१०१८ जारी गर्ने कार्यालय : जि.प्र.का जुम्ला जारी मिति : २०६८/०२/२३ **कर्जा शिर्षक : महिला उधमशिलता कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : जुम्ला**	१) **नाम : तपेन्द्र कुमार शाही** बाबुको नाम : लाल बहादुर शाही बाजेको नाम : कलधर शाही ठेगाना : महत-९, जुम्ला हालको ठेगाना : चन्दननाथ-४, जुम्ला ना.प्र.नं. : ७३१६ जारी गर्ने कार्यालय : जि.प्र.का जुम्ला जारी मिति :२०६२/०७/१३

Upper Tamakoshi Hydropower Limited
अपर तामाकोशी हाइड्रोपावर लिमिटेड
UTKHPL

अन्नपूर्ण मार्ग, ज्ञानेश्वर, काठमाण्डौं,
फोन नं. ४५२०२४५, ४५२१६४४
को

शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्ने बारे सूचना ।

शिलबन्दी बोलपत्र पेश गर्नुपर्ने शुरु मितिः २०८०/०५/१३ गते, शुक्रबार
शिलबन्दी बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति : २०८०/०५/२५ गते, आइतबार

अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको हकप्रद शेयर मिति २०८०/०५/१८ गतेका दिन दैंखि २०८०/०६/२२ गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा सर्वसाधारण समूहतर्फ १,७०,१९,५३० कित्ता शेयरको लागि आवेदन नपरेकाले धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को निर्देशन नं.१५ मा उल्लेखित प्रावधानको अधिनमा रही उक्त शेयरहरु लिलाम बढाबढ गरी बिक्री गर्न यस कम्पनीको संचालक समितिको निर्णयानुसार उक्त शेयर खरीद गर्न इच्छुक जो कोही व्यक्ति, संस्था वा कम्पनीले मिति २०८०/०९/२९ गतेभित्र तल उल्लेखित संकलन केन्द्रहरुमा आईपुग्ने गरी प्रति शेयर के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ ।

बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरणः १,७०,१९,५३० कित्ता (सर्वसाधार

सुटिङ सेटमा तर्सिन्थे करण

कफी विथ करणको आगामी शृंखलामा अजय देवगन र रोहित सेट्टी देखिँदै छन् । यस शृंखलामा प्रस्तोता करण जौहरले आफ्नो पुरानो एक अनुभव सुनाएका छन् । उनका अनुसार 'दिल जले दुल्हनिया लेजाएँगे'को सुटिङका दौरान उनी अमरिश पुरीसँग तर्सन्थे । यस फिल्ममा करण जौहर सहायक निर्देशक थिए ।





दुबईमा शाहरूख

'डंकी'को प्रमोसनका लागि शाहरूख खान दुबई पुगेका छन् । दुबईमा एक मलबाट निस्कँदै गरेका शाहरूखलाई ह्विलचेयरमा बसेकी एक महिला फ्यानले तस्बिर खिच्न अनुरोध गरेकी थिइन् । शाहरूखले उनीनजिक गएर आफैँ सेल्फी लिएको भिडियो अहिले सामाजिक सञ्जालमा भाइरल बनेको छ ।

जाडोमा प्रदूषणको असर

वायु प्रदूषणबाट सधैँ सतर्क रहनुपर्छ । हिउँदमा हुने सुक्खापनले अझै प्रदूषण बढ्छ । यस मौसममा चिसोले समेत समस्या निम्त्याउँछ । धुवाँ-धुलो र प्रदूषणका कारण छातीसम्बन्धी विभिन्न समस्या देखापर्ने गर्छन् । सहरी क्षेत्रमा गाडीको अत्यधिक चाप र यसबाट निस्कने फोहोरले मानिसको स्वास्थ्यमा बढी असर गरिरहेको हुन्छ ।



प्रदूषण किन हुन्छ ?

वायुमण्डलमा हानिकारक तत्त्वहरू रहेको अवस्था 'वायु प्रदूषण' हो । प्राकृतिक र औद्योगिक दुवै कारणले यस्ता तत्त्वहरू निस्किरहेका हुन्छन् । सहरी क्षेत्रमा विशेषगरी यातायात र उद्योगले प्रदूषण बढाइरहेको हुन्छ । यसबाट निस्कने धुवाँमा कार्बनमनोअक्साइड, सल्फर डिअक्साइड, नाइट्रोजन अक्साइडलगायत हानिकारक तत्त्वहरू हुन्छन् । त्यस्तै, फोहोरले पनि प्रदूषण निम्त्याइरहेको हुन्छ । यसले विभिन्न संक्रमणहरू सार्न सक्छ ।

जाडोमा समस्या किन बढी देखिन्छ ?

जाडोमा हावाको घनत्व बढ्ने र तापक्रम कम हुने भएकाले प्रदूषणको स्तर बढ्छ । प्रदूषणको स्तर बढ्नुको अर्को कारण हावा कम चल्नु पनि हो ।

त्यस्तै, जाडोमा हावाको आर्द्रता कम हुन्छ । सक्खा हावाले धेरै प्रदूषण समात्छ । अर्कोतर्फ, तातो हावाको दाँजोमा चिसो हावा भित्रसम्म गढ्छ र जटिलता निम्त्याउँछ । प्रदूषणले श्वासप्रश्वाससँग जोडिएका विभिन्न स्वास्थ्य समस्या निकाल्छ ।

डाक्टरको सल्लाह



डा. विवेकप्रताप शाह
कन्सल्टेन्ट फिजिसियन, विजयपुर हस्पिटल एन्ड रिसर्च, धरान

बच्चन के गर्ने ?

- प्रदूषण भएपछि सास फेर्दा हाम्रो फोक्सोमा जान्छ र एजर्ली, रुघा, दमलगायत रोग देखाउँछ । जटिल अवस्थामा फोक्सोको क्यान्सर, मुटुको समस्या पनि देखाइरहेको हुन्छ । यस मौसममा छाला सुक्खा हुने तथा छालामा विभिन्न एलर्जीहरू देखिने गर्छ । हामीले मास्कको अनिवार्य प्रयोग गर्नुपर्छ । आँखामा चस्मा लगाउन सकिन्छ । सरसफाइमा ध्यान दिनुपर्छ । छालामा एलर्जी आउन नदिन बाहिर निस्कँदा सनब्लक लगाउनुपर्छ ।
- मुटुरोगी, दमको समस्या भएकाहरू चिसोबाट बच्न जरुरी छ । बिहानै चिसोमा बाहिर निस्कनुहुँदैन । बरु, घरमै जुम्बा, योगा, एरोबिक्सलगायत अभ्यास गर्न सकिन्छ । वाकमै निस्कन मन छ भने हल्का घाम लागेर वातावरण न्यानो भएपछि निस्कँदा हुन्छ । शारीरिक रूपमा सक्रिय रहन जरुरी छ ।
- बालबालिका र वृद्धवृद्धाको विशेष स्याहार गर्नुपर्छ । शरीरमा पानीको कमीका कारण पनि विभिन्न समस्या देखिने भएकाले पानी प्रशस्तै पिउनुपर्छ ।

तुलसीसँगै रोप्नुस् यी बिरुवा

धेरैको घरमा तुलसी रोपिएको हुन्छ । कसैले पूजाका लागि त कसैले यसलाई जडीबुटीका रूपमा रोप्छन् । हिन्दूधर्ममा यस बिरुवाको विशेष महत्त्व छ । त्यस्तै, औषधीय गुणका लागि पनि यो चिनिन्छ ।

तुलसीका अन्य फाइदा पनि छन् । जसकारण यसलाई एक उत्कृष्ट 'कम्पेनियन प्लान्ट' (अन्य बिरुवाको साथी) पनि मानिन्छ । तुलसीका साथी बिरुवाहरूमध्ये शतावरी एक हो ।



शतावरी : शतावरी र तुलसीलाई एकसाथ लगाउँदा एफिड्स र अन्य हानिकारक कीटाणुलाई टाढा भगाउन सकिन्छ । शतावरी एक बाह्रमासे तरकारी हो, जसलाई घरका गमलामा रोप्न सकिन्छ ।

मुला : मुला, गाँजर, चुकन्दरलगायत तरकारीलाई पनि तुलसीसँग रोप्न सकिन्छ । तुलसीको बिरुवामा हुने कीटनासक सुगन्धका कारण यी बिरुवामा पनि किरा लाग्न पाउँदैन । तुलसीको सुगन्धका कारण यी तरकारीको स्वाद पनि राम्रो हुन्छ । तुलसी रोपिएको गमलामा यी रुट भेजिटेबल्स पनि रोप्न सकिन्छ । यी बिरुवाहरू घाम र छाया भएको दुवै अवस्थामा फक्रन सक्छन् ।

टमाटर : सामान्यतः टमाटरमा विभिन्न कीटाणु आकर्षित हुन्छन् । जसमध्ये हर्नवर्म मुख्य हो । यसले टमाटरका पातहरूलाई तेजसँग खान्छ । यदि टमाटरसँगै तुलसी रोपियो भने तुलसीको कीटनासक गुणले यसलाई टाढा भगाउँछ । त्यस्तै, टमाटरको वृद्धिमा पनि सहयोग गर्छ । खुर्सानी, आलु, लसुनलगायतका बिरुवालाई पनि तुलसीसँगै रोप्न सकिन्छ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौको धितोमा रहेको सम्पत्ति पुनःलिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/०५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साविक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औँ दिन अर्थात मिति २०८० पुस १२ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौमा कम्पनी ऐन २०५३ बमोजिम मिति २०५९/०५/०७ मा दर्ता नं. २०३५२/०५९/०६० कायम भई आन्तरिक राजश्व कार्यालय पोखराबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ३०००१५३३५ रही तनहुँ जिल्ला राम्जाकोट गा.पा/न.पा वडा नं.०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **मना कन्स्ट्रक्सन एण्ड विल्डर्स प्रा.लि.** ।

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. धनपति अधिकारीको नाति, कमलापति अधिकारीको छोरा, तनहुँ जिल्ला, राम्जाकोट गा.पा/ न.पा. वडा नं. ०५, बस्ने **महेन्द्र अधिकारी** (ना.प्र.नं. ११२९ जारी मिति २०४३/०७/१४, जिल्ला प्रशासन कार्यालय तनहुँ) ।
२. शेष कान्त ओझाको छोरी, कमलापति अधिकारीको बुहारी, महेन्द्र अधिकारीको पत्नि, तनहुँ जिल्ला, राम्जाकोट गा.पा/न.पा. वडा नं. ०५, बस्ने **नारायणी अधिकारी** (ना.प्र.नं. ३२७२, जारी मिति २०४७/०८/०७, जिल्ला प्रशासन कार्यालय तनहुँ) ।
३. कमलापति अधिकारीको नाति, महेन्द्र अधिकारीको छोरा, तनहुँ जिल्ला, राम्जाकोट गा.पा/ न.पा. वडा नं.०५, बस्ने **सुशान्त अधिकारी** (ना.प्र.नं. ४३१००९/११६२४६ जारी मिति २०६६/०२/२९, जिल्ला प्रशासन कार्यालय तनहुँ) ।
४. पृथु पोखरेलको नाति, छविलाल पोखरेलको छोरा, स्याङ्जा जिल्ला, हरिपाला गा.पा/न.पा. वडा नं.०१, बस्ने **पुण्य प्रसाद पोखरेल** (ना.प्र.नं. १०४५ जारी मिति २०३१/०३/३१, जिल्ला प्रशासन कार्यालय स्याङ्जा) ।
५. मथुरा लाल श्रेष्ठको नाति, किरण लाल श्रेष्ठको छोरा, कास्की जिल्ला, पोखरा वडा नं.०४, बस्ने **कुशल किरण श्रेष्ठ** (ना.प्र.नं. ४७०६ जारी मिति २०५८/०१/१८, जिल्ला प्रशासन कार्यालय कास्की) ।
६. हरी प्रसाद उपाध्यायको नाति, बलभद्र वाग्ले (उपाध्याय)को छोरा, तनहुँ जिल्ला, क्यामिन गा.पा./न.पा. वडा नं.०७, स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं.०६ बस्ने **उत्तम वाग्ले** (ना.प्र.नं. २८६४ जारी मिति २०४७/०६/२९, जिल्ला प्रशासन कार्यालय तनहुँ) ।
७. पिताम्बर गौतमको छोरी, बलभद्र वाग्ले (उपाध्याय)को बुहारी, उत्तम वाग्लेको पत्नि, तनहुँ जिल्ला, क्यामिन गा.पा/न.पा. वडा नं.०७, स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं.०६ बस्ने **बिन्दु गौतम** (ना.प्र.नं. १०१७, जारी मिति २०४९/०९/२०, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **उत्तम वाग्ले**को नाममा मालपोत कार्यालय चितवनमा दर्ता कायम कायम रहेको चितवन जिल्ला भरतपुर न.पा. वडा नं.०६/ग स्थित कित्ता नं. ४६१० र ५२०० को क्षेत्रफल क्रमशः ०-३-१४ (बिगाह) र ११९४.८० (व.मी.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **बिन्दु गौतम**को नाममा मालपोत कार्यालय काठमाण्डौमा दर्ता कायम कायम रहेको काठमाण्डौ जिल्ला गोंगबु वडा नं.४ स्थित कित्ता नं.८४ को क्षेत्रफल ६२०.४० (व.मी.) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. धनी कुमारी बैंक लि (साविक एन.सी.सी.बैंक लि.) र ऋणी **मना कन्स्ट्रक्सन एण्ड विल्डर्स प्रा.लि.** कायम भई यातायात व्यवस्था कार्यालय, बाग्मतीमा दर्ता कायम रहेको इन्जिन नं. 8045.45*740–19515, च्यासीस नं. NKJ851EXCGKH00671, सवारी नं. बा. २ क ५१०७ को Back Hoe Loader थान १ ।
४. धनी कुमारी बैंक लि (साविक एन.सी.सी. बैंक लि.) र ऋणी **मना कन्स्ट्रक्सन एण्ड विल्डर्स प्रा.लि.** कायम भई यातायात व्यवस्था कार्यालय, बागमतीमा दर्ता कायम रहेको इन्जिन नं. 8045.45*740-195036, च्यासीस नं. NKJ851EXAHKH00755, सवारी नं. बा. २ क ५४९३ को Back Hoe Loader थान १ ।
५. धनी कुमारी बैंक लि (साविक एन.सी.सी.बैंक लि.) र ऋणी **मना कन्स्ट्रक्सन एण्ड विल्डर्स प्रा.लि.** कायम भई यातायात व्यवस्था कार्यालय, बागमतीमा दर्ता कायम रहेको इन्जिन नं. 84354810, च्यासीस नं. LG100414KHG005631, सवारी नं. बा. २ क ५६५२ को Grader थान १ ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौँ) दिन अर्थात २०८० पुस ११ गते** भित्र बैंकको शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौँ) दिन अर्थात २०८० पुस १२ गते अपरान्ह ३:००** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालाे सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौमा सम्पर्क राखी प्राप्तगर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० पुस १२ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैँका लागि

शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौ फोन नं. ०१-४७९५२१३

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रे

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८०।०९।०५ गते

पनौती नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८०-०७-२४ गते प्रकाशित विद्युतीय बोलपत्र आव्हानको सूचना बमोजिम यस कार्यालयमा तोकिएको अवधिभित्र रितपूर्वक विद्युतीय माध्यमबाट पेश/दर्ता हुन आएका बोलपत्रहरूको नियमानुसार मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही रहेको भनी स्वीकृतीका लागि सिफारिस भएअनुसार तपसिलको बोलपत्रदाताको बोलपत्र स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम छनौट भएको बोलपत्र स्वीकृत गर्ने आसयको यो सात दिने सूचना सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपशिल

सि.नं.	योजनाको नाम र ठेक्का नं.	ठेक्का नं.	स्वीकृत बोलपत्रदाताको नाम	कबोल अंक मु.अ.कर र पि.एसबाहेक	कैफियत
१.	Supply, Delivery, Installation, Commissioning and Testing Broadband services in the designated location of Panauti Municipality.	Fiber/01/ 2080/81	Ultranet Communication Pvt. Ltd, Banepa-10, Kavre	रू. ४०,३०,४००/-	

Siddhalek Rural Municipality
Office of Municipal Executive
Bungchung, Dhading
Bagmati Province, Nepal

Invitation for Bids

Fifth time Notice Publication Date: 2080/09/05

Siddhalek Rural Municipality, Office of Municipal Executive, Bungchung, Dhading invites electronic bids for the following works under National Competitive Bidding (NCB)

S. N.	Invitation for Bids No.	Name of Project	Estimated Amount (without VAT)	Bid Security	Last Date of Bid Submission	Bid opening Date	Cost of Bidding Document (Nrs)
1	REVENUE/ 01/2080/081	Revenue collection of stone, sand, aggregate, gravel and riverbed materials	83,29,944.81	4,16,500.00	2080.09.12, 12 noon	2080/09/12, 1 pm	3000.00

Eligible Bidder may obtain further and detail information from Siddhalek official web site www.siddhalekmun.gov.np and shall take part in bidding process from PPMO's website www.bolpatra.gov.np/egp

Chief Administrative Officer

Lumbini Provincial Government
Ministry of Health
Province Health Logistics Management Center, Butwal

Letter of Intent

Publication Date: 2080/09/05

Pursuant to clause 27(2) of Public Procurement act 2063 this is to notify all the bidders that the following Substantially responsive lowest bidder have been selected to award the contract as per the invitation for bids published on National Daily and PHLMC intends to award the contract to the same.

IFB No	Description	Publication	Name and address of Bidder	Quoted Price (without VAT)
L/PHLMC/NCB/GOODS-RE3.2/2080/081	ESSENTIAL MEDICINE (PACKAGE-2 IMNCI MEDICINE	Naya Patrika 2080.07.17	The Solution Meditech Pvt. Ltd., Kathmandu	Nrs 2575206.00
L/PHLMC/NCB/GOODS-RE3.4/2080/081	The Procurement of ESSENTIAL MEDICINE (PACKAGE-4 SAFE MOTHERHOOD)	Naya Patrika 2080.07.17	The Solution Meditech Pvt. Ltd., Kathmandu	Nrs 3245600 .00
L/PHLMC/NCB/GOODS-RE3.5/2080/081	Procurement of NCD Medicine (slice-B)	Naya Patrika 2080.07.17	The Solution Meditech Pvt. Ltd., Kathmandu	Nrs 3386000.00
L/PHLMC/NCB/GOODS-6/2080/081	Procurement of Lab Equipments	Naya Patrika 2080.06.23	Hospitech Enterprises Pvt. Ltd, Kthmandu	Nrs 4350000.00
L/PHLMC/NCB/GOODS-7/2080/081	Procurement of Birthing Center Equipments	Naya Patrika 2080.06.23	Harmony Medical System Pvt. Ltd., Kathmandu	Nrs 3223000.00
L/PHLMC/NCB/GOODS-8/2080/081	Procurement of Supply Delivery and Installation of X-Ray 100 MA with DR System	Naya Patrika 2080.06.23	United Medico Concern Pvt. Ltd., Dang	Nrs 4288000.00
L/PHLMC/NCB/GOODS-9/2080/081	Procurement of Transportation and carriers Services	Naya Patrika 2080.07.17	Adhikari Samikh Trade Supply Pvt. Ltd., Kathmandu	Nrs1177000.00
L/PHLMC/NCB/GOODS-10/2080/081	Procurement of STIOI Medicine	Naya Patrika 2080.07.17	Q International, Banke	Nrs 999000.00
L/PHLMC/NCB/GOODS-12/2080/081	Procurement of Panchakarma Equipements	Naya Patrika 2080.07.17	Harmony Medical System Pvt. Ltd., Kathmandu	Nrs1110000.00

PHLMC, Butwal

कुपोषणविरुद्धको लडाइँमा नागरिकको दायित्व

बारम्बारको संक्रमण, स्तनपानको कमी, पोषिलो खानाको अभावजस्ता कारणले नेपालमा बाल कुपोषणको दर बढिरहेको छ



● सुदर्शन पौडेल

अग्रलेख

गत वर्ष प्रकाशित नेपाल जनसांख्यिक स्वास्थ्य सर्भे प्रतिवेदनअनुसार नेपालमा प्रत्येक चारमा एक बच्चा कुपोषित (उमेरअनुसारको कम उचाइ भएका अर्थात् पुड्का) भएको देखाएको छ। नेपालमा बाल पोषण सरकारको उच्च प्राथमिकताको क्षेत्र पनि हो। नेपाल सरकारले विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको वैश्विक पोषण लक्ष्य (२०२५) र दिगो विकास लक्ष्यको भोकलाई शून्यमा झार्ने प्रतिबद्धता प्राप्तिको दिशामा प्रभावकारी काम गरेको हुन्थ्यो भने हालको अवस्थामा पोषणको अवस्थामा निकै सुधार हुनुपर्थ्यो। बाल पोषणका अन्य सूचकांकमा आंशिक सुधार भएको परिप्रेक्ष्यमा पुड्को हुने दरलाई सन् २०३० सम्ममा १५ प्रतिशतमा झार्ने लक्ष्य पूरा हुन सहज छैन। यसका लागि राज्यले बाल पोषणका सम्बन्धमा अवलम्बन गरेका नीति तथा कार्यक्रम र तिनको कार्यान्वयनका सम्बन्धमा पुनः परिमार्जन गर्नु आवश्यक देखिएको छ।

सबै बालबालिकाका लागि पोषणयुक्त खाना नैसर्गिक अधिकार हो। स्वस्थ बच्चा नै भविष्यका सबल र सिर्जनात्मक नागरिक हुन्। सबल र सिर्जनात्मक नागरिकले आफ्नो आर्थिक र सामाजिक अवस्था सुधार्ने, देशको विकासमा ठोस टेवा दिन सक्षम हुन्छ भने उसको आफ्नो वंश परम्परामा पनि गुणात्मक सुधार हुन्छ। विश्वले विगतको एक दशकमा मातृ तथा बाल पोषणको अवस्था सुधारमा केही उपलब्धि हासिल पनि गरेको हो। यद्यपि बाल कुपोषणका तीनथरी समस्या (पुड्को, ख्याउटे र अति मोटो) मध्ये पुड्को हुने समस्या विश्वमा पाँच वर्षमुनिका बालबालिका विगत दशकमा एकतिहाइ रहेकामा हाल घटेर करिब २३.३ प्रतिशत (१४८.१ मिलियन) रहेको देखाएको छ।

कुपोषित (पुड्का) बालबालिकाले पछिका दिनमा जति नै पोषिलो र सन्तुलित खाना खान पाए पनि तिनको उचाइ बढ्न सक्दैन। साथै, त्यस्ता बालबालिकाको बौद्धिक क्षमता पनि पूर्ण रूपमा विकसित भएको हुँदैन। त्यस्ता बालबालिका वयस्क अवस्थामा पुगेपछि थुप्रै खालका शारीरिक अक्षमता, बारम्बारको स्वास्थ्य संक्रमणलगायतको सिकार हुन्छन्। उनीहरू शिक्षा, रोजगारी र सामाजिक भूमिकामा समेत औसत वा कमजोर हैसियतमा सीमित रहन्छन्। फलस्वरूप यसको प्रभाव उसको भावी पुस्तासमेत भोग्नुपर्ने हुन्छ।

अध्ययनअनुसार बाल कुपोषणका लागि बारम्बारको संक्रमण, स्तनपानको कमी, पोषिलो खानाको अभाव मुख्य रूपमा जिम्मेवार मानिन्छ। अर्कातर्फ पूर्ण स्तनपानको दर पनि पछिका वर्षमा ओरालो लाग्दै गरेको देखिन्छ। त्यसमा पनि कुपोषित आमाबाट जन्मेका बालबालिका शरीरिक रूपमा कमजोर, बारम्बार संक्रमित हुने गर्छन्। कुपोषित आमाहरूको स्तनपान पनि मात्रात्मक रूपमा कम र गुणात्मक रूपमा कम पोषिलो हुने भएकाले बच्चाको पोषणको आवश्यकता पूरा हुँदैन। त्यसका अलावा, ६ महिनापछि बच्चाले आमाको दुधसँगै अन्य खाना पनि खान थाल्नुपर्नेमा गरिबी वा अज्ञानताका कारण बालबालिकाले पर्याप्त र मिश्रित प्रकृतिको पोषिला खाना खान पाउँदैनन्।

बाल कुपोषितका सम्बन्धमा राज्यले जनचेतना जगाउने खालका सूचना प्रसारण गर्ने र केही स्थान विशेषमा विकास साझेदारसँगको साझेदारीमा पोषण प्रवर्द्धन र सीमित मात्रामा स्वास्थ्य संस्थाबाट बाल पोषणसम्बन्धी समस्याको उपचारात्मक सेवा उपलब्ध गराएको छ। त्यसका अलावा पनि पोषण कार्यक्रमअन्तर्गत केही खाद्यवस्तु, जस्तै- नुन, पिठो, बिस्कुट आदिमा सूक्ष्म पोषणको मिश्रण गरी आममानिसको सहज पहुँचमा पुऱ्याउँदै आएको छ। यद्यपि केही अपवादलाई छाडेर नेपालका पोषण कार्यक्रम प्रभावकारी हुन सकेका छैनन्। यस्तो अवस्थामा राज्यले बाल पोषणका नीति तथा कार्यक्रम र त्यसको कार्यान्वयनमा फरक ढंगले लाग्नुपर्ने हुन्छ। पोषण, त्यसमा पनि पुड्को अवस्थालाई कम गर्न केही सरल उपाय अवलम्बन गर्न सकिन्छ। त्यसका लागि केन्द्रीय तहको सरकारले स्थानीय सरकारमार्फत लक्षित समुदाय र परिवारसम्म पुग्ने कार्यक्रम ल्याउन सकिन्छ।



त्यसका लागि आफ्नै बारी हुने वा नहुने परिवारलाई सामूहिक जमानीमा जग्गा उपलब्ध गराई तरकारी वा अन्य खाद्यान्य उत्पादनका लागि बिउ र प्राविधिक सल्लाह उपलब्ध गराउन सकिन्छ। यसरी उत्पादन भएको खाद्यान्न परिवारले पनि प्रयोग गर्ने र केही बिक्री गरी आम्दानी गर्न पनि सक्छन्। यो विधिलाई विश्वका धेरै देशले निकै सफलतापूर्वक सञ्चालन गर्दै आएका छन्। त्यसमा पनि पछिल्लो समयमा कृषिमा विकास भएको उन्नत प्रविधिको प्रयोग गरी निकै थोरै जमिन वा घरको कौसी, गमला वा अन्य कुनै भाँडामा (माटो प्रयोग गरी वा नगरी) तरकारी, खाद्यान्न वा फलफूलको उत्पादन गर्न सकिन्छ। यो विधि नेपालमा पनि प्रयोग विस्तार हुँदै छ। खासगरी सहर बजार वा जमिन नभएका परिवारलाई यो विधि उपयोगी हुन्छ। सोली आकारमा माटो थुपारेर त्यसको वरिपरि हरियो सागपात वा तरकारी लगाउन सकिन्छ। यी र यस्तै अन्य विधिबारे राज्यले प्राविधिक परिचालन गरी स्थानीय समुदाय र परिवारलाई कुपोषणविरुद्ध लडाइँ लड्न र आंशिक रूपमै भए पनि गरिबी निवारणमा सघाउन सक्छन्।

> नेपालमा बर्सेनि खाद्यान्नको अभाव बढ्दै गएको आँकडाले देखाइरहँदा खेर जाने खाद्य पदार्थको मात्रा पनि उकालो लाग्दै गरेको पाइन्छ। देशभित्रै खाद्य सामग्रीको उत्पादन पनि घट्दै गएको छ। यसले पनि कुपोषण वृद्धिमा सघाइरहेको छ।

त्यसका अलावा देशमा उत्पादन भएको दूध, स्थानीय रूपमा तयार पारेको पोषिलो सातु, फलफूल, तरकारी, गेडागुडी (उपलब्धता र इच्छाबमोजिम अन्डा, माछा, मासु) लाई पनि बाल पोषण प्रवर्द्धनका लागि प्रयोग गर्न सकिन्छ। स्थानीय सरकारले आफ्नो क्षेत्रमा रहेका हरेक बालक, वृद्ध, गर्भवती तथा दीर्घरोगीका लागि समेत योजनाबद्ध रूपमा पोषण कार्यक्रम सञ्चालन गर्न सक्नुपर्छ। साथै, लक्षित वर्गका लागि निश्चित परिमाणमा पोषिला खाद्य पदार्थ उपलब्ध गराउन सक्छन्। यस्तो लगानीले परिवारको स्वास्थ्य राम्रो भई स्वास्थ्योपचारमा लाग्ने खर्च पनि कम हुने, व्यक्तिको उत्पादकत्व बढी गरिबी निवारणमा पनि टेवा पुग्ने अवस्था सिर्जना हुन्छ। तसर्थ, राज्यका लागि यो रकम खर्च नभएर लगानी हो, जहाँ एक रुपैयाँको लगानी गरी १६ रुपैयाँबराबरको प्रतिफल मिल्ने प्रक्षेपण गरिएको छ।

बालबालिकामा कुपोषण बढ्नुमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पर्यावरणीय स्वच्छताको पनि भूमिका हुन्छ। किनकि, घर समाजमा आन्तरिक तथा बाह्य पर्यावरणीय प्रदूषण हुँदा त्यसको फलस्वरूप बालबालिकालगायत परिवारका सदस्यमा छिटो-छिटो रोगको संक्रमण हुन्छ। बालबालिकामा हुने बारम्बार रोगको संक्रमणले पछि उसको उत्पादकत्वमा कमी आउने, अन्य रोग लाग्ने सम्भावना बढी हुन्छ। तसर्थ, हरेक घरपरिवार, समुदाय अनि स्थानीय सरकारले यो समस्याको समाधानका लागि प्रभावकारी उपाय पहिचान गरी त्यसको कार्यान्वयन गर्नु आवश्यक हुन्छ। यस सम्बन्धमा विकसित देश जापानले कक्षा ६ को पाठ्यक्रममा सबै प्रकारका प्रदूषण (फोहोर) को व्यवस्थापनबारे विस्तृत अध्ययन गराउँदै आएको छ भने रवान्डामा हरेक शुक्रबार मन्त्रीदेखि विद्यार्थीसमेतले आआफ्नो घर, अफिस, समुदाय, सामाजिक क्षेत्रका वस्तु वा स्थानको पूर्ण सरफाइ गर्नुपर्ने नियमलाई पर्वका रूपमा मनाइँदै आएको छ। फलस्वरूप ती देशमा प्रदूषण र फोहोरमैलाको समस्या निकै कम भएको पाइन्छ। नेपालले पनि आफ्नो परिवेश सुहाउँदो सरसफाइ कार्यक्रम ल्याई त्यसको कार्यान्वयनमा लाग्नु अपरिहार्य भइसकेको छ।

आधुनिक समाजमा बालबालिकाको हेरचाहमा दुवै अभिभावकले जिम्मेवारी निर्वाह गरिरहेका हुन्छन्। यस प्रक्रियामा उपलब्ध भएसम्म हजुरआमा तथा हजुरबुबालाई समेत जिम्मेवार बनाउन सक्दा बालबालिकाले राम्रो स्याहारसुसार पाउनुका साथै अन्तरपुस्ता ज्ञान र सीपको हस्तान्तरण गर्ने राम्रो अवसरसमेत प्राप्त हुन्छ। यस प्रकारको परिपाटीले वृद्ध पुस्तामा बढ्दो रूपमा देखा पर्ने मानसिक तनाव र रोगको अवस्थाबाट समेत केही हदसम्म कमी ल्याउन मद्दत पुग्छ।

कुपोषण बहुआयामिक प्रकृतिको हुने र त्यसको असर पनि निकै जटिल हुन गर्छ। यसको प्रत्यक्ष मारमा अधिकांश गरिब र सीमान्तकृत वर्गका परिवार परेका हुन्छन्। नेपालमा बर्सेनि खाद्यान्नको अभाव बढ्दै गएको आँकडाले देखाइरहँदा खेर जाने खाद्य पदार्थको मात्रा पनि हरेक वर्ष उकालो लाग्दै गरेको पाइन्छ। अर्कातर्फ देशभित्रै खाद्य सामग्रीको उत्पादन घट्दै गएको छ। उपलब्ध स्रोतको वितरणमा पनि असमानता र अनियमितता व्याप्त छ। आमनागरिकमा खाद्यवस्तुको प्रयोग गर्ने क्षमतामा पनि ह्रास आएको पाइन्छ। अर्कातर्फ मौसम परिवर्तन वा पर्यावरणीय तथा मानवीय कारणबाट सिर्जित प्रदूषण र फोहोरका कारण मानिसमा हुने रोगको संक्रमण उच्च हुँदै गएको छ। यस्तो जनस्वास्थ्यको भयावह समस्यालाई निराकरण गर्न राज्य र हरेक नागरिकले आफ्नो व्यक्तिगत, परिवार र समुदायको पोषण प्रवर्द्धन गर्न लाग्नु अपरिहार्य भएको छ।

(पौडेल पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका जनस्वास्थ्य संकायमा अध्यापनरत छन्।)
sudarshanpaudel@pahs.edu.np

---

३ प्रश्न

पूर्वएआइजी **पुष्कर कार्की**लाई



नेपाल प्रहरीले सुरु गर्न लागेको स्टाफ कलेज कार्यक्रमबारे तपाईंको दृष्टिकोण के छ ?

यो सकारात्मक छ। यसले प्रहरीलाई बलियो बनाउँछ। म स्वयं प्रहरी एकेडेमीमा हुँदा पनि यसलाई कार्यान्वयन गर्ने निकै प्रयास गरेको थिएँ। धेरै वर्षपहिलेदेखि नै प्रहरीमा स्टाफ कलेजको चर्चा भए भए पनि यो कार्यान्वयन हुन सकेको थिएन। अहिले आएर यो कार्यान्वयनको चरणमा जान लागेको छ। यसले प्रहरीमा योग्यता प्रणालीको विकास हुन्छ। क्षमता भएका अधिकृतहरू माथिल्लो तहमा पुग्छन्। यसले प्रहरीमा व्यावसायिकता बढ्छ। तर, यसको कार्यान्वयन पक्ष भने अलि चुनौतीपूर्ण नै देख्छु म।

पढ्नेभन्दा फिल्डमा राम्रो काम गर्ने प्रहरी आवश्यक हुन्छ पनि भनिन्छ नि ?

यो भनेको व्यवस्थापकीय अध्ययन हो। कामसँगै प्रहरीलाई तालिम र अध्ययन पनि आवश्यक हुन्छ। स्टाफ कलेजले प्रहरीलाई थप व्यावसायिक र सक्षम बनाउँछ। तर, यसमा धेरैले मौका पाउनेगरी लागू गर्नुपर्छ भन्ने लाग्छ। साथै, विशेष काम गर्ने प्रहरी अधिकृतलाई पनि अन्याय नहुनेगरी कार्यक्रम बनाउनुपर्छ।

यसले प्रहरीको बढुवामा हुने चलखेल कम होला त ?

आगामी दिनमा यसलाई कसरी कार्यान्वयन गरिन्छ, त्यो हेर्न बाँकी नै छ। वृत्ति विकाससँग जोडिएन भने यसको कुनै अर्थ हुँदैन। प्रहरीमा राम्रा अधिकृतमध्ये नै नेतृत्व तहमा पुग्ने भएकाले यसबाट बढुवा प्रणालीमा पनि सुधार हुन सक्छ।

प्रेरक प्रसंग

जर्ज वासिङटन र पाहुना

अमेरिकी समाजमा समयको पालनालाई बढी नै महत्त्व दिइन्छ। अमेरिकी नागरिक समयको पालनामा आज मात्र होइन, हिजो पनि उत्तिकै प्रतिबद्ध थिए। समयको परिपालनामा अमेरिकाका प्रथम राष्ट्रपति जर्ज वासिंटन पनि निकै अगाडि थिए। उनलाई समयको महत्त्व बुझ्ने नेताका रूपमा विश्वभर उदाहरणका रूपमा लिइन्छ। उनलाई समय अमूल्य छ भन्ने राम्ररी थाहा थियो। त्यसैले उनी सदैव आफ्नो एक-एक पलको सदुपयोग गर्थे। समयको एउटा सानो अंश पनि खेर जान दिँदैनथे। उनले समय खेर फालेको वा समयको सही उपयोग नगरेको कुनै उदाहरण पाइँदैन। उनी जे गर्थे, समयमै गर्थे। तोकिएको समयको एक-एक पल खेर जान नदिने उनको नियम नै थियो।



एकपटक उनले आफ्ना केही साथीलाई दिवा खाना खाने गरी आफ्नो घरमा निमन्त्रणा गरे। पाहुनाका लागि खाना खाने समय दिनको १ बजेलाई तोकिएको थियो। संयोगवश पाहुना त्यो समयमा आइपुग्न सकेनन्। तोकिएको समयसम्म त उनले धैर्यपूर्वक पाहुनाको प्रतीक्षा गरे। तर, जब तोकिएको समय गुज्रियो, तब उनले पाहुनालाई नकुरी खाना खान सुरु गरे।

उनले खान थालेको केही मिनेटपछि नै आमन्त्रित पाहुना आइपुगे। यो देख्दा त्यहाँ खान खान बोलाइएका पाहुनालाई नराम्रो लाग्यो। उनीहरूले केही नभने पनि वासिंटनले उनीहरूको मनको भाव बुझे। त्यसैले उनले भने, 'मलाई क्षमा गर्नुस् मित्रहरू! खाना टेबलमा लगाउनुअगाडि मेरो भान्सेले खाने मान्छे आइपुगे कि पुगेनन् भनेर कहिल्यै सोध्दैनन्। उनले केवल यो सोध्छन् कि समय भयो या भएन ? त्यसैले, मैले आज पनि उनलाई ढाँट्न र रोक्न सकिनँ।' वासिंटनको यस्तो भनाइ सुनेर आमन्त्रित पाहुना लज्जित भए र आफूहरू ढिलो भएकोमा क्षमा मागे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्राविधिक सीप सिकाउने कहिले ?

नेपालले आफ्ना युवालाई वैदेशिक रोजगारीमा प्रोत्साहन गर्नुको साटो नेपाल सरकार र सम्बन्धित निकायले नेपालमै प्राविधिक तथा कृषिसम्बन्धी नयाँ-नयाँ सीप सिकाउने संस्थाहरू स्थापना गरेर तिनलाई दक्ष प्राविधिक बनाउन सके हाम्रा युवाले विदेश जानै पर्दैनथ्यो। युवालाई सीप सिकाएर दक्ष बनाएर स्वदेशमै रोजगार बनाउन सके विदेशी भूमिमा ज्यानकै बाजी लगाई काम गर्न बाध्य हुनुपर्ने थिएन। यत्ति गर्न सके दैनिक बाकसमा फर्किने युवाको संख्यामा पनि कमी आउने थियो। देशको भूमि बाँझो राखेर विदेशी भूमि हराभरा पार्न युवाशक्ति निर्यात गर्ने मुलुकले कहिल्यै प्रगति गर्न सक्दैन। रेमिटेन्सको बिटा गनेर देश समृद्ध हुने सपना नदेखे पनि हुन्छ। त्यसैले, युवालाई सीप सिकाउ र स्वदेशमै रोजगार बनाऊ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

देशभर एउटै नियम लागू गर

'लुम्बिनी प्रदेशका कर्मचारीले राजनीति गर्न नपाउनेसम्बन्धी समाचार पढ्दा खुसी लाग्यो। यो व्यवस्था लुम्बिनी प्रदेशमा मात्र होइन, संघीय निजामती सेवादेखि सबै प्रदेश सेवामा लागू हुनुपर्छ। निजामतीसँगै विद्यालय, कलेज, अस्पताल र विश्वविद्यालयलगायत कार्यरत शिक्षक, अध्यापकले पनि राजनीतिमा सहभागी हुन नपाउने व्यवस्था गरिनुपर्छ। साथै, विश्वविद्यालयका पदाधिकारी बनाउँदा पनि राजनीतिक गन्ध लागेका व्यक्तिले स्थान नपाउने व्यवस्था गर्न सकियो भने मात्र यो देशको शिक्षा, स्वास्थ्य र प्रशासन मर्यादित र अनुशासित हुने थियो।

● **सुदक्षिणा बयलकोटी**, बुटवल-४, रुपन्देही

बाइपासको सडक कहिले बन्छ ?

काठमाडौं महानगरपालिका-१६ स्थित बाइपास चोकबाट बाइसधारातिर जाने सडकको दुरवस्थाले पैदलयात्रु र सवारीचालकले मात्र नभई स्थानीय बासिन्दाले समेत चर्को हैरानी खेप्नुपरेको वर्षौं भइसक्यो। बाइसधारादेखि प्रहरी वृत्त बालाजुतर्फको सडक पटक-पटक मर्मत भई हाल ठिकठाक अवस्थामा रहेको भए पनि बाइसधारादेखि बाइपास जाने सडक खण्डको अवस्था भने कहालीलाग्दो छ। सडकमा भएका खाल्डाखुल्डीले गर्दा दैनिक सवारी चालकले विशेष सास्ती भेल्नुपरिरहेको छ। महानगर नेतृत्वले यसतर्फ चासो नदिनु चिन्ताको विषय हो।

● **सन्तोष तामाङ**
बाइपास, काठमाडौं

मिसन ८४ कि मिसन टुडे ?

'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भनेझैं हाम्रा नेतालाई आफ्नो दायित्व के हो ? सभासद भएपछि आफूले गर्नुपर्ने मुख्य कार्य के-के हुन् भन्ने केही थाहा छैन कि के हो ? हिजो निर्वाचनका समयमा गाउँ-गाउँ गएर जनतासामु केकस्ता वाचा गरिएका थिए ? आज सबै कुरा बिर्सिएर हो कि ? नेताहरू एक वर्ष समय व्यतीत हुन पाएको छैन, अहिलेदेखि नै गाउँ-गाउँमा भ्रमको खेती गर्न पसिसकेका छन्। 'मिसन ८४' भन्दै जनमत बटुल्ने खेलमा लागेका छन्। के यतिवेला गाउँ-गाउँमा पसेर 'बेहुलाले लाने हो कि होइन, बेहुलीको सर्त' भनेझैं चौरासीको चुनावका लागि खटिने वेला हो यो ? के यतिवेला मिसन चौरासी भन्दै हिँड्ने समय हो ? ए नेताहरू हो ! यदि सक्छौ र हिम्मत छ भने चौरासी नपुग्दै जनताका भावना र मर्मलाई बुझेर उनीहरूका आधारभूत आवश्यकता पूरा गर्नेतर्फ लाग। अनि, अलिकति मानवीय भावनालाई लिएर गरिब तथा निमुखा जनतालाई राहतको अनुभूति गराऊ। मुलुकमा बढ्दै गएको महँगी र भ्रष्टाचारको विरोध गर। भ्रष्टाचारीलाई 'गोर्खेलौरी' कस्ने कडा कानुन ल्याएर तह लगाऊ। जनताको नुन खाएर हिँडेपछि जनभावनाअनुसार काम गर्न सके मिसन चौरासी भन्दै वेला न कुवेला दौडिनैपर्दैन।

● **नारायणप्रसाद न्यौपाने**, बुढानीलकण्ठ-४, काठमाडौं
neupanenp024@gmail.com

देश/विदेश

● मार्क मास्लिन
● प्रिती पारिख
● सिमोन-चिन यी

कोप-२८ का पाँच प्रतिफल

कोप-२८ का करिब एक लाख सहभागीमध्ये दुई हजारभन्दा बढी त जीवाश्म इन्धन कम्पनीका आधिकारिक प्रतिनिधि नै थिए

हालै समापन भएको राष्ट्रसंघीय जलवायु शिखर सम्मेलन कोप-२८ कसैगरी विवादबाट अछुतो हुनेवाला थिएन। कोप-२८ युनाइटेड अरब इमिरेट्समा आयोजना भएको थियो। इमरेट्सको जीवाश्म इन्धनप्रतिको निर्भरता कसैबाट छिपेको छैन। कोप-२८ का अध्यक्ष सुल्तान अल जाबेर अबुधाबी नेसनल ओयल कम्पनीका प्रमुख हुन्। कम्पनीले एक दशकमा तेल र ग्यास उत्पादन दोब्बर गर्ने योजना बनाएको छ।

जीवाश्म इन्धनबाट मुक्ति खोज्ने प्रयोजनका लागि भएको कोप-२८ को अध्यक्षता तेल कम्पनीका अध्यक्षले लिँदा स्वभावतः प्रश्न उठ्छ नै। अघिल्लो कोप सम्मेलनभन्दा दुई गुणा बढी प्रतिनिधि (एक लाख) सहभागी सम्मेलनमा दुई हजारभन्दा बढी सहभागी जीवाश्म इन्धन कम्पनीका आधिकारिक प्रतिनिधि थिए।

तर, कोप-२८ ले सम्मेलनको पहिलो दिनमै जोखिममा रहेका मुलुकलाई जलवायु निःसृत प्रकोप सामना गर्न ४० करोड डलर छुट्याएर सकारात्मक सुरुवात गऱ्यो। प्रारम्भिक छलफल नयाँ जलवायु सम्झौतामा केन्द्रित थियो, जसमा सबै जीवाश्म इन्धनलाई चरणबद्ध रूपमा हटाउनु रहेको थियो। सम्मेलनका नतिजा निम्न देखिन्छन् :

१. **के जीवाश्म इन्धनको अन्त्य सम्भव छ ?** : यसपटकको जलवायु सम्मेलनले जलवायु परिवर्तनमा जीवाश्म इन्धन मुख्य जिम्मेवार छ भन्ने स्विकारेको छ। स्मरण रहोस्, सन् २०२१ को ग्लासगोको कोप-२६ को अन्तर्राष्ट्रिय जलवायु सम्झौतामा पहिलोपटक जीवाश्म इन्धन शब्दावली प्रयोग गरिएको थियो।

अधिकांश मुलुकले जीवाश्म इन्धनको प्रयोगमा निषेध वा न्यूनीकरण गर्ने दृढ अडान बोकेका थिए। तथापि यी मुलुकले 'पूर्ण बन्द'को सट्टा जीवाश्म इन्धनलाई 'प्रतिस्थापित' गर्दै जाने भाष्य स्विकारे। यो सोचेभन्दा निकै सानो प्रतिबद्धता हो। साना टापु राज्यको गठबन्धनका तर्फबाट टापु मुलुक समोआले कोप-२८ को निर्णयले १.५ डिग्री सेल्सियस लक्ष्य प्राप्त गर्न आवश्यक 'घातांकीय स्तरमा हुने परिवर्तन'को सट्टा 'वृद्धि नै खोज्ने प्रगति'को मात्रै प्रतिनिधित्व गर्ने बताएको छ।

२. **घाटा एवं क्षति कोष** : जलवायु निःसृत प्रकोपबाट पीडित राज्यलाई दिइने कोषलाई 'घाटा एवं क्षति' कोष भनिन्छ। शिखर सम्मेलनमा ७० करोड डलरको घाटा एवं क्षति कोषको आश्वासन दिइएको छ। सकारात्मक कदम भए पनि जलवायु जोखिमयुक्त राज्यलाई आवश्यक ४० खर्ब डलरसामु यो निकै सानो रकम हो। यहाँसम्म कि वाचा गरिएको घाटा एवं क्षति कोष कोप-२८ भएको सहर दुबई एक्सपो सिटीमा लागेको अनुमानित खर्च सात अर्ब डलरभन्दा पनि कम छ।



तस्बिर : मार्टिन डिभिसेक/इपिए

घाटा एवं क्षति कोषको काम, कोषको स्रोत र यसको विनियोजनको पारदर्शिता अस्पष्ट छ। विश्व बैंकले कोषको व्यवस्थापन गर्नेछ र बैंकले २४ प्रतिशत शुल्क लिने भनेको छ अर्थात् प्रतिज्ञा गरिएको कोषको करिब एक चौथाइ रकम लक्षित मुलुकले पाउनेछैनन्। जलवायु वित्तको मामिलामा कोप-२८ शिखर सम्मेलन असफल भएको छ र यो मामिलाको अस्पष्टताको समाधानलाई आगामी नोभेम्बरमा हुने कोप-२९ का लागि सोँचिएको छ।

३. **नवीकरणीय र संक्रमणकालीन ऊर्जा** : तरल पेट्रोलियम ग्यास (एलपिजी) लगायत वर्तमान ऊर्जा सुरक्षाका लागि संक्रमणकालीन इन्धन प्रयोगलाई स्वीकार गर्दै ११८ देशले सन् २०३० सम्ममा नवीकरणीय ऊर्जालाई तीन गुणा र विश्वव्यापी ऊर्जा दक्षता दोब्बर बनाउने वाचा गरेका छन्। एलपिजीजस्ता संक्रमणकालीन इन्धनको जलवायु प्रभावका बाबजुद यो इन्धनलाई विकासोन्मुख मुलुकमाझ अझै प्रोत्साहन गरिन्छ किनभने दाउरा वा अन्य जैविक वस्तुको तुलनामा एलपिजी स्वच्छ विकल्प हो।

कोप-२८ मा हरित हाइड्रोजन ऊर्जा चर्चाको विषय बन्यो। विभिन्न उद्योगले वायु वा सौर्य ऊर्जाका साथै पानीलाई अक्सिजन र हाइड्रोजनमा विभाजन गर्ने प्रक्रिया (इलेक्ट्रोलाइसिस) प्रयोग गरेर सन् २०३० भित्र एक करोड १० लाख टन हाइड्रोजन उत्पादन गर्न प्रतिबद्ध रहेको जनाएका छन्।

४. **विकार्बनीकरण** : विश्वको ४० प्रतिशत तेल उत्पादन गर्ने ५० भन्दा बढी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तेल कम्पनीले विकार्बनीकरण बडापत्रमा हस्ताक्षर गरेका छन्। विकार्बनीकरण बडापत्रले सन् ०५० सम्ममा कम्पनीको नेट-शून्य उत्सर्जन, ०३० सम्ममा तेल र ग्यास उत्पादनबाट शून्य मिथेन चुहावट तथा शून्य रुटिन फ्लेयरिङ पुऱ्याउने लक्ष्य राखेको छ। यी प्रयास सकारात्मक भए पनि बडापत्रले बाँकी ६० प्रतिशत तेल र ग्यास उत्पादनलाई नियमन गर्दैन।

५. **तापमान वृद्धिदर १.५ मा स्थिर राख्ने चुनौती** : कोप-२८ मा पेरिस सम्झौतापछि कार्बन उत्सर्जन न्यूनीकरणको प्रगति मूल्यांकन गरेको थियो, जहाँ १.५ डिग्री सेल्सियस तापक्रम स्थिरताको लक्ष्यमा धेरै पछाडि परेको देखिएको छ। जीवाश्म इन्धनबाट संक्रमणका लागि कोप-२८ को आह्वान तर भाषा निकै कमजोर रहेको छ। जसले स्थिरता पूरा हुनेमा शंका गर्ने ठाउँ उब्जाउँछ।

अब के हुन्छ ? : हामीसँग सन् ०५० सम्ममा नेट-शून्य उत्सर्जनमा पुग्ने प्रयास बढाउन विभिन्न मुलुकसँग वार्ता र प्रोत्साहनका लागि अर्को वर्ष छ। अर्को जलवायु सम्मेलन कोप-२९ अजरबैजानमा हुनेछ, जहाँ धेरै मात्रामा तेल र ग्यास उत्पादन हुन्छ, मानवअधिकार उल्लंघनका मुद्दा पनि जोडिएका छन् र मुलुकको रुससँग नजिकको सम्बन्ध छ। यस्तो अवस्थामा १.५ डिग्री सेल्सियस तापक्रम वृद्धिदरको स्थिरता थप चुनौतीपूर्ण हुनेछ।

(मास्लिन प्रकृति विज्ञान र पारिख पूर्वाधारका प्राध्यापक हुन् भने सिमोन अन्तर्राष्ट्रिय विकासका लेक्चरर हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

हमास–इजरायलबीच अर्को युद्धविरामका लागि पहल तीव्र



कायरो/ पछिल्लो समय इजरायल र हमासबीच अर्को युद्धविरामका लागि प्रयास तीव्र भईरहेको छ। इजरायलले गाजामा जारी राखेको बमबारी रोक्ने र हमास तथा इजरायलबीच पुनः बन्धक रिहासम्बन्धी सम्झौताको वार्ताका लागि हमासका नेताले बुधबार इजिप्ट पुगेका छन्। कतारस्थित हमासका प्रमुख इस्माइल हनियाह गाजापट्टीमा भएको आक्रमण र अन्य विषयमा छलफल गर्न कायरो पुगेको समूहले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। उनले इजिप्टका गुप्तचर प्रमुखसँग 'आक्रमण र युद्ध रोक्न र बन्धकको रिहाइका लागि सम्झौता तयार गर्न' वार्ता गर्ने कार्यक्रम रहेको समूहनिकट स्रोतले एएफपीसँग बताएको छ।

यसअघि कतारमा इरानी विदेशमन्त्री हुसेन अमिर अब्दुल्लाहसँग भेट गरेका हनियाले 'उच्चस्तरीय प्रतिनिधिमण्डल'को नेतृत्व गर्दै इजिप्टको भ्रमण गरेका हुन्। उता बन्धक छुटाउन आवश्यक पहल जारी रहेको इजरायली प्रधानमन्त्री बेन्यामिन नेतन्याहुले बताएका छन्। नेतन्याहुले बन्धकका परिवारजनसँग कुरा गर्ने क्रममा बन्धकलाई रिहा गर्ने विषयमा छलफलका लागि देशका गुप्तचर प्रमुखलाई दुईपटक युरोप पठाएको जानकारी दिए। 'यो हाम्रो कर्तव्य हो, सबै बन्धकको रिहाइका लागि म जिम्मेवार छु,' नेतन्याहुले हमासको बन्दी रहेका १२९ जनामध्ये केहीका आफन्तसँगको कुराकानीमा भने, 'तिनीहरूलाई बचाउनु हाम्रो अहिलेको सबैभन्दा ठूलो काम हो। यसमा कुनै कसर बाँकी राख्नेछैन, र हाम्रो कर्तव्य ती सबैलाई फिर्ता ल्याउनु हो।'

मोसादका प्रमुख डेभिड बार्नेयाले सिआइएका निर्देशक बिल बर्न्स र कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुल रहमान अल थानीसँग युरोपमा भेटवार्ता गरेका थिए। इजिप्ट र संयुक्त राज्य अमेरिकाको समर्थन प्राप्त कतारले नोभेम्बरमा हमास-इजरायलबीच एक हप्ता लामो युद्धविराम गर्न सहयोग गरेको थियो। त्यसवेला २४० प्यालेस्टिनी कैदीहरूको बदलामा ८० इजरायली बन्धकलाई मुक्त गरिएको थियो भने अन्य मुलुकका केही नागरिक पनि मुक्त भएका थिए। भर्जिनियाबाट प्रकाशन हुने समाचार संस्था 'एक्जिओस'ले इजरायलले हमासले बन्धक बनाएका तीन दर्जनभन्दा बढीको बदलामा कम्तीमा एक हप्ताका लागि युद्ध स्थगन गर्ने प्रस्ताव गरेको पनि जनाएको छ। गत अक्टोबर ७ मा हमासका लडाकुले गाजाबाट एक्कासि जल, स्थल र हवाईमार्गबाट इजरायली क्षेत्रमा सुरु गरेको आक्रमणमा करिब एक हजार १४० व्यक्तिको मृत्यु भएको थियो, जसमा अधिकांश सर्वसाधारण थिए र करिब २५० जनालाई अपहरण गरिएको इजरायलले जनाएको छ।

त्यसपछि इजरायलले हमासलाई ध्वस्त पार्ने वाचा गर्दै गाजा क्षेत्रमा गरेको भीषण बमबारीबाट १९ हजार ६६७ को मृत्यु भएको गाजास्थित स्वास्थ्य मन्त्रालयले जनाएको छ। हताहत हुनेमा अधिकांश महिला र बालबालिका छन्। इजरायली राष्ट्रपति आइज्याक हर्जोगले पनि मंगलबार उनको देश 'बन्धकहरूको रिहाइका लागि अर्को मानवीय युद्धविराम र थप मानवीय सहायताका लागि तयार रहेको' बताएका थिए।

रुसमा राष्ट्रपति पदमा १६ जनाको उम्मेदवारी



मस्को/ आगामी वर्ष रुसमा हुने राष्ट्रपति पदका लागि निर्वाचन लड्न १६ जनाले उम्मेदवारी दर्ता गराएको अधिकारीहरूले बुधबार जानकारी गराए। निर्वाचनमा भ्लादिमिर पुटिनलाई सजिलै पाँचौं कार्यकाल प्राप्त हुने अपेक्षा गरिएको छ। सन् ०२२ मा रुसले युक्रेनमा आक्रमण सुरु गरेपछिको यो पहिलो चुनाव हो। सरकारी आरआइए नोभोस्ती समाचार एजेन्सीले केन्द्रीय निर्वाचन आयोग (सिइसी) का अध्यक्ष एला पामफिलोभालाई उद्धृत गर्दै भनेको छ, 'अहिलेसम्म हामीले राष्ट्रपति निर्वाचनका लागि १६ जनाको आवेदन प्राप्त गरेका छौं।' राष्ट्रपति पुटिनले यसै महिना सैन्य दिग्गजसँगको बैठकका क्रममा उनी आगामी वर्ष मार्च १५ देखि तीन दिनसम्म हुने निर्वाचनमा सहभागी हुने पुष्टि गरेका थिए। सिइसीका अनुसार अब हुने निर्वाचनमा आंशिक रूपमा रुसी सेनाले कब्जा गरेको चार युक्रेनी क्षेत्र र सन् ०१४ मै रुसमा गाभिएको क्रिमिया प्रायद्वीपमा पनि मतदान गराउनेछ।

निर्वाचन नियमअनुसार मार्चमा हुने मतदानमा भाग लिनका लागि उम्मेदवारहरूले डिसेम्बर २७ सम्म आवेदन दिइसक्नुपर्नेछ। त्यसपछि उनीहरूले मतपत्रमा स्थान सुरक्षित गर्नका लागि समर्थकबाट हजारौं हस्ताक्षर जम्मा गर्नुपर्नेछ। चरमपन्थीको आरोपमा मुद्दाको प्रतीक्षामा हिरासतमा रहेका तथा क्रेमलिनका आलोचक कट्टर राष्ट्रवादी इगोर गिर्किनले पुटिनलाई चुनौती दिन चाहेको बताएका छन्। कारागारमा रहेका विपक्षी नेता एलेक्सी नभाल्नीलाई जालसाजीको आरोपमा सन् ०१८ मा निर्वाचनमा उम्मेदवारी दिन रोक लगाइएको थियो। नभाल्नीका समर्थकले उनको उम्मेदवारी रोक र कैद सजायलाई राजनीतिक रूपमा प्रेरित भएको बताएका छन्।

इतिहासमा आज



डिसेम्बर २१

सन् १९२३ : भारतीय उपमहाद्वीपको ठूलो हिस्सामा शासन गरिरहेको औपनिवेशिक शक्ति बेलायतले नेपाललाई औपचारिक रूपमा स्वतन्त्र राष्ट्रको मान्यता प्रदान गऱ्यो। सन्धि हस्ताक्षरपछि नेपालका प्रम चन्द्रशमशेर र ब्रिटिस दूत डब्लुएफटी ओ'कोनोर

सन् १८९८ : म्यारी क्युरी र उनका पति पियरे क्युरीले रेडियम पत्ता लगाए।

सन् १९५८ : फ्रान्सको नयाँ संविधानअनुरूप भएको चुनावमा चार्ल्स डी गाल पहिलो राष्ट्रपति बने।

सन् १९७१ : संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले कुर्त बाल्डहाइमलाई चौथो महासचिवका रूपमा चुन्यो।

सन् १९९१ : सोभियत संघका ११ गणराज्यले 'कमनवेल्थ अफ इन्डिपेन्डेन्ट स्टेट्स' गठन गर्ने सहमतिमा हस्ताक्षर गरेसँगै संघ विघटन भयो।

सन् १९९५ : बेथ्लेहेम नगर इजरायलीबाट प्यालेस्टिनी नियन्त्रणमा गयो।

सन् २०१२ : पिएसवाईले गाएको 'ग्याङनम स्टाइल' युट्युबमा एक अर्ब भ्युज पाउने पहिलो भिडियो बन्यो।

सन् २०१७ : संयुक्त राष्ट्र संघको महासभाले १२८ मतसहित अमेरिकाले जेरुसेलमलाई इजरायलको राजधानी मान्ने निर्णयको विरोध गऱ्यो।

सन् २०२१ : बेलायतको जेट ल्याबले गरेको आणविक फिजनमा पाँच सेकेन्डसम्म ५९ मेगाजुल ऊर्जा उत्पादन गरेर महत्त्वपूर्ण सफलता हासिल भयो।

नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड

मध्यबानेश्वर, काठमाडौं

सातौं बार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०५/०५ गते बिहीबार

नलगाड हाइड्रोपावर कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०८०/०८/२७ गते बुधबार बसेको ११६ औं बैठकको निर्णय अनुसार कम्पनीको सातौं वार्षिक साधारणसभा उल्लेखित विषयहरुमा छलफल गर्ने गरी देहायका मिति स्थान र समयमा हुने भएकोले शेयरधनी महानुभावहरुमा उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा हुने मिति, समय र स्थान :

मिति : २०८०/०९/२८ गते शनिबार, तदअनुसार जनवरी १३, २०२४
समय : विहान ८:३० बजे
स्थान : नलगाड हाइड्रोपावर कम्पनी लिमिटेडको सभाहल, काठमाडौं।

साधारण सभामा छलफलका विषयहरु :

साधारण प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आ.व. २०७९।८० को संलग्न वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ महिनाको वासलात र आ.व. २०७९।८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमा छलफल गरी पारित गर्ने।
३. आ.व. २०८०।८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने।
४. विविध।

विशेष प्रस्ताव :

१. मिति २०८०-०८-२६ को संचालक समितिको बैठकको निर्णयानुसार **"अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (पहिलो संशोधन)"** बमोजिम नलगाड हाइड्रोपावर कम्पनी लिमिटेडको नियमावली, २०७४ (संशोधन सहित) संशोधन सम्बन्धमा।

सञ्चालक समितिको आज्ञाले
प्रबन्ध सञ्चालक

JOIN WITH US NOW!!

Best Finance Company Ltd., a leading "C" class National Level Finance Company invites application from self-motivated, skilled, dynamic and result oriented Nepalese individuals who have passion to excel in banking sector for the following position:

Head, Credit (Butwal) - 1

- **Position:** Officer level
- **Qualification:** Bachelor's Degree in Management/Economics or Equivalent Degree from recognized University.
- **Experience:** At least 2 years' of banking experience in credit/ credit risk management/ credit analysis.

Head, Credit (Birgunj) - 1

- **Position:** Up to Junior Officer
- **Qualification:** Bachelor's Degree in Management/Economics or Equivalent Degree from recognized University.
- **Experience:** At least 1 year of banking experience in credit/ credit risk management/ credit analysis.

The applicant should possess excellent documentation and communication skills, smart personality, pleasant and cheerful nature with excellent interpersonal skills, leadership ability and positive attitude.

TO APPLY

Interested candidates meeting the above criteria are encouraged to e-mail their application, updated CV and recent photograph at **vacancy2080@outlook.com** within **15 days** from notice published date.

Only shortlisted candidates will be called for the further selection process. Finance Company reserves the right to reject any/all applications without assigning any reason whatsoever.

Age: Not exceeding 35 years on the date of application for above mentioned post.
Salaries and perks: As Per Company's Employees Service By-laws

BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
BFC

Head office :
Kamaladi, Kathmandu
Ph : 01-4542461/62/63

सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ४, काठमाण्डौ
फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९
Email: middletamor@sanimahydro.com, Website: www.middletamor.com

आठौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०९/०४ गते (नयाँपत्रिका राष्ट्रिय दैनिक)

आदरणीय शेयरधनी महानुभावहरु,

यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको मिति २०८० पौष ०२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको आठौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

सभा हुने मिति, समय र स्थान:

मिति : २०८० पौष २६ गते बिहीबार (११ जनवरी, २०२४)।
समय : बिहान ११:०० बजे
स्थान : कुण्डलिनी दरबार ब्याङ्क्वेट, का.म.न.पा.-४, चण्डोल, काठमाडौं।

छलफलका प्रस्तावहरु :

१. कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत गरिएको आठौं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।
२. कम्पनीको आ. व. ०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्ने।
३. लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम आ. व. ०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने।
४. सञ्चालक नियुक्ति सम्बन्धी सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने।
५. कम्पनीको नियमावलीको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालक निर्वाचन/नियुक्ति गर्ने।
६. विविध।

वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु :

१. वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०८०/०९/१२ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/११ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनेछन्।
२. वार्षिक साधारणसभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९:०० बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहने छ।
३. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन।
४. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरिएको छ। आर्थिक विवरण लगायतका वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको वेबसाइट www.middletamor.com मा पनि हेर्न सक्नु हुनेछ।
५. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय धुम्बाराही, काठमाडौंमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ।
६. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ।
७. सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सक्नेछन्।
८. कम्पनीको नियमावली बमोजिम सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालक पदको निर्वाचन सम्बन्धी सम्पूर्ण सूचना एवं जानकारी सभा हुनु भन्दा ७ दिन अगाडी कम्पनीको केन्द्रिय कार्यालयको सूचना पाटिमा टाँस गरिनेछ र वेबसाइटमा पनि गरिनेछ।

नोट : अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा. वडा नं. ४ धुम्बाराही, काठमाडौं वा फोन नं. ०१-४३७३०३०, ०१-४३७२८२८ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

कम्पनी ऐन, २०६३ को दफा ८४ (४) को प्रयोजनका निमित्त प्रकाशित संक्षिप्त वार्षिक आर्थिक विवरण :

आदरणीय शेयरधनी महानुभावहरु,

यस सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको आठौं वार्षिक साधारणसभाको प्रायोजनार्थ कम्पनीको आर्थिक वर्ष २०७९/०८० को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह निम्नानुसार रहेको यस संक्षिप्त आर्थिक विवरण मार्फत जानकारी गराउँदछौं। कम्पनीले नेपाल लेखामान बोर्ड (NASB) को निर्देशन बमोजिम आर्थिक वर्ष २०७९/०८० को नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards –NFRS) अनुसार वित्तीय विवरण तयार गरी सोही बमोजिमको संक्षिप्त विवरण यहाँहरुको जानकारीका लागि यसै साथ प्रकाशित गरिएको छ।

आ.व. २०७९/०८० को कारोबारको सिंहावलोकन

आर्थिक वर्ष २०७९/०८० मा यस कम्पनीद्वारा प्रवर्द्धित मध्य तमोर जलविद्युत आयोजना (७३ मे. वा.) को प्रगति भौतिक संरचनाहरुको निर्माण कार्यमा नै केन्द्रित छ। नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्री सम्झौतामा निर्धारण गरिएको समयावधिभित्र नै आयोजनालाई सम्पन्न गर्ने लक्ष्य साथ तीव्र गतिमा निर्माणकार्य भइरहेको हुँदा आर्थिक वर्ष २०७९/०८० मा कम्पनीको आर्थिक कारोबार खर्चमा नै केन्द्रित रहेको जानकारी गराउँदछौं। प्रस्तुत वर्षको कम्पनीको आर्थिक कारोबारको संक्षिप्त झलक तपसिल बमोजिम रहेको छ।

STATEMENT OF FINANCIAL POSITION
As at Ashad 31, 2080

Particulars	Current Period	Previous Period (Restated)
Assets		
Non Current Assets		
Property, Plant & Equipment	66,044,773	58,663,796
Intangible Assets	10,115,326,492	6,375,404,483
Deferred Tax Assets	575,133	670,290
Total Non Current Assets	**10,181,946,399**	**6,434,738,569**
Current Assets		
Advance and Receivables	326,030,727	793,431,811
Cash and Cash Equivalents	604,806,976	174,322,507
Other Financial Assets	30,885,781	31,316,375
Other Current Assets	3,039,220	3,113,541
Current tax assets	3,323,055	2,487,832
Total Current Assets	**968,085,758**	**1,004,672,066**
Total Assets	**11,150,032,157**	**7,439,410,635**
Equity and Liabilities		
Equity		
Share Capital	3,332,497,000	2,499,375,000
Other Equity		
Retained Earnings	(75,118,831)	(31,040,368)
Other Reserves	944,014	565,538
Total Equity	**3,258,322,183**	**2,468,900,170**
Liabilities		
Non Current Liabilities		
Financial Liabilities		
Non current Borrowings	7,125,152,564	4,475,365,844
Other Non-Current financial liabilities	630,633,512	353,218,422
Provisions	1,508,730	1,355,080
Total Non- Current Liabilities	**7,757,294,806**	**4,829,939,346**
Current Liabilities		
Other Financial Liabilities		
Current Borrowings	-	97,599,980
Other Financial Liabilities	133,443,156	34,901,570
Other Current Liabilities	972,011	8,069,568
Total Current Liabilities	**134,415,167**	**140,571,119**
Total Liabilities	**7,891,709,973**	**4,970,510,465**
Total Liabilities and Equity	**11,150,032,157**	**7,439,410,635**

STATEMENT OF PROFIT OR LOSS
For the period ended Asadh, 2080

Particulars	Current Period	Previous Period (Restated)
Revenue(Construction)	3,739,937,829	2,251,044,164
Cost of Sales(Construction)	3,739,937,829	2,251,044,164
Gross profit	-	-
Administrative and Other Operating Expenses	35,261,245	58,469,174
Other Income	394,100	
Profit From Operation	**(34,867,145)**	**(58,469,174)**
Financial Income	5,568,154	292,882
Financial Costs	-	-
Profit before tax	**(29,298,991)**	**(58,176,292)**
Income Tax Expense		
Current Tax	-	-
Deferred Tax Income/(Expense)	31,002	1,579,441
Profit For the Year	**(29,267,989)**	**(56,596,851)**
Earnings per Equity share of Rs.100 each		
Basic Earnings Per Share	(1.06)	(2.26)
Diluted Earnings Per Share	(1.06)	(2.26)

STATEMENT OF CASH FLOW
For the period ended Asadh, 2080

Amount in NPR

Particulars	Current Period	Previous Period (Restated)
Cash Flow from Operating Activities		
Net Profit	(29,267,989)	(56,596,851)
Adjustment for:		
Amortisation	15,820	15,820
Depreciation	12,779,247	10,609,054
Leave Provision	-	-
Deferred Tax	95,157	(1,567,883)
Prior period (expense)/income	-	11,268,345
Tax Paid		-
Cash Flow from Operating Activities Before Changes in Working Capital	**(16,377,766)**	**(36,271,515)**
Cash Flow from Changes in Working Capital		
(Increase)/ Decrease in Current Assets	467,070,776	(336,500,704)
Increase/(Decrease) in Current & Non Current Liabilities	271,791,265	174,142,688
Cash Flow from Operating Activities	**722,484,276**	**(198,629,531)**
Cash Flow from Investing Activities		
(Increase)/Decrease in Work in Progress		
(Increase)/Decrease in Intangible Assets	(3,739,937,829)	(2,251,044,165)
(Capitalisation)/(Purchase) of Fixed Assets	(20,160,224)	(33,252,389)
(Increase)/Decrease in Investments	-	-
Cash Flow on Investing Activities	**(3,760,098,053)**	**(2,284,296,554)**
Cash Flow from Financial Activities		
Increase/(Decrease) in Borrowings	2,649,786,720	2,467,839,022
Advance towards Share Capital	-	-
Issuance of Share Capital	818,311,527	166,625,000
Cash Flow from Financial Activities	**3,468,098,246**	**2,634,464,022**
Total Cash Generated in the Year	**430,484,469**	**151,537,937**
Opening Cash and Bank Balances	**174,322,507**	**22,784,570**
Cash and cash equivalent at The End of The Year	**604,806,976**	**174,322,507**

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको धितोमा रहेको सम्पति पुनःलिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/०५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (सांविक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस १२ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय हेटौंडा, मकवानपुरमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसील

ऋणीहरुको विवरण:

क. नेपाल सरकार उद्योग, मन्त्रालय कम्पनि रजिस्ट्रर्डको कार्यालय काठमाण्डौमा कम्पनि ऐन २०६३ अन्तरगत मिति २०७५/०४/१० मा प्रा.लि नं. १९४१५०/०७५/०७६ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौंडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६६५१९६७ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ६ मा रजिष्ट्रार कार्यालय रहेको **जुपिटर हेटौंडा नेपाल प्रा.लि.** ।

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, संम्झना देवकोटाको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **नारायण प्रसाद सापकोटा** (ना.प्र.नं. ८२, जारी मिति २०५९/०४/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. कविद्धत्त दुंगानाको नातिनी, बाबुराम दुंगानाको छोरी, भवनाथ सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **दुर्गा दुंगाना** (ना.प्र.नं. ३४, जारी मिति २०५९/०४/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
५. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **रोम प्रसाद सापकोटा**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं.६ स्थित कित्ता नं.१४५०८ को क्षेत्रफल ०-०-१८.२५ (बि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **गुरु प्रसाद सापकोटा**को नाममा मलपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं.६ स्थित कित्ता नं.१४५१० को क्षेत्रफल ०-१-६.७५ (बि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. **भवनाथ सापकोटा**को नाममा मलपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ६ स्थित कित्ता नं. १४५०९ को क्षेत्रफल ०-१-० (बि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
४. **नारायण प्रसाद सापकोटा**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा वडा नं. ०६ स्थित कित्ता नं. १४५०७ र १४५०६ को क्षेत्रफल क्रमश ०-०-१२.७५ र ०-१-४ (बि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

ऋणीको विवरण:

ख. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, संम्झना देवकोटाको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **नारायण प्रसाद सापकोटा** (ना.प्र.नं. ८२, जारी मिति २०५९/०४/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.मा.न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. हरी प्रसाद देवकोटाको नातिनी, शिव प्रसाद देवकोटाको छोरी, नारायण प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **सम्झना देबकोटा** (ना.प्र.नं. ७२४२, जारी मिति २०५८/०९/०९, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **नारायण प्रसाद सापकोटा**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं.०६ स्थित कित्ता नं.५१५९ को क्षेत्रफल ०-९-१९-० (बि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

ऋणीको विवरण:

ग. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.मा न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, संम्झना देवकोटाको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **नारायण प्रसाद सापकोटा** (ना.प्र.नं. ८२, जारी मिति २०५९/०४/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
५. कविद्धत्त दुंगानाको नातिनी, बाबुराम दुंगानाको छोरी, भवनाथ सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **दुर्गा दुंगाना** (ना.प्र.नं. ३४, जारी मिति २०५९/०४/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:

घ. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, संम्झना देवकोटाको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **नारायण प्रसाद सापकोटा** (ना.प्र.नं. ८२, जारी मिति २०५९/०४/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:

ङ. नेपाल सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर हेटौंडामा औद्योगिक व्यवसाय ऐन २०७६ अन्तरगत मिति २०७७/०७/१७ मा प्रा.फा. नं.२०९५/१०३४/०७७/०७८ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौंडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.६१४१५६११५ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौंडाउ.म.न.पा वडा नं.६ मा रजिष्टर्ड कार्यालय रहेको **रितीरिवाज गाई फर्म** (प्रोपाईटर लक्ष्मण प्रसाद काफ्लेको नातिनी, डिल्ली प्रसाद काफ्लेको छोरी, रोम प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.६) बस्ने **रुपा कुमारी काफ्ले** (ना.प्र.नं.३११०२३/५७२००, जारी मिति २०६५/१०/२८, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. लक्ष्मण प्रसाद काफ्लेको नातिनी, डिल्ली प्रसाद काफ्लेको छोरी, रोम प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **रुपा कुमारी काफ्ले** (ना.प्र.नं. ३११०२३/५७२००, जारी मिति २०६५/१०/२८, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.मा न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
५. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं.०६) बस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:

च. नेपाल सरकार घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर हेटौंडामा प्राइभेट फर्म रजिस्ट्रेसन ऐन २०१४ अन्तरगत मिति २०७४/०५/०६ प्रा.फा.न. १०७३०/८४९/२०७४/२०७५ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौंडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.६०६४४३४४३ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौंडाउ.मा.न.पा वडा नं.६ मा रजिस्ट्रर्ड कार्यालय रहेको **रिती रिवाज पोल्ट्री फर्म** (प्रोपाइटर पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. कविद्धत्त दुंगानाको नातिनी, बाबुराम दुंगानाको छोरी, भवनाथ सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **दुर्गा दुंगाना** (ना.प्र.नं. ३४, जारी मिति २०५९/०४/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:

छ. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, संम्झना देवकोटाको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **नारायण प्रसाद सापकोटा** (ना.प्र.नं. ८२, जारी मिति २०५९/०४/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:

ज. नेपाल सरकार घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर हेटौंडामा प्राइभेट फर्म रजिस्ट्रेसन ऐन २०१४ अन्तर गत मिति २०७०/०५/११ सा.फ.प्र.पं.न ८१९७/८५/२०७०/०७१ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौंडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३००२८२४२३ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं.६ मा रजिस्ट्रर्ड कार्यालय रहेको **सापकोटा राईस एण्ड फ्लोर मिल** (प्रोपाईटर जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं.०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. कविद्धत्त दुंगानाको नातिनी, बाबुराम दुंगानाको छोरी, भवनाथ सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **दुर्गा दुंगाना** (ना.प्र.नं. ३४, जारी मिति २०५९/०४/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:

झ. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौंडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौंडा उ.मा न.पा., वडा नं. ०६ (सांविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **सुमित्रा सापकोटा**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं.०६ स्थित कित्ता नं.२५८७ को क्षेत्रफल ०-१५-३ (बि.क.धु) जग्गा जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **गुरु प्रसाद सापकोटा**को नाममा मलपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं.६ स्थित कित्ता नं.१९१३, ८७०८, ८९०४ र ८९०६ को क्षेत्रफल क्रमश ०-२-१०, ०-३-२.२५, ०-०-१६.२५ र ०-०-१३.७५ (बि.क.धु) जग्गा जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. **भवनाथ सापकोटा**को नाममा मलपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं.६ स्थित कित्ता नं.७३६७ को क्षेत्रफल ०-११-५.७५ (बि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
४. धनि कुमारी बैंक लि. (सांविक एन.सी.सी. बैंक लि.) र ऋणी **भवनाथ सापकोटा** कायम भई बागमति प्रदेश यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको चे.नं. M3GTGS86JLB000043, ई.नं. TY5370, सवारी नं. Pra 03-01-024 Cha 4480, को V-CROSS HI-LANDER थान १।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० पुस ११ गते** भित्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडिको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० पुस १२ गते ३:००** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय हेटौंडा, मकवानपुरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखल खारेज गर्दा सम्बन्धित अड्ड

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार ५ पुस ०८०

प्रतिक्विन्टल २५ रुपैयाँ बढाएर तोकियो उखुको समर्थन मूल्य

उखु किसानको असन्तुष्टि कायमै, किसानको आन्दोलन जारी

पूर्व-पश्चिम राजमार्ग चार घन्टा अवरुद्ध



उखुको लागत पनि नउठ्ने मूल्य मान्दैनौं

● **कपिलमणि मैनाली**, अध्यक्ष, उखु उत्पादक संघ

अहिलेको समर्थन मूल्यमा सहमति जनाउन सकिँदैन । चिनीको मूल्य बढ्ने, तर किसानको उखुको मूल्यचाहिँ लागतसमेत नउठ्ने गरी तोक्ने यस्तो पनि हुन्छ ? उखु किसानलाई निरुत्साहित बनाउने काम भयो ।



भोजराज भण्डारी/नयाँ पत्रिका

किसानले उखु क्रसिङ सुरु गरिसकेको सरकारले बल्ल उखुको मूल्य निर्धारण गरेको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले गत वर्षभन्दा प्रतिक्विन्टल २५ रुपैयाँ बढाएर उखुको समर्थन मूल्य प्रतिक्विन्टल ६ सय ३५ रुपैयाँ तोकेको हो । जसमा किसानले चिनी उद्योगीबाट प्रतिक्विन्टल पाँच सय ६५ रुपैयाँ र सरकारले दिने अनुदानस्वरूप ७० रुपैयाँ पाउँछन् । सरकारले हरेक वर्ष अनुदानस्वरूप ७० रुपैयाँ दिँदै आएको छ ।

अघिल्लो आर्थिक वर्ष ०७९/८० मा प्रतिक्विन्टल ६ सय १० रुपैयाँ समर्थन मूल्य तोकिएको थियो । जसमा उद्योगीबाट किसानले प्रतिक्विन्टल पाँच सय ४० रुपैयाँ पाउने र सरकारले अनुदानस्वरूप प्रतिक्विन्टल ७० रुपैयाँ दिएको थियो ।

उखु किसानले सामान्यतया कात्तिकको अन्तिम साताबाट उखु क्रसिङ थाल्छन् । त्यसैले असोजको पहिलो सातामै उखुको समर्थन मूल्य तोक्नुपर्ने हो । तर, ढिलाइ गर्दा किसानले पुरानै मूल्यमा उखु बेच्न बाध्य भएका छन् । ढिलो गरी तोकिएको समर्थन मूल्यमा पनि किसानहरूले असन्तुष्ट जनाएका छन् ।

उखु उत्पादक संघका अध्यक्ष कपिलमणि मैनालीले सरकारले अहिले तोकेको मूल्यले उखु किसानलाई निरुत्साहित बनाएको बताए । 'चिनीको मूल्य बढेर एक सय २५ रुपैयाँसम्म पुगेको छ, तर किसानलाई भने मूल्य नै छैन यो त अन्याय भयो,' उनले भने, 'धेरैपटक मन्त्रालयमा गएर उखुको समर्थन मूल्य र अनुदानस्वरूप दिइने रकम बढाउन भन्यौं, तर हाम्रो कुराको कुनै सम्बोधन हुँदैन । किसानहरूलाई कसरी उखुखेतीप्रति आकर्षण बढाउने भन्ने चिन्ता देखिएन ।'

अहिलेको समर्थन मूल्यमा आगामी दिनमा उखुखेती गर्न नसकिने सर्लाहीका उखु किसान राकेश यादवले बताए । उनले भने, 'आजको दिनमा चिनीको मूल्य सय रुपैयाँभन्दा माथि छ, तर सरकारले अहिले पनि ६५ रुपैयाँको रेटमा उखुको समर्थन मूल्य तोक्दै छ, यस्तो अवस्थामा सहमत हुन सकिँदैन ।'

तर, कृषि तथा पशुपक्षी विकास मन्त्रालय

सर्लाहीमा **श्रवण थापा**

उचित समर्थन मूल्य र अनुदानबापतको बक्यौता माग गर्दै सर्लाहीका उखु किसानहरूले संघर्षलाई निरन्तरता दिएका छन् । किसानहरूले उखुको समर्थन मूल्य सात सय ५० रुपैयाँ हुनुपर्ने र अनुदान रकम तत्काल पाउनुपर्ने माग गर्दै गत शुक्रबारदेखि चरणबद्ध आन्दोलन गरिरहेका छन् । किसानले बुधबार चार घन्टा पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेका छन् । उनीहरूले उखु काट्नै छोडेर आन्दोलन थालेपछि उद्योगसमेत बन्द रहेका छन् । किसानले विज्ञप्तिनै पेस गरेर क्रसिङ स्थगित गर्न आग्रह गरेपछि सर्लाहीको इन्दुशंकर चिनी उद्योग र महोत्तरीको चिनी उद्योग रामनगरले तत्काल सञ्चालन गर्न नसकिएको जनाएको हो । क्रसिङको सम्पूर्ण तयारी भइसकेको अवस्थामा किसानकै आग्रहमा क्रसिङ सुरु नगरेको इन्दुशंकर चिनी उद्योगका उखु प्रबन्धक योगनारायण रजकले बताए ।

पुसको पहिलो हप्ता सकिनै लाग्दासमेत उखु काट्ने सुरसार नभएपछि यसपटक उखु कटान चैत-वैशाखसम्म पुग्न सक्ने किसानको अनुमान छ । सो समयमा गर्मी बढ्दै जाने भएकाले मजदुरले काम गर्नसमेत नमान्ने हरिवन नगरपालिका- ८, निवासी कमलविक्रम कार्कीले बताए । उनले भने, '२० प्रतिशतसम्म ज्याला थपेर काम लगाउनुपर्छ ।' त्यसले समेत किसानहरूलाई नै मारपर्ने किसान कार्कीको भनाइ थियो ।

■ अनशनरत युवकको अवस्था जटिल

उखुको उचित समर्थन मूल्य र बाँकी अनुदान माग्दै आमरण अनशन बसेका किसानहरूको अवस्था जटिल बन्दै गएको छ । इन्दुशंकर चिनी उद्योगको मूलगेटमा आमरण अनशन बसेका हरिवन- ११, निवासी शेष इस्तिहारको स्वास्थ्य अवस्था गम्भीर बनेको चिकित्सकहरूले बताएका छन् । तीन दिनदेखि आमरण अनशनमा रहेका उनको स्वास्थ्य अवस्था मंगलबार एक्कासी बिग्रिएपछि स्लाइन पानी दिएर राखिएको छ । इस्तिहार विभिन्न पाँचबुँदे मागसहित चिनी उद्योगको मुख्य द्वारमा अनिश्चितकाल आमरण अनशन बसेका हुन् ।

■ करिब चार लाख टन उखु क्रसिङ

प्रवक्ता सवनम सिवाकोटीले चिनीको मूल्यको अनुपातमा नभई उत्पादन लागतका आधारमा समर्थन मूल्य तोकिएको जानकारी दिइन् । उनले भनिन् ,'माग र आपूर्तिसँग मूल्य जोडिन्छ, तर हामीले उत्पादन लागतका आधारमा सिफारिस गरेको हो, अब यो मूल्यका आधारमा चिनीको मूल्य कति हुनुपर्ने भन्ने विषयमा केही दिनपछि निर्धारण हुन्छ ।'

तराईका विभिन्न जिल्लामा करिब चार लाख टन उखु क्रसिङ भइसकेको उखु उत्पादक संघका अध्यक्ष कपिलमणि मैनालीले जानकारी दिए । हिमालयन सुगर मिल सिराहा, महालक्ष्मी सुगर मिल सिराहा, बाबा सुगर मिल र रिलाइन्स सुगर मिललले पुरानै मूल्यमा उखु खरिद गरेको उनको भनाइ छ । उनले भने, 'किसानले उखु सुक्ने डरले पुरानै मूल्यमा बेच्न बाध्य भए अब उद्योगीले तोकिएको मूल्य पनि किसानले पाउने-नपाउने अनिश्चित छ ।'

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका अनुसार पछिल्ला केही आर्थिक वर्षदेखि उखुको उत्पादन क्षेत्र घट्दै गएको मन्त्रालयको तथ्यांकले देखाएको छ । आर्थिक वर्ष ०७५/ ७६ मा ७१ हजार ६ सय २५ हेक्टरमा उखुखेती गरिएको थियो । जसमा ३५ लाख ५७ हजार मेट्रिकटन उखु उत्पादन भएको थियो । त्यस्तै, आर्थिक वर्ष ०७६/७७ मा ६८ हजार पाँच सय हेक्टरमा उखुखेती गरिएको थियो । जसमा ३४ लाख मेट्रिकटन उखु उत्पादन भएको थियो ।

आर्थिक वर्ष ०७७/७८ मा ६४ हजार तीन सय ५४ हेक्टरमा उखुखेती गरिएकोमा ३१ लाख ८३ हजार नौ सय ४३ मेट्रिकटन उखु उत्पादन भएको मन्त्रालयको भनाइ छ । त्यस्तै, आर्थिक वर्ष ०७८/७९ मा ६२ हजार पाँच सय ६७ हेक्टरमा उखु लगाइएको थियो जसमा २८ लाख ९३ हजार सात सय ७० मेट्रिकटन उखु उत्पादन भएको मन्त्रालयको भनाइ छ ।

सुक्खा बन्दरगाहका बेवारिसे ३८० कन्टेनरमा भन्सार छलीका मालवस्तु फेला

नयाँ पत्रिका

भन्सार विभागले वीरगन्ज सुक्खा बन्दरगाहमा अप्रेसन अभियान चलाउँदा आयात प्रतिबन्धित र कम मूल्यांकन गरेर भित्र्याइएका वस्तुहरू फेला पारेको छ । वीरगन्ज सुक्खा बन्दरगाहको यार्ड र गोदाममा आयात प्रतिबन्ध रहेका र एउटा वस्तुलाई अर्कै नाममा भित्र्याएर लुकाइएका शंकास्पद वस्तुहरू रहेको सूचनापछि विभागले 'सर्च अभियान' तीव्र पारेको हो ।

विभागले पहिलो चरणमा भन्सार गोदाम र यार्डमा सन् २०१८ देखि थन्किएर रहेका ६० दिन नाघेका वस्तु रहेका करिब ३८० कन्टेनर खोलेर चेकजाँच सुरु गरेको हो । सर्च अभियानको नेतृत्व विभागका शाखा अधिकृत मधु खनालले गरेका छन् । हालसम्म १८३ कन्टेनरको चेकजाँच सम्पन्न भइसकेको विभागका महानिर्देशक शोभाकान्त पौडेलले बताए । चेकजाँच गरिएका कन्टेनरहरूमा आयात प्रतिबन्धित र उच्च भन्सार महसुल भएका रक्सी, सुपारी, पोस्तादाना, छोकडा, केराउ, कपडा, फिड सप्लिमेन्ट, टायर सिलेन्ट, फ्लोरिड, फ्रिज, इलेक्ट्रिक स्कुटर, औद्योगिक मेसिनरी, मासको दाल, जनावरका सिङलगायत फेला परेको विभागले जनाएको छ । चेकजाँच गरिएका अधिकांश कन्टेनरमा अवैध रूपमा भित्र्याइएका मालवस्तु फेला परेका छन् ।

विगतदेखि नै तस्करहरूले बढी भन्सार महसुल लाग्ने वस्तु र आयात प्रतिबन्ध रहेका वस्तुलाई कम भन्सार लाग्ने अर्कै वस्तु भनी भन्सारबाट छुटाउने गरेका छन् । तर, पछिल्लो समय भन्सार विभागले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई भन्सार कार्यालयबाट जाँचपास हुने हरेक मालवस्तुको निगरानी गर्ने र शंकास्पद देखिएमा विभागबाटै टोली खटाई पुनः भौतिक परीक्षण गर्न थालेको छ । जसकारण एउटा वस्तुलाई अर्कै भनी घोषणा गर्ने प्रवृत्तिमा नियन्त्रण आएको स्रोत बताउँछ । अवैधानिक रूपमा भित्र्याइएका मालवस्तुको भन्सार घोषणा नगरी गोदाम-यार्डमा लुकाएर राख्ने र भन्सारमा कमजोर नेतृत्व भएको बखत भन्सार छुटाउने गरेको स्रोतको भनाइ छ । विभागले शंकास्पद कन्टेनर सर्च गरेर अवैधानिक मालवस्तु ल्याउने पैठारीकर्ताको पहिचान गरी दोषीमाथि हदैसम्मको कारबाही गर्ने अभियान चलाएको छ ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com

थप जानकारीको लागि QR Code Scan गर्नुहोला ।

यस बैंकको बुटवल शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति : २०८०/०९/०५

यस विकास बैंकको बुटवल शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

सि.नं.	ऋणीको विवरण	धितो/धनजमानीकर्ताको विवरण	धितोमा रहेको सम्पत्तिको विवरण
१.	**नेपाः ट्राभल्स एण्ड टुर्स प्रा.लि.** **दर्ता नं : प्रा.लि. ३७९७६/०६२/०६३** ठेगाना : सिद्धार्थनगर न.पा -५, रुपन्देही दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौं । स्थायी लेखा नं.: ३०२१३५८२२ **अख्तियार प्राप्त व्यक्ति/धनजमानीकर्ता : संजय बजिमय** **ना.प्र.नं. ९६६३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : मथुरा प्र. बजिमय बाजे : कृष्ण लाल बजिमय ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा -५ **शाखा कार्यालय : बुटवल** **कर्जा शीर्षक : साना व्यापार कर्जा (अधिविकर्ष) तथा टप अप डिमाण्ड कर्जा**	**निर्मला श्रेष्ठ** **ना.प्र.नं. ३/४०५१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही पति : संजय बजिमय ससुरा : मथुरा प्र. बजिमय ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. ०७ हाल सिद्धार्थनगर न.पा -५ **निराकार बजिमय** **ना.प्र.नं. ३७-०१-७२-०८६०३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : संजय बजिमय बाजे : मथुरा प्र. बजिमय ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा -५	१) निर्मला श्रेष्ठको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको निम्न अनुसारको (घर/जग्गा) : ठेगाना: सिद्धार्थनगर नगरपालिका -४; नक्सा सिट: ४ङ कित्ता नं. २५५: क्षेत्रफल ०-१-०-० (३३८.५८) कित्ता नं. ४२३: क्षेत्रफल ०-०-१२.५-० (२११.६५) कित्ता नं. २५६: क्षेत्रफल ०-०-१०-० (१६९.२९) घर लगायत सम्पूर्ण लिगलगापात समेत ।
२.	**निर्मला श्रेष्ठ** **ना.प्र.नं. ३/४०५१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही पति : संजय बजिमय ससुरा : मथुरा प्र. बजिमय ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. ०७ हाल सिद्धार्थनगर न.पा -५ **शाखा कार्यालय : बुटवल** **कर्जा शीर्षक : व्यक्तिगत इक्विटी कर्जा तथा ओडि कार्ड कर्जा**	**संजय बजिमय** **ना.प्र.नं. ९६६३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : मथुरा प्र. बजिमय बाजे : कृष्ण लाल बजिमय ठेगाना रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा -५ **निराकार बजिमय** **ना.प्र.नं. ३७-०१-७२-०८६०३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : संजय बजिमय बाजे : मथुरा प्र. बजिमय ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा -५	

धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ ।

२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अङ्क र अक्षरमा फरक फरक व्यहोरा लेखिएको भए अक्षरमा लेखिएको व्यहोरालाई मान्यता दिईनेछ ।

४. बोलपत्र पेश गर्दा सबै सम्पत्ति (घर/जग्गा) वा कुनै एक सम्पत्ति अलग-अलग कित्ता समेत खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ ।

५. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।

६. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।

७. रीतपुर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ३:३० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो दिन लिलाम बिक्री सम्बन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगतै कार्यालय खुलेको दिन लिलाम बिक्री सम्बन्धी काम सम्पन्न गरिनेछ । साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ ।

९. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ ।

१०. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात् मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।

११. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ ।

१२. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१३. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

पुनश्च : उल्लिखित ऋणी (प्रोप्राइटर)/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पूनः जानकारी गराईन्छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन ।

गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:

बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८०/०९/१९ गते र बोलपत्र खोलिने मितिः २०८०/०९/२०

समयः दिनको : २:०० बजे

सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय भैरवा रुपन्देहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल/अचल सम्पती गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०५/०५ गते विहिवारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका)

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीहरुले बिभिन्न शिर्षक अन्तरगत लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछर्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछर्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछर्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति चल/अचल सम्पत्ती जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलवन्दी बोलपत्र बैंकको शाखा कार्यालय भैरहवा, रुपन्देहीमा दाखिल गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८०/१०/१८ गते विहिवारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय भैरवा रुपन्देहीमा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

क. ऋणी, जमानतकर्ताहरु तथा धितोको विवरण : तपसिल

ऋणी : नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा मिति २०७७/०७/१७ मा दर्ता.नं. २४६४१८/०७७/०७८ कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भैरहवा रुपन्देहीबाट मिति २०७८/०४/२२ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०९८४१७२१ को प्रमाण पत्र प्राप्त **जेरा सिड प्रा.लि. । रजिष्ट्रर्ड ठेगाना :** रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा.वडा नं. ८, अन्नपुर्ण टोल ।	**सञ्चालक तथा जमानतकर्ता : हेमन्त शर्मा** (ना.प्र.नं. १६/५५६५ जारी मिति २०५४/०२/०१ जारी गर्ने कार्यालय जि.प्र.का.सप्तरी) । स्थायी ठेगाना : सप्तरी जिल्ला मलेठ गा.वि.स वडा नं. ०३ (हाल राजविराज न.पा.वडा नं. ९) । हालको ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न. पा. वडा नं. ०८ । बाबु : ईश्वर प्रसाद शर्मा । बाजे : छदगन शर्मा ।
सञ्चालक तथा जमानतकर्ता : प्रेम कुमारी वि.क (ना.प्र.नं. ३७१०२/२/३३७९४) जारी मितिः २०६३/१२/२६ जारी गर्ने कार्यालय जि. प्र. का. रुपन्देही) । हालको ठेगाना : रुपन्देही जिल्ला, मायादेवी गा.पा.वडा नं. ०८ स्थायी ठेगाना : रुपन्देही जिल्ला सि.न.पा वडा नं.०२ बाबुः बल बहादुर वि.क । पति/ससुरा : राज कुमार बराल/पृथ्वी राज वि.क ।	**सञ्चालक तथा जमानतकर्ता : श्याम कुमार रसाईली** (ना.प्र.नः १६१

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

Invitation for Sealed Bids

(First Date of Publication: 03 December, 2023)
(Second Date of Publication: 21 December, 2023

Mahalaxmi Bikas Bank Limited a leading national level development bank invites sealed proposals from eligible Firm/Company for Procurement of Service of "Human Resource (HR) Quality Audit".

1. The ToR (Terms of Reference) Document can be purchased within office hours (9:30 AM till 5:00 PM) from General Service Department, Head Office, Thapathali upon payment of non-refundable fee of NPR 2,000.00 (NPR Two Thousand Only) for above mentioned services on or before 7th day of the first date of publication of this notice.
2. Bid document fee should be deposited in the following account of Bank:
   - Account Number: 99950505000050
   - Account Name: Miscellaneous Income
3. Sealed bids must be submitted within the office hours on or before 7th day of the date of publication of the notice.

Note: Qualification, Experience and Technical speciation are mentioned in TOR.

The Bank reserves the right to accept partly or reject any or all bids without assigning any reason whatsoever.

केन्द्रीय कार्यालय
दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९

सामान्य प्रशासन विभाग
थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९११५१९/२०

सबल बैंक, सफल सहकार्य

www.mahalaxmibank.com

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८०/०९/०५ गते

यस माछापुच्छे बैंक लि. लम्की शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०७९/०७/१८ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ०८ (आठौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ ।

तपसिल

ऋणीको नाम, ठेगाना
१. नेपाल सरकार, उद्योग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **सोना देवी किराना स्टोर** प्रा.फ.र. नं. १६८८८/०६९/७०, दर्ता मिति : २०६९/०४/०९, पान नं. ६००६४३३६४, दर्ता मिति : २०६९/०४/०९ ठेगाना : कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. ५, **प्रोप्राईटर : गणेश प्रसाद उपाध्याय (वसौटयाल)**
२. **गणेश प्रसाद उपाध्याय (वसौटयाल)** ना.प्र.नं. २१२८७, जि.प्र.का कैलाली, जारि मिति : २०५५/०२/१२ बाबु : हरि प्रशाद वसौटयाल, बाजे : गज प्रसाद उपाध्याय स्थायी ठेगाना : कैलाली जिल्ला, सुगरखाल गा.वि.स. वडा नं. ८, हाल : कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. ५

व्यक्तिगत जमानतकर्ताहरु	
१. **गणेश प्रसाद उपाध्याय (वसौटयाल)** ना.प्र.नं. २१२८७, जि.प्र.का कैलाली जारि मिति : २०५५/०२/१२ बाबु : हरि प्रशाद वसौटयाल, बाजे : गज प्रसाद उपाध्याय स्थायी ठेगाना : कैलाली जिल्ला, सुगरखाल गा.वि.स. वडा नं. ८ हाल : कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. ५	२. **जानकी उपाध्याय (वसौटयाल)** ना.प्र.नं. ६७२००२/६२७२५, जि.प्र.का., कैलाली जारि मिति : २०७३/०१/२७ बाबु : मेहर सिंह कठायत, पति : गणेश प्रसाद उपाध्याय (वसौटयाल) ससुरा : हरि प्रशाद वसौटयाल स्थायी ठेगाना : कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. ४ हाल : कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. ५
३. **हरि प्रशाद वसौटयाल** ना.प्र.नं. ९११९१४९१, जि.प्र.का. कैलाली, जारि मिति : २०३६/०८/२८ बाबु : गज प्रसाद उपाध्याय, बाजे : गोबरु वसौटयाल स्थायी ठेगाना : कैलाली जिल्ला, सुगरखाल गा.वि.स. वडा नं. ८, कैलाली, हाल : कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. ५	

धितोमा रहेको सम्पत्तिको विवरण

१. गज प्रसाद उपाध्यायको नाती, हरि प्रशाद वसौटयालको छोरा, कैलाली जिल्ला, सुगरखाल गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल लम्की चुहा न.पा. वडा नं. ५, कैलाली बस्ने गणेश प्रसाद उपाध्याय (वसौटयाल) को नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता कायम भएको कैलाली जिल्ला, बलिया गा.वि.स. वडा नं. ७ स्थित कि.नं. २२२३ र २२२४ को क्षेत्रफल क्रमशः ०-५-० र ०-३-५-० (वि.क.धु) को घर जग्गा आदि सम्पूर्ण लिगलगापत समेत ।

(उल्लेखित सम्पत्ति ऋणी श्री सोना देवी किराना स्टोर र गणेश प्रसाद उपाध्याय (वसौटयाल) को नाममा धितो बन्धक पारीत भएको) ।

२. धनी यस माछापुच्छे बैंक लि. र ऋणी सोना देवी किराना स्टोरको नाममा धितो सुरक्षण वापत रहेको निम्न बमोजिमको सवारी साधन :
   सवारी मोडल : TATA ICV TRUTIP, सवारी दर्ता नं. सु.प.प्र. ०१. ००१ क १८०२, Engine No.: 497TC44AZX802858, Chasis No: MAT544009L7R01756, सवारी रङ्ग : Artic White

३. सोना देवी किराना स्टोरले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तीको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ती र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

लिलाम बिक्रीको शर्त तथा बन्देजहरु

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन ।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८०/०९/११ बुधबार कार्यालय समय सम्म शाखा कार्यालय, लम्की	२०८०/०९/१२ बिहीबार दिनको ३:३० बजे शाखा कार्यालय, लम्की

माछापुच्छे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, लम्की

सिन्धुज्वाला हाइड्रो पावर लिमिटेड

तीनकुने, काठमाडौं

विशेष साधारणसभा सम्बन्धि सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८०/०९/०५

यस सिन्धुज्वाला हाईड्रो पावर लिमिटेडको संचालक समितिको सम्बन्धमा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौबाट मिति २०७९/०१/०२ मा जारी भएको निर्देशन अनुसार यस कम्पनीको संस्थापक प्रथम संचालक समितिले उक्त निर्देशन बमोजिम विशेष साधारणसभा बोलाई सोही निर्देशन बमोजिम संचालक समितिको निर्वाचन लगायतका कार्यहरु सम्पन्न गर्ने कानुनी दायित्व हुन आएकोले यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल गरि निर्णय गर्नुपर्ने भएकाले यहाँहरुको गरिमामय उपस्थितिको लागी सम्पुर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौ ।

तपशिल

विशेष साधारणसभा हुने मिति, समय र स्थान :

मिति : २०८० पौष २७ गते ।
समय : विहान ९:०० बजे ।
स्थान : स्काइ दरबार पार्टी प्यालेस, बग्गीखाना, सिंहदरबार, काठमाडौं ।

प्रस्तावहरु :

१. संचालक समितिको निर्वाचन गरि बैधानिक संचालक समिति गठन गर्ने सम्बन्धमा ।
२. स्वतन्त्र लेखा परिक्षक नियुक्त गरि निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
३. स्वदेशी तथा विदेशी लगानि कर्तावाट प्राप्त लगानी प्रस्ताव अनुमोदन गर्ने सम्बन्धमा ।
४. विविध ।

नोट :

१) निर्वाचन सम्बन्धी कार्यक्रम विशेष साधारणसभा हुनु भन्दा ७ दिन अगाडी कम्पनीको कार्यालयमा प्रकाशित गरिने छ ।
२) प्रोक्सी मिति पौष २३, २०८० सम्म यस कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।
३) शेयरधनी महानुभावहरुले आफ्नो सक्कल शेयर प्रमाणपत्र वा साधारणसभा प्रयोजनार्थ जारी प्रवेशपत्र अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्नेछ ।
४) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रतिनिधि (प्रोक्सी) कम्पनीमा बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गर्न चाहेमा सोको सूचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको कार्यालयमा दिनु पर्नेछ ।
५) विशेष साधारणसभा हुने स्थानमा सभामा सहभागी शेयरधनी महानुभावहरुको हस्ताक्षरको लागी हाजिरी पुस्तिका बिहान ७:०० बजे देखि नै खुल्ला गरिने छ ।
६) विस्तृत जानकारीको लागि कार्यालय समय भित्र कम्पनीको कार्यालयमा सर्म्पक गर्न सकिनेछ ।

संस्थापक प्रथम संचालक समिति

कुमारी बैंक लिमिटेड शाखा कार्यालय लहान, सिरहाको धितोमा रहेको सम्पति पुन:लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/०५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय लहान, सिरहाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस १२ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय लहान, सिरहामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग प्राइभेट फर्म रजिष्ट्रेसनको कार्यालयमा मिति २०७५/०५/३१ मा दर्ता नं. ८५९७/२०७५/०७६ दर्ता कायम भई सिरहा जिल्ला, लहान ना.पा. वडा नं. १२ स्थित रजिष्टर्ड कार्यालय रहेको **एन्जल सप्लायर्स** (प्रोप्राईटर जिलेवी साह/कपलेश्वरी साहको नाति, देव नारायण साह/सुदामा देवी साहको छोरा, सिरहा जिल्ला, सितापुर प्र.ध. गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ०६ बस्ने **सजन कुमार साह**, ना.प्र.नं. १५२०११/१५३०२, जारी मिति २०७१/०१/०८, इलाका प्रशासन कार्यालय लहान सिरहा) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. गेनाई साहको नाती, जिलेवी साहको छोरा, सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा., वडा नं. ०६(साबिक सिरहा जिल्ला, सितापुर गा.वि.स. वडा नं. ०७) बस्ने **देव नारायण साह** (ना.प्र.नं. २४-५-१५६९, जारी मिति २०४१/११/१०, इलाका प्रशासन कार्यालय लहान, सिरहा) ।
२. रुपी साहको नाती, बौएलाल नन्दी साहको छोरा, सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा., वडा नं. ०६ (साबिक सिरहा जिल्ला, सितापुर गा.वि.स. वडा नं. ०७) बस्ने **सुदामा देवी साह** (ना.प्र.नं. १५३०११/१०४९, जारी मिति २०६३/११/२९, जिल्ला प्रशासन कार्यालय सिराहा) ।
३. जिलेवी साह/कपलेश्वरी साहको नाति, देव नारायण साह/सुदामा देवी साहको छोरा, सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा., वडा नं. ०६(साबिक सिरहा जिल्ला सितापुर प्र.ध. गा.वि.स. वडा नं. ०७) बस्ने **सन्तोष कुमार साह** (ना.प्र.नं. १५३०११/११८, जारी मिति २०७०/०२/२९, जिल्ला प्रशासन कार्यालय सिराहा) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. धनि कुमारी बैक लि.(साबिक एन.सी.सी. बैक लि.) र ऋणी **एन्जल सप्लायर्स** कायम भई प्रदेश नं २ यातायात व्यवस्था कार्यालय, लहान, सिरहामा दर्ता कायम रहेको चे.नं. MAT464602MSR06656, ई.नं. 4SPCR10DYX616393, सवारी नं. प्र २-०१ ००१ च ०४२३ , को XENON YODHA SC गाडी थान १ ।
२. **सजन कुमार साह**को नाममा मालपोत कार्यालय, लहानमा दर्ता कायम रहेका सिरहा जिल्ला, सितापुर प्र.ध. गा.वि.स वडा नं. २/ख (हाल लक्ष्मीपुर पतारी गा.पा.वडा नं. ०६) स्थित कित्ता नं. २९४ को क्षेत्रफल ०-०-१०-० (वि.क.धु) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. **सजन कुमार साह**को नाममा मालपोत कार्यालय, लहानमा दर्ता कायम रहेका सिरहा जिल्ला, सितापुर प्र.ध. गा.वि.स वडा नं. २/ख (हाल लक्ष्मीपुर पतारी गा.पा.वडा नं. ०६) स्थित कित्ता नं. २१८ र २२४ को जग्गा क्षेत्रफल ०-०-८-० र ०-०-१५-० (वि.क.धु) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० पुस ११ गते** भित्र बैंकको शाखा कार्यालय लहान, सिरहामा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय लहान, सिरहाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० पुस १२ गते** ३:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय लहान, सिरहामा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालाे सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्होर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय लहान, सिरहामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० पुस १२ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय लहान, सिरहा फोन नं. ०३३-५६५००६

'भिजा स्क्यान टु पे' भुक्तानी प्रणाली सुरु



काठमाडौं/ ग्लोबल आइएमई बैंकको अगुवाइमा नेपाल इलेक्ट्रोनिक पेमेन्ट सोलुसनको स्विचिङ सुविधा र स्विफ्ट टेक्नोलोजीको प्राविधिक सहयोगमा 'भिजा स्क्यान टु पे' भुक्तानी प्रणाली सुरु भएको छ । भिजा स्क्यान टु पे कार्डदेखि-व्यापारीसम्मको भुक्तानी सेवा हो ।

उक्त प्रणालीको राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट, ग्लोबल आइएमईका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य, नेपाल इलेक्ट्रोनिक पेमेन्ट सोलुसनका प्रमुख कार्यकारी अधिकृत सञ्जीव सुब्बा र स्विफ्ट टेक्नोलोजीका प्रमुख कार्यकारी अधिकृत नीरज ढुंगानाले क्युआर स्क्यान गरी प्रथम कारोबारसहित संयुक्त रूपमा सेवाको उद्घाटन गरेको जनाइएको छ । उक्त प्रविधिमार्फत ग्लोबल आइएमई बैंकका भिजा कार्डवाहक ग्राहकले फिजिकल कार्डको प्रयोगविना नै उक्त बैंकको कार्ड स्वाइप नगरी आफ्नो स्मार्टफोन प्रयोग गरेर मोबाइल एप ग्लोबल स्मार्ट प्लसमार्फत क्युआर क्यान गरी कुनै पनि पेमेन्ट गर्न सक्ने उल्लेख छ ।

सेवाको सुरुवातपछि राष्ट्र बैंकका कार्यकारी निर्देशक भट्टले बैंकले जारी गरेको यो प्रविधि डिजिटल प्रविधिको विकासमा कोसेढुंगा साबित हुने बताए । सरकार र राष्ट्र बैंकले लिएको डिजिटल नेपाल निर्माणको लक्ष्यअनुसार नयाँ-नयाँ प्रविधिको विकास गरेकोमा बैंकलगायत संलग्न सबै धन्यवादको पात्र भएको उनको भनाइ थियो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत बज्राचार्यले ग्लोबल आइएमई बैंक नयाँ-नयाँ प्रविधिको विकास र विस्तारमा सधैं अग्रणी रहेको बताए । नयाँ प्रविधिको विकासका साथै यसको प्रयोग पनि उत्तिकै जरुरी भएको र सबै सरोकारवाला मिलेर यसको प्रवर्द्धन गर्न जरुरी रहेको उनको भनाइ थियो । नेपाल इलेक्ट्रोनिक पेमेन्ट सोलुसनका प्रमुख कार्यकारी अधिकृत सुब्बाले प्रविधिको विकास र विस्तारमा सबै सरोकारवालाबीच ठूलो सहकार्यको आवश्यकता रहेको बताए ।

स्विफ्ट टेक्नोलोजिजका प्रमुख कार्यकारी अधिकृत ढुंगानाले डिजिटल प्रविधिको विकास अहिलेको चर्चाको विषय रहेको बताए । भिजाको नेपाल, बंगलादेश तथा भुटानका लागि कन्ट्री म्यानेजर सौम्य बासुले नयाँ-नयाँ प्रविधिको अनुशरण गर्न नेपाल अगाडि रहेको बताए । ग्लोबल आइएमई बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेलले नयाँ-नयाँ डिजिटल प्रविधिको विकासभन्दा यसलाई अनुशरण गर्न ठूलो समस्या रहेको बताए ।

प्रभु हेलिकोप्टरको आइपिओ बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल



काठमाडौं/ प्रभु हेलिकोप्टर लिमिटेडले साधारण सेयर (आइपिओ) जारी गर्ने भएको छ । कम्पनीले आइपिओ निष्कासनको प्रक्रिया अघि बढाउनका लागि बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटललाई नियुक्त गरेको हो ।

बिक्री प्रबन्धक नियुक्तिसम्बन्धी सम्झौतामा प्रभु हेलिकोप्टरका प्रबन्ध सञ्चालक सुभाष अमात्य र मुक्तिनाथ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशीले हस्ताक्षर गरेको जनाइएको छ ।

कम्पनीले ६ करोड ६०लाख रुपैयाँबराबरको प्रतिसेयर एक सय रुपैयाँ अंकित ६ लाख ६० हजार कित्ता साधारण सेयर सर्वसाधारणलाई बिक्री गर्ने जनाइएको छ । प्रभु हेलिकोप्टर नेपालको पुँजीबजारमा पहिलो हेलिकोप्टर कम्पनी हुने कम्पनीले जनाएको छ । हाल कम्पनीले एयरबस कम्पनीले निर्माण गरेको एच१२५ र अमेरिकाको रोबिन्सन हेलिकप्ट कम्पनीले निर्माण गरेको सोबिन्सन आर६६ जस्ता हेलिकोप्टरद्वारा गुणस्तरीय सेवा दिँदै आएको जनाएको छ ।

आइए

यस्तै कानुनी...

पृष्ठ १ बाट क्रमशः

जान्छ, वन मन्त्रालयमा १० जनालाई नमस्कार गर्छ। पख्नुस्, त्यसमा छलफल भएको छैन, गाउँमा कर्मचारी पुगेको छैन भन्नेजस्ता अनेकथरी जवाफ आउँछ।' बैठकमा प्रधानसेनापति शर्मा र परियोजना प्रमुखले फास्ट ट्र्याकको प्रगति विवरणबारे ब्रिफिङ गरेका थिए। उनीहरूले फास्ट ट्र्याकको रुटमा पर्ने रूख काट्न नपाएको सँगै फास्ट ट्र्याकको प्रस्थान विन्दु खोकनाको जग्गा मुआब्जा विवादलाई काममा ढिलाइ हुनुको कारण देखाएका छन्। परियोजनामा पर्ने रुख काट्न आफूले प्रधानमन्त्री र रक्षामन्त्रीलाई वैशाखमै देखाएको भन्दै शर्माले अहिले पनि काट्न नसकिएको सुनाए। कानुन संशोधन नभए फास्ट ट्र्याक मात्र नभई नेपालको कुनै पनि परियोजना पूरा गर्न गाह्रो हुने उनको भनाइ छ।

प्रधानसेनापति शर्माले खोकना मुआब्जा समस्या समाधानका लागि रक्षामन्त्री नेतृत्वको समितिले काम गरिरहेको, विभिन्न विकल्पमा विचार भइरहेको र छिट्टै रिपोर्ट आउने जानकारी गराए। तर, अहिलेकै परिस्थितिमा पनि ०८३ भित्रै काठमाडौंबाट गाडी निजगढमा निकाल्न कोसिस गरिरहेको शर्माले सुनाए। '०८३ मा काठमाडौंबाट पिच गरेर एकदम सिँगार्न नसके पनि गाडी निजगढमा निकाल्न सकिन्छ कि भन्ने कोसिस गरिरहेका छौं। त्यति गर्दा भने पनि सफल हुन्छौं। सिँगार्न अरू २-३ वर्ष समय लाग्ला,' उनले भने, 'गाडी काठमाडौंबाट निजगढमा निकाल्न सकियो भने मात्रै पनि ठूलो कुरो हुन जान्छ।'

कांग्रेस सांसद गगन थापाले अहिलेकै गतिमा ०९० सम्म पनि फास्ट ट्र्याक नसकिने भन्दै प्रक्रियागत झन्झट पन्छाउन प्रधानमन्त्री, मुख्यसचिव, रक्षामन्त्री, वनमन्त्रीलगायत सम्बन्धित निकायसँग छलफल चलाउनुपर्ने र कार्यसूची बनाउनुपर्ने प्रस्ताव राखे। एमालेका रघुजी पन्तले पनि सम्बन्धित सबै सरकारी निकायलाई निर्माणमा जिम्मेवार बनाउनुपर्ने धारणा राखे। रास्वपाका रवि लामिछानेको सबै निकायको समन्वयमा कार्ययोजना बनाएर फ्लोअप गर्नुपर्ने रायपछि समिति सरकारी असहयोग हटाउन पहल गर्ने निष्कर्षमा पुगेको छ।

सरकारलाई समितिको निर्देशन- प्रभावकारी सहजीकरण गर्नू

राज्य व्यवस्था तथा सुशासन समितिले लक्ष्यअनुसार फास्ट ट्र्याक सकाउन प्रभावकारी सहजीकरणका लागि सरकारलाई निर्देशन दिएको छ। बैठकको निर्णय सुनाउँदै सभापति रामहरि खतिवडाले फास्ट ट्र्याकको विभिन्न चरणमा आवश्यक पर्ने अन्तरनिकाय समन्वयको सहजीकरणका लागि आवश्यक सहयोग उपलब्ध गराउन प्रधानमन्त्री कार्यालयसमेतलाई निर्देशन दिएका हुन्। समितिले पूरक वातावरणीय प्रभाव मूल्यांकन (एसइआइए) समयसीमा तोकी उक्त अवधिभित्र स्वीकृत गरी रुख कटान तथा जग्गा प्राप्तिलगायतका कार्यलाई समयमै सम्पन्न गर्न आवश्यक सहजीकरण गरिदिन वन र अर्थ मन्त्रालयलाई निर्देशन दिएको छ। त्यस्तै, प्राविधिकलगायत सहयोग समयमै उपलब्ध गराउन भौतिक पूर्वाधार मन्त्रालयको ध्यानाकर्षण गराएको छ। समितिले समयमा काम सक्न प्रधानमन्त्री, सम्बन्धित मन्त्री, मुख्यसचिव, सचिवलगायतसँग छलफल गर्न सेनालाई पनि निर्देशन दिएको छ। सभापति खतिवडाले निर्देशन दिएका छन्, 'सेनाले फास्ट ट्र्याक समयसीमाभित्रै सम्पन्न गर्नका लागि प्रधानमन्त्री, उपप्रधानमन्त्री तथा रक्षामन्त्री, वन तथा वातावरणमन्त्री, भौतिक पूर्वाधार तथा यातायातमन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री, मुख्यसचिव र सम्बन्धित मन्त्रालयका सचिवहरूसँग छलफल गर्ने।'

दलहरूको...

पृष्ठ १ बाट क्रमशः

दलका कार्यक्रमका लागि पटक-पटक संसद् बैठक स्थगित गर्दै आएका छन्। गत १७-२१ साउनमा बसेको माओवादी केन्द्रीय समिति बैठकका लागि एक सातासम्म प्रतिनिधिसभा बैठक स्थगित गरिएको थियो। कार्यव्यवस्था परामर्श समितिमा माओवादी प्रमुख सचेतक हितराज पाण्डेले केन्द्रीय समिति बैठकका लागि सदन स्थगित गर्न प्रस्ताव गरेपछि १६ साउनमा सूचना टाँसेर २२ साउनसम्मको लागि बैठक स्थगित गरिएको थियो। त्यस्तै, महाधिवेशनको एक वर्षपछि गत २-१० साउनमा बसेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकका लागि पनि सदन स्थगित गरिएको थियो। कांग्रेस संसदीय दलको प्रस्तावमा कार्यव्यवस्था परामर्श समितिले निर्णय गरेपछि ३१ असारदेखि १० साउनसम्मलाई प्रतिनिधिसभा बैठक स्थगित गरिएको थियो। एमाले केन्द्रीय समिति बैठकका लागि पनि गत २८-३० वैशाखमा सदन बन्द गरियो। एमाले बैठकका लागि प्रतिनिधिसभा र राष्ट्रिय सभा दुवैको बैठक स्थगित गरेर जेठमा सारिएको थियो।

यी केही उदाहरण मात्रै हुन्। सबै दलका प्रतिनिधि सदस्य सहभागी भई सदन सञ्चालन प्रभावकारी बनाउने कार्यव्यवस्था परामर्श समितिबाटै पार्टीका बैठकका लागि सदन स्थगित गर्ने निर्णय हुने गरेको छ। जनता समाजवादी पार्टीका प्रमुख सचेतक प्रदीप यादव ठूला दलहरूबाट पार्टीको कार्यक्रममा सहभागी हुनुपर्ने भन्दै संसद् बैठक स्थगित गर्न कार्यव्यवस्थामा प्रस्ताव आउने गरेको र सभामुखले सहजै मानिदिने गरेको बताउँछन्। 'ठूल्दूला दलले पार्टीको बैठक छ भनेपछि सभामुखले सदन स्थगित गरिदिनुहुन्छ। दलहरूले सदनको कामकारबाही प्रभावित हुने गरी बैठक राख्ने हुँदैन। सदनको समय मिलाएर राख्नुपर्ने हो। तर, अहिले सभामुखले ठूलो पार्टीको सजिलोका लागि सदन नै बन्द गरिदिने स्थिति छ,' यादवले भने। साना दलले अनुरोध गर्दा भने सभामुखले सदन स्थगित गर्न नमान्ने गरेको उनको आरोप छ। 'हाम्रो पार्टीको केन्द्रीय समिति बैठकको समयमा अनुरोध गर्दा भने सभामुखले मान्नुभएन,' उनले भने। तीन महिनाअघि जसपाको केन्द्रीय समिति बैठक बसेको थियो।

कांग्रेस सांसद तथा संसद्को राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडा पार्टीको कार्यक्रमका लागि सदन स्थगित गर्नु संसद्प्रतिको अपमान भएको, तर यो परम्परा बनेको बताउँछन्। 'यसमा साह्रै अप्ठ्यारो भएको छ। सदन चल्ने वेला कहिले राप्रपाको मिटिङ हुने, कहिले कांग्रेसको, कहिले एमालेको हुने र यसले सदन स्थगित गर्नुपर्ने परम्परा बन्यो, यसले साह्रै अप्ठ्यारो हुने भयो। संसद् चल्न नै अप्ठ्यारो हुने गरी हाम्रा सिनियर नेताहरू पार्टीको कार्यक्रममा व्यस्त हुन्छन्।' एमालेको पछिल्लो मध्यपहाडी संकल्प यात्राले राज्य व्यवस्था समिति बैठक पनि राख्न नसकिएको उनले सुनाए।

एक महिनादेखि अधिवेशनभर पनि अनुपस्थित भए सांसद

बिरामी तथा अन्य व्यस्ततालाई कारण देखाएर सांसदहरू एक महिना, तीन महिना वा सिंगो अधिवेशनभर पनि अनुपस्थित रहे। एकजना अधिवेशनभर, अर्का एक तीन महिना, सातजना दुई महिना र ३६ जना एक महिनाभर अनुपस्थित भए।

महिला सांसदको उपस्थिति बढी

हाजिरी विवरणअनुसार सदनमा नियमित उपस्थित हुनेमा महिला सांसद बढी छन्। शतप्रतिशत उपस्थित हुने १० मध्ये सात सांसद महिला नै छन्। त्यस्तै, कुल ९२ महिला सांसदमा ७१ (७७%)को उपस्थिति ८० प्रतिशतभन्दा बढी छ। तीनजनाबाहेक सबैको ५० प्रतिशतभन्दा बढी उपस्थिति छ। पुरुषतर्फ कुल १८३ सांसदमा सभामुखसहित तीनजनाको मात्र शतप्रतिशत उपस्थिति छ भने ८० प्रतिशतभन्दा बढी सदन पुग्नेमा ८६ जना (४७%) छन्। ५० प्रतिशत उपस्थिति कटाउने पुरुष सांसद १६३ जना छन् भने २० जना ५० प्रतिशतभन्दा बढी समय अनुपस्थित रहेको विवरणले देखाउँछ।

सांसदले उठाएका मुद्दा सुन्नुपर्ने मन्त्रीहरू नै अनुपस्थित

सदन चलिरहँदा सांसदले उठाएका कुरा सुन्न मन्त्री उपस्थित हुनैपर्छ। संसद् सचिवालयको हाजिरी विवरणअनुसार प्रधानमन्त्री प्रचण्ड २५, उपप्रधानमन्त्री पूर्णबहादुर खड्का २७, मन्त्रीहरू अनिता देवी ५१, धनराज गुरुङ ४९, प्रकाश ज्वाला ४५, सुरेन्द्रराज आचार्य ४३, वीरेन्द्रप्रसाद महतो ४१, अशोककुमार राई ३९, शक्तिबहादुर बस्नेत र रेखा शर्मा ३७, सीता गुरुङ ३६, महिन्द्रराय यादव ३५, मोहनबहादुर बस्नेत र सुशीला सिर्पाली ठकुरी ३४, रञ्जिता श्रेष्ठ ३३, एनपी साउद र डिगबहादुर लिम्बू २९, शरत् सिंह भण्डारी र प्रकाशशरण महत २७ तथा सुदन किराँती र रमेश रिजाल २५ दिन उपस्थित भएका छन्। राष्ट्रिय सभा सदस्य हुँदै मन्त्री भएका नन्दा चपाई ३४, डा. बेदुराम भुसाल र प्रमिला कुमारीको १७ दिन उपस्थिति छ। राष्ट्रिय सभाकै सदस्य उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको उपस्थिति प्रतिनिधिसभामा सबैभन्दा कम रहेको विवरणले देखाउँछ।

सरकारी सेवा...

पृष्ठ १ बाट क्रमशः

समीक्षा र मूल्यांकन हुन्छ।' सरकारको कामकारबाही परिष्कृत गर्दै नयाँ ढंगले अघि बढ्ने उनको संकेत थियो। बुधबारको बैठकमा कृषिमन्त्री डा. बेदुराम भुसालले कृषिका सात प्राथमिकता निर्धारण गर्नुपर्ने बताए। नदी प्रणालीलाई जोडेर सतही सिँचाइको प्रबन्ध, उत्पादनशील बिउको व्यवस्थापन र किसानलाई साक्षरता, मलमा आत्मनिर्भरता, यान्त्रिकीकरण, बजार व्यवस्थापन, कृषिमा आधारित उद्योगको विकास र प्राविधिक जनशक्ति उत्पादनमा जोड दिएर कृषि क्षेत्रको उत्पादकत्व बढाउनुपर्ने उनको भनाइ थियो। त्यस्तै, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठ चौधरीले भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोवासी, हरूवाचरुवालगायतका समस्या सम्बोधनमा मन्त्रालयले पहल लिइसकेको जानकारी गराएकी थिइन्। बैठकमा मुख्यसचिव डा. वैकुण्ठ अर्यालले कृषि क्षेत्रको उत्पादकत्व बढाउन तथा भूमिको वैज्ञानिक व्यवस्थापन गर्न प्याकेज जरुरी भएको भन्दै राज्यका अनुसन्धानमुखी निकाय गम्भीर हुनुपर्ने बताए।

द्रुतमार्गको सुस्त...

पृष्ठ १ बाट क्रमशः

०८१ पुसमा सक्ने भनिएको आयोजनाको म्याद अहिले थप गरेर ०८३ चैतसम्म पुऱ्याइएको छ। यो म्यादअनुसार अब साढे तीन वर्षमा आयोजनाको ७१.४४ प्रतिशत काम सक्नुपर्नेछ। संशोधित दुई खर्ब नौ अर्ब ९१ करोड रुपैयाँ लागत अनुमान गरिएको यस आयोजनाको वित्तीय प्रगति २९.४४ प्रतिशत अर्थात् ५२ अर्ब ८६ अर्ब छ। आयोजनाले चालू आवमा सरकारबाट २२ अर्ब ५० करोड ३८ लाख विनियोजन गरेको छ, त्यसमा पहिलो त्रैमासमा दुई अर्ब २० करोड खर्च भएको सेनाले बताएको छ। यो वर्षको बजेटमा पुँजीगततर्फ २२ अर्ब ४३ करोड रुपैयाँ छुट्याइएको छ। चालू आवमा हालसम्मको वित्तीय प्रगति १०.८ प्रतिशत र भौतिक प्रगति ३२.६६ प्रतिशत रहेको बताइएको छ। राष्ट्रिय गौरवको यो आयोजना बनेपछि प्रतिघन्टा ६० देखि १०० किलोमिटरको गतिमा काठमाडौं-निजगढ यात्रा एक घन्टा दुई मिनेटमा गर्न सकिने जनाइएको छ।

६ प्याकेजको निर्माण नै सुरु भएन

निजगढदेखि सुरु भएर काठमाडौं उपत्यकाको खोकना (ललितपुर)मा जोडिने फास्ट ट्र्याकको निर्माणलाई सेनाले ११ क्लस्टरमा विभाजन गरी १३ प्याकेजमा निर्माण अघि बढाएको छ। त्यसमध्ये ६ प्याकेजको निर्माण अझै सुरु भएको छैन। सेनाको प्रतिवेदनअनुसार हालसम्म प्याकेज नम्बर १ देखि ७ सम्मको निर्माण सुरु भएको छ, त्यसमा कुनै पनि प्याकेज सम्पन्न भएको छैन। त्यसबाहेक प्याकेज नम्बर ८(क), ८(ख), ९(क), ९(ख), १० र ११ को निर्माण सुरु भएको छैन। यीमध्ये प्याकेज ८(क), ८(ख), ९(क), ९(ख) र १० को टेन्डर प्रक्रिया अघि बढेको छ। तर, खोकना खण्ड (प्याकेज ११) को भने टेन्डरसमेत आह्वान भएको छैन।

सुरुङ र पुलमा कस्तो छ प्रगति ?

परियोजनाअन्तर्गत ६ ठाउँमा कुल १०.०५ किलोमिटर लामो सुरुङ बन्दै छन्। त्यसमा ३.३५ किलोमिटरको महादेवटार, १.६३ किलोमिटरको धेद्रे र १.४३ किलोमिटरको लेनडाँडाको सुरुङ निर्माणमा छन्। कुल ६.४१ किलोमिटरको उक्त तीन सुरुङमार्गको भौतिक प्रगति ५६ प्रतिशत छ। महादेवटारमा १.६४ किलोमिटर, धेद्रेमा ०.९५ किलोमिटर र लेनडाँडामा ०.९९ किलोमिटर सुरुङ खनिएको छ। यसबाहेक एक किलोमिटरको देवीचौर, ०.३९ किलोमिटरको सिसौटार र २.२५ किलोमिटरको चन्द्राम भिर सुरुङमार्ग निर्माण भने सुरु भएको छैन। त्यस्तै, सेनाकै प्रतिवेदनअनुसार २७ पुलको निर्माण सुरु भएको छैन। आयोजनामा कुल १२.८८ किलोमिटरको ८९ पुल निर्माण हुनुपर्छ। हालसम्म ६२ पुल निर्माणाधीन छन्। बाँकी २७ मध्ये २३ वटा पुल निर्माणको खरिद प्रक्रियामा छन्। खोकना खण्डमा बन्ने चार पुल निर्माणका लागि टेन्डर आह्वान नै भएको छैन।

४०६ रोपनी जग्गाको मुआब्जा दिन बाँकी

आयोजनामा व्यक्तिगततर्फको ४०६ रोपनी जग्गाको मुआब्जा दिन बाँकी छ। आयोजनामा १५ हजार ४१६ रोपनी जग्गा पर्छ। त्यसमा १० हजार २४४ रोपनी सरकारी र पाँच हजार १७२ रोपनी व्यक्तिगत जग्गा छन्। त्यसमा व्यक्तिगततर्फ हालसम्म चार हजार ७६६ रोपनी जग्गाको मुआब्जा दिइएको छ। अब खोकना-बुडमती खण्डको ३९ रोपनी, मकवानपुरको १२ रोपनी र काठमाडौंको चार रोपनी जग्गाको मुआब्जा दिन बाँकी छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा प्रा.फ.नं.घ.उ.वि. १३७७९/०७४/०७५ अन्तर्गत मिति २०७५/०१/०३ मा, प्राइमेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको कास्की जिल्ला, पोखरा लेखनाथ म.न.पा. वडा नं. ६ स्थित **अट्रिपिकल फेमिलि रेष्टुरेण्ट** **प्रोप्राईटर तथा जमानीकर्ता: दिवस लामिछाने** स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : दिनेश बहादुर लामिछाने बाजे : अकल बहादुर लामिछाने	**२) दिवस लामिछाने** स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : दिनेश बहादुर लामिछाने बाजे : अकल बहादुर लामिछाने

जमानीकर्ताहरुको विवरण

१) इन्द्रा लामिछाने	२) दिनेश बहादुर लामिछाने	३) माया पराजुली	४) गंगा लामिछाने
स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना:कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : धन बहादुर थापा ससुरा: अकल बहादुर लामिछाने पति : दिनेश बहादुर लामिछाने	स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना:कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : अकल बहादुर लामिछाने बाजे : रण बहादुर लामिछाने	स्थायी ठेगाना: कास्की जिल्ला, चापाकोट गा.वि.स. वडा नं. ६ हालको ठेगाना:कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : तारानाथ पराजुली ससुरा: दिनेश बहादुर लामिछाने पति : दिवस लामिछाने	स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना:कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : दिनेश बहादुर लामिछाने बाजे : अकल बहादुर लामिछाने

धितोको विवरण

१) रण बहादुर लामिछानेको नाती, अकल बहादुर लामिछानेको छोरा कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बस्ने दिनेश बहादुर लामिछानेको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ स्थित कित्ता नं. १४५ को क्षेत्रफल ३२२.६० (ब.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) अट्रिपिकल फेमिलि रेष्टुरेण्टको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण	धितोको विवरण
३) माया पराजुली स्थायी ठेगाना : कास्की जिल्ला, चापाकोट गा.वि.स. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : तारानाथ पराजुली ससुरा : दिनेश बहादुर लामिछाने पति : दिवस लामिछाने	

	ऋणीको विवरण	धितोको विवरण
२)	**विजय विश्वकर्मा** ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.११ बाबु : जीवन कुमार विश्वकर्मा बाजे : चन्द्र बहादुर विश्वकर्मा	चन्द्र बहादुर विश्वकर्माको नाति, जीवन कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.११ बस्ने विजय विश्वकर्माको नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, हरैचा गा.वि.स वडा नं.०५ क स्थीत कित्ता नं. ४२४८ को क्षेत्रफल ०-०-९-२ (बिगाहा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) जीवन कुमार विश्वकर्मा	२) सान्ति गजमेर	३) रबिना गदाल
स्थायी ठेगाना : सुनसरी जिल्ला, धरान न.प. वडा नं.१६ हालको ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.११ बाबु : चन्द्र बहादुर विश्वकर्मा बाजे : अज विर विश्वकर्मा	स्थायी ठेगाना : सुनसरी जिल्ला, धरान न.पा. वडा नं.१५ हालको ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.११ बाबु : टिकाराम गजमेर (विश्वकर्मा) ससुरा: चन्द्र बहादुर विश्वकर्मा पति : जीवन कुमार विश्वकर्मा	स्थायी ठेगाना : सुनसरी जिल्ला, हासपोसा गा.वि.स वडा नं.०२ हालको ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.११ बाबु : शिव कुमार विश्वकर्मा ससुरा : जीवन कुमार विश्वकर्मा पति : विजय विश्वकर्मा

	ऋणीको विवरण	जमानीकर्ताको विवरण
३)	नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा प्रा.फ.र.नं. १२१८८२/०७१/७२, स्थानीय व्यापार अन्तर्गत मिति २०७२/०१/०३ मा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९, कपुरधारा स्थित **ध्रु. बि. फ्रेस मिट सप** **प्रोप्राइटर तथा जमानीकर्ता: ध्रुवराज उपाध्याय** स्थायी ठेगाना: कालिकोट जिल्ला, मेहलमुडी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९, कपुरधारा बाबु : पशुपति उपाध्याय बाजे : कालु प्रसाद उपाध्याय	**शान्ता देवि उपाध्याय** स्थायी ठेगाना : कालिकोट जिल्ला, मेहलमुडी गा.वि.स. वडा नं. ८ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९, कपुरधारा बाबु : जयप्रसाद उपाध्याय ससुरा : पशुपति उपाध्याय पति : ध्रुवराज उपाध्याय

धितोको विवरण

१) कालु उपाध्यायको नाती, पशुपति उपाध्यायको छोरा, कालिकोट जिल्ला, मेहलमुडी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९, कपुरधारा बस्ने ध्रुवराज उपाध्यायको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर गा.वि.स. वडा नं. ९ घ (हाल: टिकापुर न.पा. वडा नं. ९) स्थित कित्ता नं. २५१ को क्षेत्रफल ३३८.६३ (व.मि.)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) ध्रु. बि. फ्रेस मिट सपको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills &Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण	धितोको विवरण
४) समीउल्लाह तेली स्थायी ठेगाना : रुपन्देही जिल्ला, धकधई गा.पं. वडा नं ७ हालको ठेगाना : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं ३ बाबु : टासे तेली बाजे : रजाक तेली	रजाक तेलीको नाती, टासे तेलीको छोरा, रुपन्देही जिल्ला, धकधई गा.पं. वडा नं ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं ३ बस्ने समीउल्लाह तेलीको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं ७ क (हाल रोहिणी गा.पा. वडा नं ३) स्थित कित्ता नं. ७३३ र ७३५ को क्षेत्रफल क्रमशः १७८.७९ र २११.६५ (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) शहरे आलम तेली	२) नुरआलम तेली समानी	३) खुसनामा निसा
स्थायी ठेगाना : रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं ७ हालको ठेगाना : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं ३ बाबु : समीउल्लाह तेली बाजे : टासे तेली	स्थायी ठेगाना : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं ३ बाबु : समीउल्लाह तेली बाजे : टासे तेली	स्थायी ठेगाना : रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं ७ हालको ठेगाना : रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं ३ बाबु : मोलिन तेली ससुरा : टासे तेली पति : समीउल्लाह तेली

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com

थप जानकारीको लागि QR Code Scan गर्नुहोला ।

यस बैंकको गैर बैंकिङ सम्पत्तिको रूपमा रहेको अचल सम्पत्ति (घर/जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति : २०८०/०९/०५

यस विकास बैंकको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लिखित गैर बैंकिङ सम्पत्ति (घर/जग्गा)बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्नको लागि १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त सम्पत्ति (घर/जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात् लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वरमा आईपुग्ने गरि गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ।

तपसिल

सि.नं.	घर/जग्गा धनीको विवरण	गैर बैंकिङ सम्पत्तिको विवरण
१.	**कामना सेवा विकास बैंक लि.** ठेगाना : काठमाडौं महानगरपालिका वडा नं. ३० ज्ञानेश्वर काठमाडौं।	१.मालपोत कार्यालय टीकापुर,कैलालीमा दर्ता श्रेष्ठा कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा)।

ठेगाना	नक्सा सिट	कित्ता नं.	क्षेत्रफल (बि/व.मि)
टिकापुर नगरपालिका-९, कैलाली	९च	४५४	०-०-०-० (५३८.२६)
		४८७	०-०-०-० (२४८.७९)

साथै सम्पूर्ण लिगलगापात समेत।

धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु:

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ। बोलपत्रमा बोलपत्रदाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
बिहीबार ५ पुस ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

नेपाल सुपर लिग

झापाको प्ले अफ सम्भावना जीवितै

रमेश सुवेदी/नयाँ पत्रिका

स्ट्राइकर अञ्जन विष्ट चम्किएपछि झापाले साबिक उपविजेता धनगढी एफसीलाई २-० ले हराउँदै दोस्रो संस्करणको नेपाल सुपर लिग (एनएसएल)को प्ले अफ सम्भावना जीवितै राखेको छ। दशरथ रंगशालामा अपराजित रहेको धनगढीमाथि झापाको रोमाञ्चक जितमा अञ्जन र समीराज थोकरले गोल गरेका थिए। झापालाई हराउँदा वा बराबरीमा रोक्दा पनि धनगढी शीर्ष स्थानमा रहँदै प्ले अफमा पुग्ने थियो। तर, अञ्जन र समीराजको एक-एक गोलमा धनगढीको शीर्ष चारमा पुग्ने योजना पूरा भएन। दोस्रो जितपछि झापाको प्ले अफको सम्भावना यथावत् छ। जितले झापा शीर्ष चारमा उक्लिएको छ।

साबिक विजेता काठमाडौं रेजर्स पाँचौं स्थानमा झर्‍यो। झापाले अन्तिम खेल चितवनसँग खेल्नेछ। झापाका मार्की तथा कप्तान अञ्जनले चितवनसँगको अन्तिम खेल जित्न खेल्ने बताएका छन्। 'धनगढीविरुद्धको जितले उत्साहित छौं। चितवनसँगको अन्तिम खेल फाइनलजस्तै हुनेछ,' जारी लिगमा पहिलो गोल गरेका अञ्जनले भने, 'धनगढीमाथिको जितले टोलीमा आत्मविश्वास बढाएको छ।' झापाले सातमध्ये दुई खेलमा जित, चार बराबरी र एक खेलमा हार बेहोरेको छ। प्रतियोगिताका सातमध्ये अञ्जनले पाँच खेल खेलेका छन्। दोस्रो खेलमा पोखरा थन्डर्सविरुद्ध ७०औं मिनेटमा उनी अचेत भएका थिए। त्यसपछि उनले काठमाडौं र वीरगन्जविरुद्ध खेलेनन्।

धनगढीको अपराजित यात्रा समाप्त

लिगमा धनगढी सातौं खेलमा पराजित भयो। यद्यपि, धनगढी दोस्रो स्थानमा यथावत् छ।



धनगढीको प्रदर्शन	
नतिजा	टोली
२-१	वीरगन्ज
१-०	बुटवल लुम्बिनी
०-०	ललितपुर सिटी
२-२	इलाम
१-०	चितवन
१-१	काठमाडौं
०-२	झापा

झापाको प्रदर्शन	
नतिजा	टोली
०-१	इलाम
१-१	पोखरा
०-०	काठमाडौं
०-०	वीरगन्ज
१-०	बुटवल लुम्बिनी
०-०	ललितपुर सिटी
२-०	धनगढी

पहिलो हार बेहोरेको धनगढीले अघिल्ला ६ खेलमा तीन जित र तीन बराबरी खेलेको थियो। अन्तिम खेलमा धनगढीले प्ले अफमा पुगेको पोखरासँग खेल्नेछ। धनगढीका प्रशिक्षक युगलकिशोर राईले आफ्ना खेलाडीले राम्रो प्रदर्शन गर्न नसकेको र अन्तिम खेलबाट प्ले अफमा स्थान बनाउने बताए। 'हामीले खेल्नै सकेनौं। ठीकविपरीत झापाले राम्रो खेल्यो। हामी ११ खेलाडी थियौं। झापाले सातजना हुँदा पनि सहजै हामीलाई हराउने खेल खेल्यो,' राईले भने, 'अन्तिम खेल सम्हालिएर खेल्छौं।' खेलमा इन्जुरी समयसहित समग्रमा अन्तिम २० मिनेट झापा १० खेलाडीमा सीमित भएको थियो। तर, धनगढीले फाइदा उठाउन सकेन। खेलको ७९औं मिनेटमा अमेरिकन खेलाडी धीरज थातलीले सीधै रातो कार्ड पाउँदै मैदान छाडे। मैदानको मध्यभागमा उनले धनगढीका साइमन लिम्बूमाथि खतरनाक ट्याकल गरेपछि भारतीय रेफ्री राम दासनले सीधै रातो कार्ड देखाए।

सार्तौं खेलमा मार्की तथा कप्तान अञ्जन विष्टको प्रेरणादायी प्रदर्शनमा पहिलोपटक नेपाल सुपर लिग खेलिरहेको झापा एफसी शीर्ष चारभित्र समावेश

अञ्जनको अग्रता

खेलको ५३औं मिनेटमा अञ्जनले उत्कृष्ट हेडिङ गोल गरेका थिए। छिरिङ लामाको पासमा अञ्जनले गोलरक्षक टाहालाई छेक्न अवसर नदिई गोल गरे। खेलको ७७औं मिनेटमा वैकल्पिक खेलाडी समीराजले झापालाई २-० को अग्रता दिलाए। झापाका वैकल्पिक खेलाडी प्रदीप लामाले निकालेको पासमा सान्चेजले टाहालाई बिट गर्दै बल प्रहार गरे। गोलपोस्टमा अनमार्कमा रहेका समीराजले गोललाइनतर्फ सहजै गोल गरे। जितपछि झापाका स्पेनिस प्रशिक्षक ओरिओल मोहेदानो सेगुराले खेलाडीको प्रदर्शनमा सन्तुष्ट हुने स्थान रहेको र अन्तिम खेल जित्न खेल्ने प्रतिक्रया दिए।

प्रधानमन्त्री कप खेल्न उत्साहित महिला क्रिकेटर

राउन्ड रोबिनअनुसार सहभागी प्रत्येक टोलीले सात खेल खेल्नेछन्, खेलाडीलाई धेरै खेलको अनुभव बटुल्ने अवसर

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले पहिलोपटक प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिता राउन्ड रोबिन पद्धतिमा आयोजना गर्दै छ। बिहीबारदेखि सुरु हुने प्रतियोगितमा सात प्रदेश र विभागीय टोलीले भाग लिनेछन्। राउन्ड रोबिनअनुसार आयोजना हुँदा सहभागी खेलाडी उत्साहित छन्। अघिल्ला संस्करणमा समूह चरण विभाजन भएको थियो। जसमा सेमिफाइनल र फाइनल फर्म्याट रहेको थियो। फाइनल पुग्ने टोलीले धेरैमा पाँच खेल खेल्न पाउन्थ्यो। तर, राउन्ड रोबिनमा एक टोलीले कम्तीमा पनि सात खेल खेल्नेछ।



तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

फाइनल पुग्ने टोलीले नौ खेल खेल्नेछ। क्यानले यो प्रतियोगितापछि फेब्रुअरीमा आयोजना हुने टी-२० क्रिकेट प्रतियोगितालाई सहयोग मिल्ने जनाएको छ। एपिएफ क्लबकी कप्तान सीता रानामगरले पहिलोपटक राउन्ड रोबिनमा आयोजना हुँदा नयाँ खेलाडीले अवसर पाउने बताइन्। 'पहिलोपटक यो पद्धतिमा खेल आयोजना हुँदै छ। लामो समय खेल्न पाउँदा सुधार गर्न पनि पाइन्छ,' उनले भनिन्, 'साथै नयाँ खेलाडीले पनि अवसर पाउँछन्।'

कोशी प्रदेशकी कप्तान रुविना क्षेत्रीले धेरै खेल खेल्न पाउने हुँदा खुसी जनाइन्। 'यस्तो प्रतियोगितामा धेरै खेल खेल्न पाइन्छ, पहिले एक-दुई खेल मात्रै हुन्थ्यो, तर लामो समय खेल्दा राष्ट्रिय टोलीको प्रदर्शनमा सुधार हुँदै जानेछ,' उनले भनिन्। तालिकाअनुसार शीर्ष दुई टोलीले पहिलो क्वालिफायर खेल्नेछन्। विजेता टोली फाइनलमा पुग्नेछ भने पराजित टोलीले दोस्रो क्वालिफायरमा अवसर पाउनेछ।

क्यानले प्रतियोगिता कीर्तिपुरस्थित त्रिवि र मूलपानीको माथिल्लो मैदानमा आयोजना गर्दै छ। प्रतियोगिता १७ पुससम्म सञ्चालन हुनेछ। बागमती प्रदेशकी कप्तान अस्मिना कर्माचार्यले पछिल्लो महिनादेखि तयारी भएको बताउँदै नयाँ चुनौतीको सामना गर्न तयार रहेको बताइन्। 'पछिल्लो महिनादेखि तयारी सुरु गरेका हौं, केही खेल पनि खेलेका छौं,' उनले भनिन्, 'अनुभव राम्रो बटुलेका छौं, यसलाई सही सदुपयोग गर्नेछौं।'

खेल संक्षेप

नेपाली खेलाडीलाई चार स्वर्ण

काठमाडौं/ भारतको देहरादुनमा भएको सातौं अन्तर्राष्ट्रिय तेक्वान्दो च्याम्पियनसिपमा नेपाली खेलाडीले चार स्वर्णसहित ११ पदक जितेका छन्। नेपाली खेलाडीले चार स्वर्णका साथै थप तीन रजत र चार कांस्य पनि जितेका हुन्। पुरुष ४५ केजीमुनि वृजेश रायमाझी, ३२ केजीमुनि रघुनाथ भण्डारी, ५० केजीमुनि सोफिक बराइली र ४५ केजीमुनि सुजित कार्कीले स्वर्ण जिते। आभास डिओले पुरुष ३२ केजीमुनि र एकल पुम्सेमा गरी दुई रजत जिते भने ३७ केजीमुनि सोहन तामाङले रजत हात पारे।

राष्ट्रपति रनिङ सिल्ड सुरु

जुम्ला/ १४औं राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता तातोपानी गाउँपालिका- ४ हाँकुचौरमा बुधबारदेखि सुरु भएको छ। पहिलो दिन ज्याभलिङ थ्रो, लम्डजम्प र ट्रिपलजम्प भए। छात्रतर्फ सटपुटमा कनकासुन्दरी गाउँपालिकाका सुवास बुढाले ललली महरीलाई निराश पार्दै पहिलो भए। छात्रातर्फ तिला गाउँपालिकाकी करिश्मा थापा पहिलो भइन्। ज्याभलिङ थ्रोमा छात्रातर्फ हिमाकी मञ्जु अधिकारी पहिलो भइन्।

सुष्माले रमिसालाई हराइन्

काठमाडौं/ नेपाल बक्सिङ महासंघको आयोजनामा पेरिस ओलम्पिकअन्तर्गत पहिलो छनोट चरण खेल बुधबार सकिएको छ। प्रतियोगिताको अन्तिम दिन बुधबार महिलातर्फ ५० केजी तोल समूहमा नक्साल बक्सिङ क्लबकी सुष्मा तामाङले स्पिलिट डिसिजनका आधारमा स्विट बक्सिङ क्लबकी रमिसा श्रेष्ठलाई हराइन्। यसैगरी, ५४ केजी तौल समूहमा बक्समान्डकुकी अञ्जनी तेलीले नेपाली सेनाकी वर्षा श्रेष्ठलाई युनानिमस डिसिजनका आधारमा हराइन्।

पुरुषतर्फको खेलमा ५१ केजी तौल समूहमा पुलिसका चन्द्रबहादुर थापाले नेपाली सेनाका सुशील थापालाई स्पिलिट डिसिजनका आधारमा हराएका छन्। यसैगरी, ५७ केजी तौल समूहमा सेनाका प्रेम चौधरीले भाइब बक्सिङ क्लबका निरञ्जन मोक्तानलाई स्पिलिट डिसिजनका आधारमा पाखा लगाए। ७१ केजी तौल समूहमा सेनाका दानबहादुर दर्लामीले भूपू बक्सिङ क्लबका निशान गुरुङलाई युनानिमस डिसिजनका आधारमा पराजित गरेका छन्।



नेपाल बक्सिङ महासंघका महासचिव मानबहादुर भण्डारीका अनुसार बक्सिङको विश्व क्वालिफाइङ प्रतियोगिता २०२४ को २८ अप्रिलदेखि १२ मार्चसम्म हुनेछ। पहिलो चरणबाट महिलामा दुई र पुरुषमा तीन खेलाडी छनोट भएका छन्।

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका

ऋणीहरूलाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८०/०९/०५, नयाँ पत्रिका)

यस बैंकबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरूले प्राप्त गर्नुभएको व्यक्तिगत कर्जा, क्रेडिट कार्ड कर्जा तथा बैंकिङ सुविधा बापत यस बैंकसँग गर्नु भएको सम्झौताको शर्त बमोजिम समय समयमा यस बैंकलाई किस्ताबन्दी रूपमा तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा र सोको ब्याज रकम नबुझाउनु भएको तथा सो कर्जाको साँवा तथा ब्याज रकम यस बैंकलाई तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रूपमा तरताकेता गर्दा समेत बेवास्ता गरि तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले तपाईंहरूले यस बैंकबाट प्राप्त गर्नु भएको सम्पुर्ण कर्जाको साँवा र ब्याज रकम चुक्ता भुक्तान गर्न आउनु भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत : यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको बानेश्वर, काठमाण्डौ स्थित मुख्य कार्यालयको ऋण असुली विभागमा सम्पर्क राखी सो ऋणकर्जाको सम्पूर्ण साँवा तथा सोमा बैंकको नियमानुसार लाग्ने ब्याज, जरिवाना, शुल्क आदि समेत चुक्ता फछ्यौंट गर्न गराउन हुन सुचित गरिन्छ । अन्यथा, प्रचलित कानुन बमोजिम तपाँईहरूबाट कर्जा असुलीको लागि आवश्यक कानुनी कारबाही अगाडि बढाउनुका साथै तपाँईहरूको तीन पुस्ते सहितको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न आवश्यक प्रकृया अगाडि बढाईने जानकारी गराउँदछौं ।

तपसिल

सि.नं.	ऋणीहरूको नाम,थर र वतन	कर्जाको प्रकार/ धितोको विवरण
१.	**ऋणी:** श्री पुस्कर राज देवकोटाको नाती, श्री ठाकुर प्रसाद देवकोटाको छोरा बर्दिया जिल्ला, भिम्मापुर वडा नं.८, राजपुर स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला सुर्यविनायाक न.पा. वडा नं. २ रोजमिलेज बस्ने वर्ष ३७ को **श्री विमल देवकोटा** (ना.प्र.न. १४६२१, जारी मिति २०६०/०७/२५, जि.प्र.का. बर्दिया)	व्यक्तिगत कर्जा
२.	**ऋणी:** श्री धन बहादुर कार्कीको नाती, श्री सहदेव कार्कीको छोरा काठमाण्डौ जिल्ला, दक्षिणकाली वडा नं. ५, सतीखेल स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ३७ को **श्री सुदिप कार्की** (ना.प्र.न. ४१८, जारी मिति २०६०/०४/०८, जि.प्र.का. काठमाण्डौ)	व्यक्तिगत कर्जा
३.	**ऋणी:** श्री गनी मोहम्मदको नाती, श्री ओसी अख्तरको छोरा रौतहट जिल्ला, राजपुर फरहदवा वडा नं.६, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ५, हाँडीगाँउ बस्ने वर्ष २७ को **श्री महम्मद अर्शद शेख** (ना.प्र.न. ३२–०१–७३–०१७२, जारी मिति २०७३/०१/२०, जि.प्र.का. रौतहट)	व्यक्तिगत कर्जा
४.	**ऋणी:** श्री करण आउजीको नाती, श्री जोगी आउजीको छोरा अछाम जिल्ला, कालागाउँ वडा नं.६, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १३, शंखमुल बस्ने वर्ष ३८ को **श्री नरेश आउजी** (ना.प्र.न. ६९१०४२/२११५२, जारी मिति २०६८/०४/०४, जि.प्र.का. अछाम)	व्यक्तिगत कर्जा
५.	**ऋणी:** श्री योगेन्द्र मिश्रको नाती, श्री तेज नारायाण मिश्रको छोरा महोत्तरी जिल्ला, लोहारपट्टी वडा नं.२, स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं. १३, कुसुन्ती बस्ने वर्ष ५४ को **श्री राकेश कुमार मिश्र** (ना.प्र.न. ५५५२३००४ जारी मिति २०४४/१०/०५, जि.प्र.का. महोत्तरी)	व्यक्तिगत कर्जा
६.	**ऋणी:** श्री केशवनाथ पौडेलको नाती, श्री विष्णु प्रसाद पौडेलको छोरा धनुषा जिल्ला, लक्ष्मीपुर वगेवा वडा नं.१, भगवतीपुर स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुरथिमी न.पा. वडा नं. १६, लोकन्थली बस्ने वर्ष ५७ को **श्री अजय कुमार पौडेल** (ना.प्र.न. ५४२४२६४० जारी मिति २०४४/०७/०१, जि.प्र.का. धनुषा)	व्यक्तिगत कर्जा
७.	**ऋणी:** श्री विरध्वज खड्काको नाती, श्री नन्द बहादुर खड्काको छोरा सिन्धुपाल्चोक जिल्ला, इर्खु वडा नं.१, स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा वडा नं. ८, कालिकाटोल बस्ने वर्ष ४० को **श्री माधव खड्का** (ना.प्र.न. १०४०१५, जारी मिति २०५६/१२/१५, जि.प्र.का. सिन्धुपाल्चोक)	व्यक्तिगत कर्जा
८.	**ऋणी:** श्री मन्जन गुरूङको नातीनी, श्री रत्न बहादुर गुरूङको छोरी, जस बहादुर गुरूङको श्रीमती चितवन जिल्ला, भरतपुर वडा नं.७, प्रेमबस्ति स्थायी ठेगाना भई हाल ऐ.ऐ.बस्ने वर्ष ४० की **श्री सिता गुरूङ** (ना.प्र.न. ११९५२, जारी मिति २०५८/१२/२८, जि.प्र.का. चितवन)	व्यक्तिगत कर्जा
९.	**ऋणी:** श्री लाल बहादुर लामाको छोरी, कल बहादुर तामाङको बुहारी, मान बहादुर तामाङको श्रीमती चितवन जिल्ला, भरतपुर वडा नं.७, कृष्णपुर स्थायी ठेगाना भई हाल ऐ.ऐ.बस्ने वर्ष ४५ की **श्री वि माया तामाङ** (ना.प्र.न. ३५७८५/०३४, जारी मिति २०५५/०५/३१, जि.प्र.का. चितवन)	व्यक्तिगत कर्जा
१०.	**ऋणी:** श्री किर्तीमान राईको नाती, श्री शुक्र बहादुर राईको छोरा इलाम जिल्ला, सिद्धस्थुम्का वडा नं.२, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला किर्तीपुर वडा नं. १७, बस्ने वर्ष ४४ को **श्री राम बहादुर राई** (ना.प्र.न. ५८७१०/३०१७, जारी मिति २०५७/०५/०५, जि.प्र.का. इलाम)	व्यक्तिगत कर्जा
११.	**ऋणी:** श्री चन्द्र बहादुर मगरको नाती, श्री यम बहादुर मगरको छोरा धनकुटा जिल्ला, मुढेबास वडा नं.७, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १०, अनामनगर बस्ने वर्ष ३२ को **श्री पुर्ण मगर** (ना.प्र.न. ०७१००२/५७६, जारी मिति २०६७/१२/०३, जि.प्र.का. धनकुटा)	व्यक्तिगत कर्जा
१२.	**ऋणी:** श्री पञ्च ध्वज राईको नाती,श्री दिप हरी राईको छोरा, ओखलढुङ्गा जिल्ला, बलेखु वडा नं ०१ , स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ल.पु.वडा नं ०१,धापाखेल बस्ने वर्ष ४१ को **श्री गितेन्द्र बाबु राई** (ना.प्र.न.४५६७१/५१, जारी मिति २०५८।०९।०८, जि.प्र.का. ओखलढुङ्गा)	क्रेडिट कार्ड कर्जा

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
सुर्खेत

विद्युतीय दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०९/०५

यस प्रदेश स्वस्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, सुर्खेतबाट तपसिल बमोजिमको कार्य विद्युतीय दरभाउपत्र (E-Sealed Quatation) को माध्यमबाट गराउनुपर्ने भएकोले इजाजत प्राप्त आपूर्तिकर्ताहरुबाट रितपुर्वक दरभाउपत्र आव्हान गरिएको छ। विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.bolpatra.gov.np/egp मा हेर्न हुन समेत सूचित गरिन्छ।

तपसिल

क्र. सं.	ठेक्का नं.	खरिद सम्बन्धी विवरण	फाराम दस्तुर रु.	जमानत रकम रु.	बोलपत्र जमानत मान्य अवधि	पेश गर्ने अन्तिम मिति र समय	खोलिने मिति र समय
१	PHLMC/KP/G/SQ -04/080/81	Procurement of Eye Equipment	१,०००/-	४७,०००/-	७५ दिन	२०८०/०९/२० १२:०० बजे	२०८०/०९/२० १४:०० बजे

निर्देशक

तनहुँ हाइड्रोपावर लिमिटेड
चुनदेवीमार्ग, महाराजगंज, काठमाण्डौं

एघारौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/०९/०५

सञ्चालक समितिको मिति २०८०/०९/०२ गते बसेको ११७ औं बैठकको निर्णय अनुसार यस कम्पनीको एघारौं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपशिल बमोजिमका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको उपस्थित तथा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

बार्षिक साधारण सभा हुने मिति, समय र स्थान :

मिति : २०८०।०९।२५ गते बुधबार। (तदनुसार १० जनवरी २०२४)

समय : बेलुका ५:३० बजे।

स्थान : नेपाल विद्युत प्राधिकरण, केन्द्रिय कार्यालय, दरबारमार्ग, काठमाण्डौ।

साधारण सभामा छलफल हुने विषय-सूची :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७९/०८० को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
२. लेखापरीक्षण प्रतिबेदन सहित आ.व. २०७९/०८० को वित्तीय विवरणहरु वासलात, नाफा/नोक्सान हिसाव तथा नगद प्रवाह विवरणमा छलफल गरी पारित गर्ने।
३. आ.व. २०८०।०८१ का लागि लेखापरीक्षक नियुक्ति सम्बन्धमा।
४. विविध।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com